# जबरजस्ती करणी  र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था, त्यसका कारण र असरहरूबारे अध्ययन

## प्रतिवेदन

प्रस्तुत

नेपाल सरकार
राष्ट्रिय महिला आयोग,
भद्रकाली प्लाजा, सिंहदरबार काठमाडौं

प्रस्तुत कर्ता

त्रिभुवन विश्वविद्यालय,
समाजशास्त्र केन्द्रीय विभागको सहकार्यमा
श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम
कीर्तिपुर, काठमाडौं

२०८१ असार

# कृतज्ञता

जबरजस्ती करणी  र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था, त्यसका कारण र असरहरू जस्तो समाजमा घटीरहने तर प्राय लुकेर बस्ने गहन सामाजिक समस्याका बिषयमा अनुसन्धानात्मक अध्ययन छोटो समयमा गर्नुपर्ने काम आफैमा चुनौतिपूर्ण थियो । यहि भएर होला राष्ट्रिय महिला आयोगले त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभागको सहकार्यमा सञ्चालन गर्ने गरी यो अध्ययनको जिम्वेवारी दिन त्रि.वि. श्रम अध्ययन स्नातकोत्तर कार्यक्रमलाई विश्वास गरेको । यो विश्वासकालागि अध्ययन समुह आयोग प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्न चाहान्छ । बिशेषत: आयोगका अध्यक्ष माननीय श्री कमला पराजुली र अन्य माननीय सदस्यज्यूहरू प्रति हामी आभारी छौ । हरेक पक्षमा सहयोग गर्नुहुने आयोगका सचिव श्री पार्वती अर्यालज्यू विशेष धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी सूचना अधिकारी श्री चन्द्रा थापा, प्रशासन र लेखा प्रमुखज्यूहरू र आयोगका अन्य पदाधिकारी सबैको सहयोग प्रति यो अध्ययन समुह धन्यवाद दिन चाहान्छ ।

अध्ययनको क्रममा तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउनु हुने नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा जेष्ठ नागरिक निर्देशनालयका प्रमुखज्यू लगायत सबैको सहयोग प्रशंसनीय छ । त्यसैगरी स्थलगत अध्ययनको क्रममा सम्पर्क गरिएका र अमुल्य सूचना र जानकारी दिनुहुने जिल्ला न्यायधिसज्यूहरू, जिल्ला सरकारी वकिलज्यूहरू, अस्पतालमा सञ्चालित OCMC प्रमुखज्यू तथा सूचना दाताहरू, जिल्ला प्रहरी कार्यलयका सम्बन्धित पदाधिकारीज्यूहरू सबैको सहयोग अमुल्य रहेको छ । यसैगरी सम्पर्क गरिएका अन्य निकायका सबै प्रति यो अध्ययन समुह हार्दिक धन्यवाद अर्पण गर्न चाहान्छ । त्यसै गरी अध्ययन समुहमा हरेक पक्षमा अथक परिश्रम गरी यो अध्ययन पुरा गर्न योगदान गर्नुहुने श्री ओमनाथ दहाल, श्री साजन बर्तौला, श्री यशोदा विष्ट लेखक र श्री अन्जु सुवेदीज्यूहरू पनि हृदयै देखिको धन्यवादका पात्र हुनुहुन्छ ।

डा. कमला देवी लामिछाने
डा. युवराज लुईंटेल
प्रा.डा. केशव प्रसाद अधिकारी

असार २०८१

# अध्ययन समुह

डा. कमला देवी लामिछाने, संयोजक, श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम र अध्ययन संयोजक

प्रा.डा. युवराज लुईटेल, विभागीय प्रमुख, समाजशास्त्र केन्द्रीय विभाग

प्रा.डा. केशव प्रसाद अधिकारी, जनसाङ्ख्यिक र श्रम अध्येता

श्री ओमनाथ दहाल, सदस्य, अध्ययन समुह

श्री साजन बतौंला, सदस्य, अध्ययन समुह

श्री यशोदा विष्ट लेखक, सदस्य, अध्ययन समुह

श्री अन्जु सुवेदी, सदस्य, अध्ययन समुह

# कार्यकारी सारंस

नेपालको संविधानले तोकेबमोजिम राष्ट्रिय महिला आयोगको काम कर्तब्य "लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिला उत्पिडनसँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने परिमार्जनकालागि सम्बन्धित निकायमा सिफारिस गर्ने र त्यसको अनुगमन गर्ने" साथै लैङ्गिक र यौनजन्य हिंसा, विभेद, दुर्व्यबहार, सामाजिक कुरीति आदि नियन्त्रण गर्न योजना तथा कार्यक्रम बनाउने र नेपाल सरकारका विभिन्न निकायलाई कार्यान्वयनका लागि सिफारिश गर्नु हो । यसै सन्दर्भमा राष्ट्रिय महिला आयोगले विद्यमान जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको अवस्था, यसको नियन्त्रणका लागि गरिएका कानूनी व्यवस्था, तिनको कार्यान्वयनको प्रभावकारीता, जबरजस्ती करणीको आहतमा परेकाको सम्बोधन व्यवस्था र यस्ता व्यवहारको अन्त्यकालागि बाधा अड्चनका बिषयमा अध्ययन गरी सिफारिस गर्न राष्ट्रिय महिला आयोगले यो अध्ययनको जिम्मेवारी त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागको सहकार्यमा श्रम अध्ययन कार्यक्रमलाई दिएबमोजिम यो प्रतिवेदन तयार भएको छ ।

यो अध्ययनका त्रीपक्षीय उद्देश्यमा जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको कारण र त्यसबाट पीडितमा पर्ने बहुपक्षीय असरको विश्लेषण गर्ने; जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारका पीडित र पीडकको विविध विशेषताको विश्लेषण गर्नु; र त्यस्ता घटनाको निराकरणका लागि अपनाउनु पर्ने ठोस उपायहरू पहिचान गरी कार्यान्वयन योग्य सुझावहरू पेश गर्नु रहेका छन् ।

उल्लेखित उद्देश्य हासिल गर्न विभिन्न स्रोतबाट उपलब्ध जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको तथ्याङ्क र विवरण सङ्कलन गरेर विभिन्न पाँच बर्ष बर्षको प्रवृतिको विश्लेषण; त्यस्ता गतिविधिका पछाडिका कारण र असरका बारेमा र नियन्त्रणमा देखिएका बाधा अड्चनको विश्लेषण गर्ने कार्य गरिएको छ । यसकालागि कानूनी प्रावधान र तिनको परिपालनाको अवस्था साथै अनुसन्धानात्मक र सैद्धान्तीक विवेचना पनि गरिएको छ ।

अध्ययन पुरा गर्न अपनाइएका विधिमा प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलित दुवै गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्कक र विवरणको विश्लेषण गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्क प्राय द्वीतिय स्रोतबाट प्राप्त गरिएको छ । प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट जबरजस्ती करणी र महिला हिंसा सम्बन्धि विगत पाँच बर्षको तथ्याङ्क लिईएको छ । त्यसै गरी नेपाल नेपाल जनसाङ्ख्यिक स्वस्थ्य सर्वेक्षण सन् २०२२ को महिला हिंसा तथा यौनजन्य दुर्व्यवहार सम्बन्धी तथ्याङ्कलाई लिइएको छ । द्वीतिय स्रोतबाट उपलब्ध सङ्ख्यात्मक तथ्याङ्कको आधारमा देशका सातै प्रदेशको जबरजस्ती करणी र यौनजन्य हिंसाको अवस्था र प्रबृत्तिको विश्लेषण गरिएको छ । जबरजस्ती करणीका कारण र असरहरू अनि निराकरणका अबरोधहरूको विश्लेषण गर्न र विभिन्न निकायले यस सम्बन्धमा गरेका प्रयास बुझ्न पाँच प्रदेशका १० जिल्लाको स्थलगत अध्ययन भ्रमण गरी गुणात्मक र केही सङ्ख्यात्मक सूचना र तथ्याङ्क संकलन गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्कको प्रस्तुति तालिका र रेखा चित्रको माध्यमले गरिएको छ । गुणात्मक तथ्याङ्क/सुचनाको प्रस्तुती भनाईको उद्धरण गरेर, केही व्यक्तिगत भोगाईका कथाबाट र आवश्यकता अनुसारका बिषयबस्तुको विश्लेषण गरिएको छ ।

नेपालको संबैधानिक प्रावधान अनुसार बनेका मुलुकी देवानी संहिता - २०७४ ले बैध हुने विवाह र विवाहित दम्पतिका आचरणका बारेमा र मुलुकी अपराध संहित– २०७४ को परिच्छेद –१८ ले जबरजस्ती करणी गर्नु नहुने फौजदारी अपराध भन्दै कसुरदारले पीडितको उमेर र शारीरिक अवस्थाअनुसार आरोपित पीडकलाई

हुने दण्ड सजायको व्यवस्था गरेको छ । नाबालिका र होस ठेगानमा नभएका महिलासंग मञ्जुरी लिएरै करणी गरेको भए पनि जवर्जस्ती करणी गरेको हुने भनेको छ भने अन्य अवस्थाका महिलाको मञ्जुरी बिना करणी भएमा अथवा महिलालाई प्रभाव/लोभमा पारी, डर/धाक धम्की देखाई वा जोरजुलुम गरी करणीकालागि राजि बनाएको भएमा पनि जवर्जस्ती करणी ठहर्याएको छ ।

जबरजस्ती करणीको कसुरमा पीडकलाई पीडितको उमेर र शारीरिक अवस्थाका आधारमा कैद र दण्ड सजायको व्यवस्था गरिएको छ र यस्तो अपराधको जाहेरी हदम्याद तीनबर्ष तोकिएको छ । हदम्यादका सम्बन्धमा स्थलगत अध्ययनको क्रममा विभिन्न मत आएका छन् । एकै उमेरका प्रेम सम्बन्धमा भएका युवा युवतीका बिचको करणीमा हदम्यादले किशोर मारमा पर्ने र छोटो हदम्याद हुँदा पीडित नाबालिकाले उमेर पुगेपछि जाहेरी दिनबाट बञ्चित हुने अवस्था हुनु हुदैन भन्ने देखिन्छ ।

जबरजस्ती करणी र यौनजन्य हिंसाका घटनाको निराकरणकालागि राज्यको तर्फबाट गरिएका उपचारात्मक व्यवस्थामा प्रहरी प्रशासन, न्यायिक र कानूनी निकाय छन् भने व्यक्तिगत, पारिवारिक र सामाजिक तहबाट रोकथाम र प्रवर्धन अनि पीडामा परेकाको बहुपक्षीय सम्बोधन गर्ने संस्थागत संयन्त्रमा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र, स्थानीय पालिकाका न्यायिक समिति, प्रदेश सरकारका जिम्मेवार मन्त्रालय र संघीय सरकारका महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र मातहतका निकाय छन् । त्यसैगरी आरोपित पीडकको लागि कारागार र बालसुधार गृह अनि पीडितको उद्धार र राहतकालागि विभिन्न सरकारी र गैरसरकारी निकायले सुरक्षित घरहरू सञ्चालन गरेका छन् । अध्ययनको क्रममा यी सबै निकायको क्षमता, दक्षता र कार्यकुशलता दुवै यस्ता घटनाको रोकथाम र निराकरणका लागि सचेतनात्मक र प्रवर्धनात्मक कार्यक्रम प्रभावकारी रूपले सञ्चालन गर्न अनि पीडितलाई बहुपक्षीय न्याय दिलाउन अपुग देखिएको छ । यतिको कानूनी व्यवस्थाका बाबजुद जबरजस्ती करणी र यौनजन्य हिंसाका घटना समाजमा घटिरहनुका पछाडिको प्रमुख कारणमा कानूनले तोकेको वैवाहिक उमेर, यौन शिक्षा र यौन कानूनको न्युनतम साक्षरताको कमि र कार्यान्वयनमा जिम्मेदार निकायहरूको क्षमतागत दुर्बलतानै प्रमुख देखिन्छ ।

जबरजस्ती करणी र यौनजन्य हिंसाका घटनाको न्यायिक निरूपणका लागि प्रहरी कार्यालयले लिने जाहेरीलाई दुई प्रकारले विभाजन गरेको देखिन्छ । जबरजस्ती करणी, अपहरण तथा जबररजस्ती करणी, जबरजस्ती करणी गरी कर्तव्य ज्यान र मानव बेचविखन तथा जबरजस्ती करणी जस्ता घटनालाई जबरजस्ती करणीको महलमा समावेश गरेको पाईन्छ भने यौनजन्य दुर्व्यवहार र लैङ्गिक हिंसाको महलमा उल्लेखित सहित जबरजस्ती करणी उद्योग, बहुविवाह, बालविवाह, बोक्सीको आरोप, अवैध गर्भपतन, जातीय छुवाछुत, अप्राकृतिक मैथुन, बालयौन दुरूपयोग/दुर्व्यवहार र घरेलुहिंसा समेटेको देखिन्छ ।

जबरजस्ती करणीका घटना मात्रै नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७५/७६ यताका पाँच बर्षमा नेपाल प्रहरीमा ११ हजार ७ सय ६८ बलत्कारका घटनाहरू दर्ता भएका छन् । यो तथ्याङ्कले देशमा हरेक दिन औसतमा सात जना भन्दा बढी महिलाहरू बलत्कारको शिकार भएको देखाउँछ । नेपाल प्रहरीको अपराध अनुसन्धानका तथ्याङ्कको विश्लेषण अनुसार देशमा हुने कूल अपराध मध्ये ४० प्रतिशत हिस्सा यौनजन्य हिंसा र जबरजस्ती करणीका अपराधको हुने गरेको छ । बिगत चार आर्थिक बर्षमा (आ.ब. २०७५/०७६ देखि २०७९/०८० सम्म) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारका घटनामा उजुरी परेका करिव १८,००० देखि २४,००० हाराहारीका मुद्दा मध्ये बर्ष अनुसार करिव १० देखि १२ प्रतिशत घटना जबरजस्ती करणी सम्बन्धि भएको पाईन्छ । जबरजस्ती करणीका मुद्दा आर्थिक बर्ष अनुसार २०७५/०७६, २०७६/०७७,

२०७७/०७८, २०७८/०७८ र २०७९/०८० मा क्रमश : २,२४१; २,१८४; २,६१३; २,४८८ र २,४६१ दर्ता भएको देखिन्छ । यो आँकडा बिगत का चार आर्थिक बर्षमा (आ.ब २०७५/०७६ बाहेक) परेका घरेलु हिंसा सम्बन्धी मुद्दाको क्रमश : १२.२, १२.१, १०.४, र १०.६ प्रतिशत हुन आउछ ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो पाँच आर्थिकमा १६,९३५ घटना चार प्रकारका यौन हिंसा भएको भनि दर्ता भएर मुद्दाको प्रकृयामा गएका छन् । ती मध्ये सबैभन्दा बढी ७१ प्रतिशत जबरजस्ती करणीका २० प्रतिशत, जबरजस्ती करणी उद्योगमा ८ प्रतिशत, बाल यौन दुराचार/दुरुपयोग र बाँकी १ प्रतिशत जति मुद्दाहरू अप्राकृतिक मैथुनका भएको देखिन्छन ।

प्रदेशअनुसार यौनजन्य हिंसा वा दुर्व्यवहारका घटनाको कार्वाहीका लागि उजुरी गर्ने प्रबृत्ति कोशी प्रदेशमा सबै भन्दा बढी (आर्थिक बर्ष अनुसार कूल लैङ्गिक हिंसाको २७ देखि ३८% सम्म) र मधेश प्रदेशमा सबै भन्दा कम, कूल लैङ्गिक हिंसाको बर्षअनुसार ८ देखि १२ प्रतिशत सम्म देखिन्छ । अर्का तिर कूल लैङ्गिक हिंसाका घटना दर्ता सङ्ख्या बाग्मती प्रदेश पछि मधेश प्रदेशमा बढी छ । यसबाट के अनुमान गर्न सकिन्छ भने मधेशमा लैङ्गिक हिंसाका घटना कार्वाहीमा केही बढी मात्रामा आए पनि यौनजन्य दुर्व्यवहारका घटना प्राय दबाएरै राख्ने चलन छ । जुन तथ्यलाई सो प्रदेशका जिल्ला प्रहरी कार्यालय, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र, जिल्ला सरकारी वकिलका कार्यालय र जिल्ला अदालत र अन्य जानकार सूचनादातासँगको छलफलबाट पनि मधेशको सामाजिक र सांस्कृतिक संरचनाले महिलामाथि हुने यौनजन्य हिंसा प्राय बाहिर आउन नपाउने कुरा पुष्टि भएको छ । कोशी प्रदेशको  हकमा भने त्यहाको खुलाहुँदै गएको सामाजिक संरचना, चेतनाको स्तर र अन्याय सहनु हुदैन भन्ने धारणा महिलामा बिकास हुदै गएकाले अन्यत्र भन्दा यौनजन्य दुर्व्यवहारका घटना बढी भएर नभइ अपराध सहेर बस्नु हुदैन भनेर बढी उजुरीमा आउने गरेको जानकार व्यक्तिहरूले पुष्टि गरेका छन् ।कोशी पछि यौनजन्य दुर्व्यवहारका घटनाको बढी उजुरी गर्ने प्रदेशमा कर्णाली, गण्डकी, र सुदुरपश्चिम प्रदेश छन् ।

बिगतका पाँच आर्थिक बर्षमा देशभरमा परेका जबरजस्ती करणीका ११,५१८ मुद्दा मध्ये सबै भन्दा बढी (२३%) बाग्मती प्रदेश त्यस पछी कोशी प्रदेशमा (२२%) मा देखिन्छ । सङ्ख्याको हिसावले जबरजस्ती करणीका घटनाको उजुरी दर्ता हरेक बर्ष सबै भन्दा कम गण्डकी प्रदेशमा त्यस पछी कर्णाली प्रदेशमा देखिन्छ । प्रदेश अनुसार प्रति एकलाख महिलामा जबरजस्ती करणीका घटनामा पर्ने सम्भावना र उजुरी गर्ने दर हेर्दा कोशी प्रदेशमा प्रति एकलाखमा झण्डै १०२ जना महिला त्यस्तो जोखिममा भएको देखिन्छ भने कर्णाली र बाग्मती प्रदेशमा क्रमश: ९५ र ८८ जना महिला उक्त जोखिममा रहेको देखिन्छ । उक्त जोखिमको दर सबै भन्दा कम मधेश प्रदेश र गण्डकी प्रदेशमा क्रमश: ५३ र ६९ जना महिलामा भएको देखिन्छ ।

प्रहरीमा परेको उजुरीका आधारमा यौनजन्य हिंसा र जबरजस्ती करणीका घटना मधेश प्रदेशमा कम देखिएता पनि जीवनमा भोगेका व्यक्तिगत अनुभवको आधारमा मधेश प्रदेशका हाल प्रजनन् उमेरका ११ प्रतिशत महिलाले पति वा नजिकको पुरुष साथीबाट यौनजन्य हिंसा वा दुर्व्यवहार भोगेको बताएका छन् भने करिव ६ प्रतिशतले बिगत १२ महिनामा पनि त्यस्तो हिंसा व्यहोरेको भनेका छन् । मधेश प्रदेश पछि यौनजन्य दुर्व्यवहार बढी भोग्ने प्रजनन् उमेरका महिलाको अनुपात कर्णाली र कोशी प्रदेशमा छ भने सबै भन्दा कम सुदुरपश्चिम प्रदेशमा छ ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वे सन् २०२२ ले देखाएको यौनजन्य हिंसाको अवस्था अनुसार करिव आठ प्रतिशत १५ देखि ४९ वर्षका महिला हालसम्म कुनै न कुनै खाले यौनजन्य हिंसा वा दुर्व्यवहारमा परेका छन् भने ४ प्रतिशतले बिगत १२ महिना भित्र पनि यस्ता हिंसा वा दुर्व्यवहार भोगेका छन् ।जीवनकालमा यस्तो हिंसा/दुर्व्यवहार भोग्ने महिलाको अनुपात उमेर सँगसँगै बढ्दै गएर १५–१९ बर्षका महिलाको ३ प्रतिशत बाट बढेर ४०–४९ उमेर समुहमा १० प्रतिशत पुग्ने देखिन्छ । जातजातिअनुसार सबैभन्दा बढी १३ प्रतिशत मुस्तिम महिला, त्यसपछि १० प्रतिशत दलित महिला र ९ प्रतिशत मधेशी महिलाले जिवनकालमा यौनजन्य हिंसा/दुर्व्यवहारको अनुभव गरेको देखिन्छ । वैवाहिक अवस्था अनुसार २० प्रतिशत पारपाचुके भएका, छुट्टिएर बसेका र विधवा महिलाले जीवनमा यौनजन्य हिंसाको मार भोगेको देखिन्छ भने ८ प्रतिशत हाल विवाहित महिलामा यस्तो व्यवहार भएको देखिन्छ ।शैक्षिक स्तर कम भएका महिलानै बढी यौनजन्य हिंसाको मारमा परेको देखिन्छ ।

*मुद्दा फैसलाको अवस्था*

महान्ययधिवक्ताको मातहतका तीन तहका वकिलको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका यौनजन्य दुर्व्यवहार र जबसजस्ती करणिका मुद्दामा जम्मा मुद्दा मध्ये गत बर्षबाट आउने मुद्दाको अंस ५१ प्रतिशत र चालु आर्थिक बर्ष आएका नयाँ मुद्दाको सङ्ख्या सरदरमा ४९ प्रतिशत हुदोरहेछ । जम्मा मुद्दा मध्ये सोही आर्थिक बर्षमा फछ्र्यौट हुनेको अनुपात करिव ५१ प्रतिशत हुने र अर्को बर्ष सर्नेको अनुपात ४९ प्रतिशत रहेकोछ । मुद्दा फछ्र्यौट हुने दर तीन तहका वकिलको कार्यालय मध्ये उच्च सरकारी वकिलको कार्यालयले हेरकोमा करिव ५८ हुने र अर्को बर्षलाई जाने सबैभन्दा कम ४२ प्रतिशत हुने देखिन्छ भने महान्ययधिवक्ताको कार्यालयबाट हेरिएकोमा फछ्र्यौट दर निकै कम देखिन्छ र अर्को बर्षलाई सर्ने दर ८७ प्रतिशत देखिन्छ । जबरजस्ती करणीको कसुरमा बाल सुधारगृहमा भएका किशोरहरू मध्ये ४३ प्रतिशतको मुद्दा फैसला भएको र १९ प्रतिशत पुर्पक्षमा रहेको देखिन्छ ।

*पीडित र पीडकका बिशेषता*

प्रहरीको रेकर्डअनुसार जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका पीडित मध्ये ८५ प्रतिशत भन्दा बढी १८ बर्ष मुनिका नाबालिग र किशोरी देखिन्छन् । विगत पाँच आर्थिक बर्षमा (आ.ब.२०७६/०७७ देखि २०७९/०८०) जबरजस्ती करणीको घटनाका पीडितमा १८ बर्ष भन्दा मुनिका किशोरी र नावालिकाको हिस्सा लगातार ५५ देखि ५७ प्रतिशत र जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहार दुबैमा गरेर सो उमेर समुहका पीडितको हिस्सा ६१ देखि ६३ प्रतिशत देखिन्छ । अध्ययनले देखाएअनुसार यौनजन्य हिंसा र जबरजस्ती करणीका अपराधका पीडितको उमेर, शैक्षिक, सामाजिक र अन्य बिशेषतामा लाई यसरी हेर्न सकिन्छ। घटनाहरूमा संलग्न तीनचौथाई भन्दा बढी पीडकहरू चिनजानका र दुईतीहाई भन्दा बढी पीडितहरू बालिका हुन्छन्; ११ देखि १६ बर्ष उमेर समूहका बालिकाहरू सबैभन्दा बढी यौनजन्य हिंसा र दुर्व्यवहारका घटनाका पीडित सबै भन्दा बढी भएको देखिन्छ । शैक्षिक हिसावले साधारण लेखपढ गर्न जान्ने र निरक्षर महिला र बालिका बढीमात्रमा यौनजन्य दुर्व्यवहार र हिंसाका पीडित हन्छन्; निम्न आर्थिक अवस्थाका, विसंगत पारिवारिक अवस्थाका (आमा अथवा बाबु नभएका, सौतेनी मामला भएका) बालिका यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाका पीडित भएको देखिन्छ । यसै तथ्यलाई OCMC का सम्पर्क व्यक्ति, प्रहरी कार्यालयका अधिकृतहरू र वकिल र न्यायधिसहरूले पनि पुष्टि गर्नु भएको छ ।

पीडकहरूमा कूल आरोपित मध्ये १९ देखि २५ बर्ष समुहका बढी (बर्ष अनुसार ३४ देखि ४२ प्रतिशत) हुने गरेका छन् त्यसपछी क्रमश ३६ बर्ष माथि र २६ देखि ३५ बर्ष उमेर समुहका भएको देखिन्छ । करिव एक प्रतिशतको हाराहारीमा महिला पनि पीडकमा देखिएका छन् ।

प्रहरीमा जाहेरी भएको विवरणअनुसार ७९ देखि ८८ प्रतिशत यौनजन्य हिंसा र जबरजस्ती करणीका घटनाका पीडक पीडितको चिनजानका व्यक्ति भएको; ती मध्ये ३८ देखि ४८ प्रतिशत सामान्य चिनजानका र २६ देखि ३३ प्रतिशत छिमेकीहरू भएको; र ७ देखि १२ प्रतिशत पीडक पति र परिवार सदस्य देखिन्छन् भने थोरै मात्रमा पुर्व पति वा शिक्षक पनि पीडक भएको देखिन्छ । घटना दर्ता बर्ष अनुसार १२ देखि २२ प्रतिशत पीडक पीडितले नचिनेका व्यक्ति भएको देखिन्छ । अर्को तिर नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण सन् २०२२ का अनुसार करिव दुई प्रतिशत यौनजन्य हिंसामा परेका प्रजनन् उमेरका महिलाले नचिनेका पुरुषले त्यस्तो व्यवहार गरेको जनाएका छन् ।

*जबरजस्ती करणीका कारण र असरहरू*

जबरजस्ती करणी र यौनजन्य हिंसाका बहुपक्षीय कारण र असरहरू जानकारीमा आएका छन् । तिनमा सामाजिक, सांस्कृतिक, मानसिक र मनोबैज्ञानिक, चेतनाको स्तर, पारिवारिक विसृङ्खलता, बढ्दो मोवाईल र सामाजिक सञ्जालको प्रभाव, दमित कुण्ठा, आदि पर्छन् । तात्कालिक असरमा स्वास्थ्य र शारीरिक, अनिच्छित गर्भ, संक्रामक रोगको जोखिम, शारीरिक अङ्ग भङ्ग, कतिपय अवस्थामा मृत्यु, विवाह र प्रजनन् कार्यमा असर हुन्छन् भने दीर्घकाललिकमा मानसिक र मनोबैज्ञनिक असर हुन्छन् । त्यस्तै दुवै पीडित र पीडकले व्यहोर्नु पर्ने बहुपक्षीय सामाजिक र आर्थिक असरहरू पनि देखिएका छन् ।

*अन्त्यका बाधा अड्चन*

जबरजस्ती करणी र यौनजन्य हिंसा अन्त्य गर्नमा दुई थरी बाधा अड्चन देखिएका छन् । पहिलोमा घटना बाहिर आउनै नदिने र दोस्रोमा पीडितले उचित न्याय पाउने प्रकृयाका छन् । दुवैलाई एकआपसमा सहयोग गर्ने पक्षमा पारिवारिक र सामाजिक संस्कार र संरचनाले सिकाएको सहने बानी; व्यक्तिगत प्रभाव, राजनैतिक र सांगठानिक संरक्षण; कानूनी सचेतना र कानूनी भाषाको अस्पस्टता; शिक्षा सचेतना, यौन र प्रजनन् शिक्षाको कमि; पारिवारिक र अभिभावकत्वको वातावरण जस्ता बाधा अड्चन देखिएका छन् ।

*न्यूनीकरणका उपायहरू*

जबरजस्ती करणी जिता आपराधिक गतिविधि नियन्त्रण गर्न तलका उपायले का उपायलाई बुदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छः

- कानूनी व्यवस्था समायोजन गरेर प्रजनन र यौन शिक्षा र अपराधको प्रकृतिअनुसारका कानुनी कुराहरू कक्षा ७-८ देखि नै हुनुपर्ने
- राज्यसंरचनाका अङ्गहरू प्रतिरक्षा वा आत्मरक्षा सहितका प्रावधान राखेर उपयुक्त कानुन बनाई कडाईका साथ कार्यान्वयनमा जानु पर्ने र पहुँचको आधारमा न्यायसम्पादन हुने प्रवृत्तिमा शुन्य सहनशिलता अपनाउनु पर्ने ।
- बालबालिकालाई सानैदेखि घरमा यौन हिंसा र यसबाट हुनसक्ने आक्रमण तथा बच्ने उपायहरूको बारेमा जानकारी गराउनुपर्ने ।

- जिम्मेवार निकायले घटना स्थलका प्रमाणको सुरक्षा गर्नुपर्ने। मुख्यगरी प्रहरी प्रशासन तथा अनुसन्धानमा खटिने सुरक्षा अधिकारीहरूबाट निष्पक्ष, तटस्थ छानविनका साथै तथ्य प्रमाणहरूको सुरक्षा गर्नुपर्ने ।
- कानुनको कडाईका साथ कार्यान्वयन हुनुपर्ने साथै न्याय सम्पादन चुस्त, दुरुस्त र पारदर्शी हुनुपर्ने ।
- राजनैतिक पार्टीहरू दलगत स्वार्थ भन्दा माथि उठ्नुपर्ने ।
- महिलाहरूको क्षमतामा अभिबृद्धी ।
- पुरुषलाइ भोक्ता र महिलालाई भोग्याको रुपमा हेर्ने सामाजिक दृष्टिकोण परिवर्तन गरी महिला र पुरुष एकअर्काका परिपुरक हुन् भन्ने धारणाको विकास गर्नुपर्ने ।
- सञ्चार माध्यम तथा समाजिक सञ्जालका सञ्चालकहरूले आपनो सामाजिक उत्तरदायित्व सम्झी अपराध र अपराधीको मनोवल गिराउने चेतनामूलक कार्यक्रम, विषयवस्तु प्रकाशन, प्रशारण निःशुल्क रुपमा गर्नुपर्छ ।
- उपभोग्य तथा मनोरञ्जनका सामग्रीहरूको विज्ञापनमा यौन उत्तेजना फैलाउने खालका सामग्रीको प्रकाशन, प्रदर्शन वा प्रशासण गर्न राज्यले रोक लगाउनु पर्छ ।

# बिषय सूची

कृतज्ञता ......................................................................................... ii
अध्ययन समुह ......................................................................................... iii
कार्यकारी सारंस......................................................................................... iv
बिषय सूची ......................................................................................... x
तालिका सूची......................................................................................... xiii
रेखाचित्र सूची ......................................................................................... xv
अध्याय १: अध्ययनको पृष्ठभूमि......................................................................................... 1
१.१ अध्ययनको पृष्ठभूमि......................................................................................... 1
१.२ जबरजस्ती करणी कारण र असरहरू : विवेचना......................................................................................... 1
१.२.१ कारणहरू......................................................................................... 1
१.२.२ पीडक मनोविश्लेषण......................................................................................... 2
१.२.३ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका पीडितमा पर्ने असरहरू......................................................................................... 3
१.२.४ आहत लक्षण अवस्था ......................................................................................... 4
१.२.५ यौनजन्य दुर्व्यवहारका मध्यम र दीर्घकालिक मनोबैज्ञानिक असर ......................................................................................... 5
१.३ नेपालमा जबरजस्ती करणीको अवस्था......................................................................................... 5
१.४ अध्ययनको आवश्यकता......................................................................................... 6
१.५ अध्ययनको उद्देश्य ......................................................................................... 7
१.६ उद्देश्य हासिलगर्न गरिएका मुख्य कार्य......................................................................................... 7
१.७ अध्ययन विधि......................................................................................... 8
११ अध्ययनको क्षेत्र.७., तथ्याङ्क स्रोत र प्रकृति......................................................................................... 8
१.७.२ तथ्याङ्क व्यवस्थापन, विश्लेषण र प्रस्तुती ......................................................................................... 10
१.८ प्रतिवेदनको ढाँचा ......................................................................................... 12
अध्याय २: कानूनी निरुपण र प्रभावकारिता ......................................................................................... 13
२१ लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी ......................................................................................... 14
२.१.१ लैङ्गिक हिंसा......................................................................................... 14
२.१.२ यौनजन्य दुर्व्यवहार......................................................................................... 16
२.१.३ जबरजस्ती करणी......................................................................................... 16
२.२ जबरजस्ती करणी सम्बन्धी मुख्य कानूनी उपचारको व्यवस्था......................................................................................... 17

२.२.१ बालबालिका सम्बन्धी ऐन-२०७५ ले गरेको व्यवस्था ........ 19
२.२.२ जाहेरीमा हदम्यादको व्यवस्था ........ 20
२.२.२ अभियोजन प्रकृया ........ 21
२.३ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका पीडितको संरक्षण र सम्बोधन प्रणाली ........ 22
२.३.१ दायित्व बहनमा प्रभावकारिता ........ 24
अध्याय ३-: जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था ........ **27**
३.१ नेपाल प्रहरीको तथ्याङ्कमा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी ........ 28
३.१.१ देशको अवस्था ........ 28
३१..२ प्रदेश अनुसार यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीको अवस्था र प्रवृत्ति ........ 31
३.२ घरपरिवार सर्वेक्षणमा यौनजन्य हिंसाको अवस्था र प्रबृत्ति ........ 34
३.२.१ यौनजन्य हिंसा र दुर्व्यवहारको अवस्था ........ 35
३.३ जवरजस्ती करणीका मुद्दाहरूको न्यायिक निरूपणको अवस्था ........ 37
अध्याय – ४ : जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारका पीडित र पीडकका बिशेषता, कारण र असरहरू ........ **40**
४.१ पीडित र पीडकका बिशेषता (Characteristics of Victims and Preparators) ........ 40
४.१.१ पीडितका विशेषता ........ 40
४.१.२ पीडकका बिशेषता ........ 43
४.२ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका कारण ........ 46
४.३ जवरजस्ती करणीका असरहरू ........ 50
४.३.१ अनिच्छित गर्भ, यौनरोग र शारीरिक अङ्ग भङ्ग ........ 51
४.३.२ मानसिक र मनोसामाजिक असर र आहत ........ 52
४.३.३ सामाजिक र आर्थिक असरहरू ........ 53
४.४ जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको अन्त्यका बाधा अड्चन ........ 54
४.५ जवरजस्ती करणी न्यूनीकरणका उपायहरू ........ 56
अध्याय ५: आरोपित पीडक सर्वेको नतिजा ........ **58**
५.१ आरोपित वा पीडकका व्यक्तिगत विवरण ........ 58
५.२ जबर्जस्ती करणी उद्योग गर्नुका कारण ........ 67
५.२.१ १८ वर्ष भन्दा मुनिकाको भनाई ........ 67
५.२.२ १८ देखि २५ वर्ष सम्मकाको भनाई ........ 68
५.२.३ २५ वर्ष भन्दा माथिकाको भनाई ........ 69
५.३ आरोपित वा पीडकमा परेका असरहरू ........ 72

अध्याय ६ : निष्कर्ष र सुझावहरू..........75
अनुसूचि १: जबरजस्ती करणीका विभिन्न बर्षका तथ्याङ्किय विवरण..........77
अनुसूची २: सूचना तथा तथ्याङ्क सङ्कलन प्रश्नावली..........81
अनुसूची ३: अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालनमा बिभिन्न निकायको भूमिका र दायित्व..........88
अनुसूची ४: कान्तिपुर राष्ट्रिय दैनिकमा २०८० बैशाख १ देखि चैत्र मसान्त सम्म प्रकासित जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका समाचार..........94
सन्दर्भ सामग्री..........99

# तालिका सूची


**तालिका १.१ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका सम्बन्धमा मुख्य र सहायक सामाजिक, संस्कृतिक र मनोवैज्ञानिक अवधारणा हरू**..............2

**तालिका १.२: प्रथमिक तथ्याङ्क सङ्कलन गर्न भ्रमण गरिएका प्रदेश, जिल्ला, स्थानीय तह र सम्पर्क गरिएका निकाय**..............9

**तालिका २.१: जबरजस्ती करणीका पीडित महिलाको उमेर र अवस्था अनुसार पीडकले पाउने कैद सजाय र दण्ड जरिवानाको व्यवस्था**..............18

**तालिका २.२: जबरजस्ती करणीका कसुरदार नाबालक भए कसुर गर्दाको उमेर अनुसार पाउने कैद सजाय र दण्ड जरिवानाको व्यवस्था**..............19

**तालिका २.३: लैङ्गिक हिंसा र जबरजस्ती करणीका कसुरको कानूनी उपचार र सम्बोधन गर्ने निकाय र तीनको दायित्व**..............23

**तालिका ३.१: लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीमा मुद्दा चल्ने अपराधका प्रकारहरू**27

**तालिका ३.२: लैंगिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका अपराधजन्य घटनाको प्रहरीमा उजुरी र मुद्दा दर्तामा आएअनुसार पछिल्लो पाँच बर्षको अवस्था र प्रबृत्ति**..............29

**तालिका ३.३: महिलामाथि भएका यौनजन्य हिंसाको पछिल्लो पाँच वर्षको स्थिति**..............29

**तालिका ३.४: नेपालमा बिगत चार आर्थिक वर्षमा दर्ता भएका लैंगिक हिंसाका घटना र लैंगिक हिंसाका जम्मा घटनामध्ये यौनजन्य हिंसा/**दुर्व्यवहारका घटनाको अनुपात (आ.ब. २०७५/०७६-२०७९/०८०)..............32

**तालिका ३.४: नेपालमा बिगत चार आर्थिक वर्षमा दर्ता भएका जबरजस्ती करणीका प्रदेश अनुसारको घटनाको सङ्ख्या र प्रतिशत, (आ.ब.२०७६/०७७-२०७९/०८०)**..............34

**तालिका ३.५: पति वा नजिकको** पुरुष/केटा साथीबाट **जीवनमा कहिल्यै र विगत १२ महिनामा यौनजन्य हिंसा/दुर्व्यवहार भएको बताउने १५-४९ वर्ष उमेर समुहका महिलाको विभिद विशेषता अनुसार प्रतिशत, सन् २०२२**..............36

**तालिका ३.६: महान्यायधिवक्ताको कार्यालय मार्फत तीनै तहका सरकारी वकिलबाट बहस पैरवी र प्रतिरक्षा गरिएका यौनजन्य दुर्व्यवहार र जवरजस्ती करणीका मुद्दासंख्या र फछ्यौंटको अवस्था, २०७९/०८०**..............38

**तालिका ३.७: पोखरा महानगरपालिका वडा नम्बर १८ सराङ्कोट स्थित बाल सुधार गृहमा रहेका बालक हरुको मुद्दागत विवरण**..............39

**तालिका ४.१: नेपालमा बिगत पाँच आर्थिक वर्षमा (आ.ब.२०७६/०७७-२०७९/०८०) देशभरका प्रहरी कार्यालयमा दर्ता भएका जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटनाका पीडितको उमेर अनुसारको सङ्ख्या र प्रतिशतमा वितरण**..............41

**तालिका ४.२: नेपालमा बिगत छ आर्थिक बर्षमा यौनजन्य दुर्व्यवहार र हिंसाका पीडितको उमेर अनुसार सङ्ख्या र प्रतिशतमा वितरण**..............42

तालिका ४.३: **नेपालमा बिगत छ आर्थिक बर्षमा यौनजन्य दुर्व्यवहार र हिंसाका आरोपित पीडकको उमेर अनुसार सङ्ख्या र प्रतिशतमा वितरण**..............43

**तालिका ४.४: नेपालमा बिगत छ आर्थिक बर्षमा यौनजन्य दुर्व्यवहार र हिंसाका पीडित र पीडक बिचको चिनजान र सम्बन्धका आधारमा अभियुक्त पीडको सङ्ख्या र प्रतिशतमा वितरण**..............44

**तालिका ४.५: पोखरा महानगरपालिका वडा नम्बर १८ सराङ्कोट स्थित बालसुधार गृहमा रहेका बालकहरूको मुद्दा र उमेरगत विवरण**..............46

**तालिका ५.१: कारागार ठेगाना अनुसार आरोपित वा पीडकको संख्या** ......................................................58
**तालिका ५.२: हालको उमेर र घटना हुँदाको उमेर**......................................................................59
**तालिका ५.३: आरोपित वा पीडकको पेसा/व्यवसाय**..................................................................61
**तालिका ५.४: कारागार र बाल सुधारगृहमा बसेको अवधि (वर्ष)** ...........................................62
**तालिका ५.५: उमेर समुह अनुसार यस्तो व्यवहारमा गर्नु वा पर्नुको प्रमुख करणको तुलना**.....................71

# रेखाचित्र सूची

**रेखा चित्र १.१: जबरजस्ती करणी र जबरजस्ती करणी प्रयासका जाहेरी भएका घटनाको विवरण २०७५/०७६-२०७९/०८०**......6

**रेखाचित्र ३.१: महिलामाथि भएका यौनजन्य हिंसाका प्रकार अनुसार पछिल्लो पाँच वर्षको अवस्था र प्रबृत्ति**......30

**रेखा चित्र ३.२ :नेपालमा जबरजस्ती करणी, करणी प्रयास र बालयौन दुरुपयोगको बिसं २०५३/०५४** देखि २०७८/०७९ सम्मको प्रबृत्ति......31

**रेखाचित्र ४.१: यौनजन्य हिंसा/दुर्व्यवहारका पीडित र पीडक बिचको चिनजानको अधारमा पीडकको प्रतिशत वितरण**......45

**रेखाचित्र ५.१: जाति अनुसार आरोपित वा पीडकको संख्या**......59

**रेखाचित्र ५.२: आरोपित वा पीडकको शैक्षिक अवस्था**......60

**रेखाचित्र ५.३: साक्षर आरोपित वा पीडकको शैक्षिक तह**......60

**रेखाचित्र ५.४: आरोपित वा पीडकको वैवाहिक अवस्था**......61

**रेखाचित्र ५.५ जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेसँग पहिलादेखि चिनजान**......62

**रेखाचित्र ३-६ जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेसँग चिनजान सम्बन्धि**......62

**रेखाचित्र ५.७ जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेको हालको बसोबास सम्बन्धि जानकारी**......63

**रेखाचित्र ५.८ पीडित भनिएकी अथवा उनका तिरका मानिससँग सम्पर्क**......64

**रेखाचित्र ५.९ उक्त कुराकानिमा डर देखाउने, धाक धम्कि दिने सम्बन्धि**......64

**रेखाचित्र ५.१० कानूनि दण्ड सजायका बारेमा पहिला नै जानकारी सम्बन्धि**......65

**रेखाचित्र ५.११ पहिला उजुरी परेको निकाय**......65

**रेखाचित्र ५.१२ उक्त उजुरी र आरोप आरोपित वा पीडकको गल्तीकै कारण हो होइन सम्बन्धमा**......66

**रेखाचित्र ५.१३ मुद्दा चलिरहेको वा फरफारक भइसकेको अवस्था**......66

**रेखाचित्र ५.१४ मुद्दा चलिरहेको अदालतको सम्बन्धमा**......67

**रेखाचित्र ५.१५ फैसलाले चित्त बुझेको वा न्याय पाएको महसुस भएको सम्बन्धमा**......67

**रेखाचित्र ३-१६ यस्तो व्यवहार किन गर्नु भयो भन्ने सम्बन्धमा (१८ वर्ष भन्दा मुनि)**......68

**रेखाचित्र ५.१७ यस्तो व्यवहार किन गर्नु भयो भन्ने सम्बन्धमा (१८ देखि २५ वर्ष सम्म)**......69

**रेखाचित्र ५.१८ यस्तो व्यवहार किन गर्नु भयो भन्ने सम्बन्धमा (२५ वर्ष भन्दा माथि)**......70

**रेखाचित्र ५.१९ हाल परिवारसँगको सम्बन्ध**......72

**रेखाचित्र ५.२० घटनाका कारण आरोपित वा पीडकको जीवनमा परेको असर**......73

**रेखाचित्र ५.२१ पछाडिको आफ्नो जीवनका बारेमा के सोच्नु भएको छ सम्बन्धमा**......74

**रेखाचित्र ५.२२ घटनाका सहि पीडकलाई दिने सजायका बारेमा**......74

# अध्याय १: अध्ययनको पृष्ठभूमि

## १.१ अध्ययनको पृष्ठभूमि

समग्र नेपाली महिलाको हकहित र अधिकारलाई संरक्षण र संवद्धन गर्दै महिला सशक्तीकरण गर्न तथा महिला विरुद्ध हुने सबै किशिमका भेदभावलाई निर्मुल गरी लैङ्गिक न्याय सुनिश्चित गर्न सघाउ पुऱ्याउनुउन राष्ट्रिय महिला आयोग स्थापनाकाल देखि नै कृयाशिल हुदै आएको छ । नेपालको संविधानले निर्दिष्ट गरेको काम, कर्तब्य र अधिकारबमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तब्य मध्ये "लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र त्यसको अनुगमन गर्ने" एक रहेको छ ।त्यसैगरी राष्ट्रिय महिला आयोग नियामावली, २०७८ ले लैङ्गिक हिंसा, विभेद, दुर्व्यबहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यन्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिश गर्ने भनी व्यवस्था छ । यसै सन्दर्भमा जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको समसामयिक अवस्था, कानुनी प्रावधान र यसमा गरिनु पर्ने समसामयिक परिवर्तनका बारेमा कार्यान्वयन गर्न सकिने सुझाव दिनु पनि यस आयोगको कर्तव्य हुन आउछ ।

## १.२ जबरजस्ती करणी कारण र असरहरू : विवेचना

### १.२.१ कारणहरू

नेपाल र यस्तै सामाजिक परिवेश भएका दक्षिण एशियाली मुलुकमा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाको सङ्ख्या र गहनता दुवै सोचनीय तवरले बढ्ने गरेका भनाईहरु आईरहेका छन् । उजुरी वा जाहेरीमा र समाचारमा आउने भन्दा धेरै बढी मात्रामा यस्ता घटनाहरू समाजमा लुकेर बसेको बिश्वास गरिन्छ । यसरी आपराधिक घटना लुकेर बस्नुमा समाजको पीडित महिलालाईनै बढी दोषि देखाउने र पीडकलाई उन्मुक्ति दिन प्रपञ्च गर्ने युगौ देखिको प्रथालाई कारक मानिएकोछ । सामाजिक र मनोबैज्ञानिक अनुसन्धान र विश्लेषणअनुसार बलात्कार वा जबरजस्ती करणीजन्य अपराध व्यक्तिको क्षणिक आवेगबाट सिर्जित दुर्घटना मात्रै नभएर उसको मानसपटलमा बसेको संकारजन्य उपज हो । यसै व्यवहारलाई जबरजस्ती करणी वा बलात्कार संस्कार (Rape culture) भनिएको छ । बलात्कार संस्कार यस्ता यौनजन्य दुर्व्यवहार र बलात्कारका घटना वा व्यवहारलाई सामान्य र सहज मान्ने अवस्था भए सम्म समाजमा घटिरहने भनिएको छ । अध्ययनहरूको निचोडअनुसार यस्ता व्यवहारलाई सहज मान्ने समाजमा नै महिला माथि यौनजन्य दुर्व्यवहार र हिंसाका घटनाहरु  धेरै हुन्छन् (University of New Hampshire ...) ।

पुरुषद्वारा महिला माथि गरिने बलात्कार/जबरजस्ती करणीका घटना मानव सभ्यताको प्रामाणिक ऐतिहासिक कालखण्ड देखिनै संसारका सबै भुभाग र समाजमा घट्दै आएको मानिएको छ (McKibbin, et al., 2008)। आजको युगमा लैङ्गिक समानता र यौनजन्य दुर्व्यवहार अन्त्यकालागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जतिसुकै कडा ऐन र नियम कानून कार्यान्वयनमा आएका भएता पनि यौनजन्य दुर्व्यवहार र बलात्कारका घटना संसारका प्रायः सबै भुभागमा घटीनै रहेका छन् । सन् २०१६ मा प्रकाशित विली ब्ल्याकवेल लैङ्गिकता र कामुकता सम्बन्धि अध्ययन विश्वकोष (The Wiley Blackwell Encyclopedia of Gender and Sexuality Studies) को *रेप कल्चर* भन्ने खण्डमा जनाईए अनुसार संयुक्त राज्य अमेरीकामा प्रति १०७ सेकेन्डमा

एउटा बलात्कार/जबरजस्ती करणीको घटना घट्छ, करिब ६८ प्रतिशत त्यस्ता घटना उजुरबाजुरमा आउदैनन् र दुईतिहाई जस्तो घटनाका पीडकहरू पीडित महिलाले चिनेजानेकै हुन्छन् । McKibbin, W.F (सन् २००८) र उनका साथीहरूले समीक्षा गरेका सूचनाअनुसार महिला माथि पुरुषले गर्ने बलात्कारका घटना सर्बत्र भएता पनि ६७ देखि ८४ प्रतिशत त्यस्ता घटना जानकारी अथवा कानूनी उपचारमा आउदैनन् ।

संयुक्त अधिराज्य बेलायतमा प्रति बर्ष ८५,००० महिला बलात्कृत हन्छन् भने ४००,००० महिला यौनजन्य दुर्व्यवहारका पीडित छन् । एशिया र दक्षिण प्रशान्तीय क्षेत्रका नौ देशका कतिपय पुरुषले एक देखि धेरैजना महिलामाथि बलात्कार/जबरजस्ती करणीजन्य अपराध (बिशेषत: ५०% भन्दा बढी किशोरीहरूमाथि) गर्ने गरेको प्रतिवेदनले देखाएका छन् (Burnett, A., 2016)। सन् २०१८ को राष्ट्रिय अपराध दर्ता विभाग (Indian National Crime Records Bureau) का अनुसार भारतमा हरेक १५ मिनेटमा एउटा बलात्कार/जबरजस्ती करणीको घटना घट्छ भने एक दिनमा ९१ सम्म त्यस्ता घटनाको जानकारी आएको छ (Reshma, et al., 2022) । बलात्कार/जबरजस्ती करणीका घटना बढी घटीरहने अन्य मुलुकमा लेसोथो, स्वीडेन, दक्षिण अफ्रिका, न्यूजिल्याण्ड र बेल्जियमलाई लिईन्छ (Burnett, A., 2016) । यसबाट के स्पस्ट हुन्छ भने बलात्कार/जबरजस्ती करणीका संस्कार र व्यवहार सामान्यत: विश्वव्यापि समस्याको रूपमा रहिरहेकै छ । त्यसर्थ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी पछाडिका कारणहरूको अध्ययन यस सम्बन्धी सामाजिक, सांस्कृतिक र मनोबैज्ञानिक पक्षहरूको विश्लेषणका आधारमा गर्नुपर्ने हुन्छ ।

### १.२.२ पीडक मनोविश्लेषण

यौनजन्य दुर्व्यवहार र बलात्कार/जबरजस्ती करणीका पीडक सम्बन्धी सामाजिक, संस्कृतिक र मनोवैज्ञानिक पक्षका मुख्य र सहायक अवधारणाहरू तालिका १.१ अनुसार हेर्न सकिने अध्यायनले देखाउका छन् ।

***तालिका १.१ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका सम्बन्धमा मुख्य र सहायक सामाजिक, संस्कृतिक र मनोवैज्ञानिक अवधारणा हरू***

| | मुख्य अवधारणा | सहायक अवधारणा |
|---|---|---|
| सामाजिक र संस्कृतिक | बलात्कार वा जबरजस्ती करणी प्रतिको मनोबृत्ति | महिला पुरुष बिचको स्वस्थ्य सम्बन्धका बारेमा जानकारीको कमि र महिला प्रतिको गलत धारणा वा बुझाई – पुरुष प्रधान मनोबृत्ति |
| | यौनकार्यमा प्रतिबन्ध | विवाहईतर यौन चाहना र सम्बन्धमा बैधानिक रोकावट र सामाजिक बाधा अड्चन |
| | पुरुष प्रधानता | महिलाईनै दोषि सावित गर्ने सामाजिक परिवेस |
| | पश्चिमाकरण अथवा आधुनिकीकरण | पहिरन, शारीरिक हाउभाउ र प्रदर्शनमा बाहिरी दुनियाँको देखासिकी, नकल |
| | लागु पदार्थको दुर्व्यसन | |
| | अभिभावकत्व र सामाजिक सरसहयोगमा कमि | |
| | विश्वास गरेकाहरूबाटै यौन शोषण | |
| | कानून प्रतिको धारणा र प्रबृत्ति | |
| मनोबैज्ञनिक पक्ष | यौन कुण्ठा | – अतृप्त यौन चाहना र यौन चाहना माथि कमजोर नियन्त्रण<br>– एक तर्फि वा वेकामयावि आकर्षण<br>– मानसिक विचलन |

| | | |
|---|---|---|
| | अनैतिकता | – बदलाको भावना |
| | मनोबैज्ञानिक प्रभाव | – समाजबाट अपहेलित र तिरस्कृत<br>– डर, लाज, कमजोर आत्मबल<br>– आत्महत्याको प्रबृत्ति<br>– भावनात्मक अस्थिरता<br>– व्यक्तिगत, सामाजिक र व्यवसायिक जीवन |
| | बाल्यकालका भोगाई र आहत | – |

***स्रोत** : Reshma J. K. et al., 2022*

बलात्कार वा करणी मनोबिज्ञानको विश्लेषण गर्दै McKibbin, W.F., et al., (2008), बलात्कारी पुरुषहरू निम्न पाँच प्रकारका हुने परिकल्पना अगाडि ल्याएका छन् ।

१. समाजमा सेवा सुविधाबाट बञ्चित पुरुषहरु जसको चाहना र भावना अरूले सुन्दैनन् र बुझ्न खोज्दैनन् बदलामा मैका पर्दा कमजोर महिलामाथि बलात्कार वा जबरजस्ती करणी गर्न पुग्छन् ।
२. बारम्बार बलात्कार वा जबरजस्ती करणी गर्न पल्केको पुरुष जो यौन चाहना जाग्ने बित्तिकै यौन हिंस्रक बन्ने गर्छन् ।
३. मौका छोपेर बलात्कार गर्ने पुरुषहरू ।
४. बढी भन्दा बढी पागलपन तरिकाले यौन चाहना तृप्त गर्न चाहाने तर बाहिरी आवरणमा प्रभावशाली पुरुष, र
५. वैवाहिक बलात्कार, यहाँ पतिले पत्नीको चाहना विपरित यौन सम्पर्क वासहबासमा बाध्य पार्ने व्यवहारलाई लिईन्छ ।

### १.२.३ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका पीडितमा पर्ने असरहरू

बलात्कार वा जबरजस्ती करणीका घटनाले पीडित महिलामा धेरै खाले नकारात्मक असर निम्त्याउछ । महिलाको जीवनमा यस्ता अकल्पनीय घटनाले शारीरिक आहत जस्तै चोटपटक र मृत्यु सम्म हुन सक्छ । पीडित किशोरी भएको खण्डमा अभिभावकले उसैलाई दोषि ठानेर वेवास्ता गर्ने अथवा विवाहित भएमा श्रीमनले छोडिदिने सम्म हुन सक्छ भने अविवाहित भएको खण्डमा विवाहकालागि उपयुक्त जोडी पाउन र परिवार बसाउननै असर पर्छ । यौनजन्य दुर्व्यवहार अथवा जबरजस्ती करणीका पीडित महिलामा पर्ने आहात वा नकारात्मक परिणामलाई भौतिक अथवा शारीरिक र भावनात्मक र मनोबैज्ञानिक गरी दुई भागमा हेर्ने गरेको पाईन्छ (Chaudhury, et al., 2017) ।

भौतिक अथवा शारीरिक असरमा अनिच्छित गर्भ रहन सक्छ, पीडितमा भएको यौनजन्य सरुवा रोग र एचआइभि सर्ने सम्भावना, चोटपटक, योनी र प्रजनन् अंगमा संक्रमण र अंगभंग हुने बिरामी पर्ने र दीर्घकालिन स्वास्थ्य समस्या आउने र पीडित महिलाको प्राकृतिक शारीरिक गतिविधिमानै बाधा अड्चन देखिने हुन्छन् । तर पीडित महिलाले सबै भन्दा बढी मानसिक आहत भोग्नु पर्छ भन्ने तथ्य अध्ययनले देखाएका छन् । त्यस्ता मानसिक आहतमा आफूलाई दोषी ठान्ने देखि आत्महत्या सम्मका अवस्था आईपर्ने भनिएको छ । यौनजन्य दुर्व्यवहार वा जबरजस्ती करणीको घटनामा परेपछि पीडित महिलामा निम्न अनुसारका तात्कालिक र दीर्घकालिन मनोबैज्ञानिक असर पर्ने अध्ययनले देखाएका छन्

१. सानातिना कुरामा पनि तनाव देखाउने, झर्को फर्को गर्ने, भावसुन्यता, अरूसँग घुलमिल हुन नसक्ने, निन्द्रा नलाग्ने र राती तर्सने आदि
२. आफूलाई दोषी ठान्ने, परिवार, समाज र कार्यस्थलमा घुलमिल हुन असहज ठान्ने, डर लाग्ने, चिन्तामा रहने, मनोरोगका लक्षण देखाउने जस्ता अन्य धेरै असर पर्ने ।

सन् २००० मा संयुक्त राज्य अमेरिकाको न्याय विभाग (U.S. Department of Justice) ले गरेको महिला बिरुद्ध हिंसाको राष्ट्रिय सर्वेक्षण अनुसार १८ प्रतिशत महिला जीवनमा कम्तिमा एकपटक जबरजस्ती करणी/बलात्कार अथवा बलात्कार प्रयासका पीडित भएको देखाएको थियो । ती पीडित महिला मध्ये ५४ प्रतिशतले आफूमाथि पहिलो पटक त्यस्तो घटना १८ बर्ष पुग्नु भन्दा पहिलानै भएको जानकारी दिएका थिए (Tjaden, &Thoennes, 2000)। यसबाट के स्पस्ट हुन्छ भने जबरजस्ती करणी वा बलात्कारका घटनामा प्राय महिलाहरू किशोरावस्थामानै परिसकेका हुन्छन् र समसामयिक अवस्थामा पनि किशोरावस्थाका छोरी चेलीलाई सजग रहन सचेतनाको ठूलो खाँचो छ ।

जबरजस्ती करणी वा बलात्कारका घटनाका पीडित महिलाले यसबाट उब्जने आहत वा परिणामलाई कतिपयले जटिल र कतिपयले सरल तरिकाले लिएको पाईएको छ । कतिपयमा दीर्घकालिक गम्भिर मनोसामाजिक र शारीरिक असर देखिन्छन् भने कतिपय सामान्य जीवनमा पर्केका हुन्छन् । पीडा उब्जित आहतबाट जटिल समस्यामा पर्ने अथावा बिस्तारै सहजतामा फर्कने अवस्थालाई निम्न पक्षले निर्धारण गर्ने अध्ययनले देखाएका छन् (Chaudhury, et al., 2017) ।

- **पीडामा परेका महिलाको उमेर** – बाल्यावस्था वा किशोरावस्थामा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीको आहतमा परेका महिला उक्त आहत पछाडि देखिने तनाव र विसंगती (Posttraumatic Stress Disorder – PTSD) को जोखिममा पर्ने सम्भावन पाँच गुणाले बढ्ने र मानसिक असन्तुलन, आत्महत्या र अन्य मानसिक समस्याका लक्षण बिकास हुने सम्भावना निकै बढी हुने देखिएको छ । बाल्यावस्थामा जबरजस्ती करणीको आहत भोगेका ५२ प्रतिशत महिला जीवनमा एकपटक मानसिक असन्तुलनका समस्यामा पर्ने, आत्महत्याको प्रयासमा बृद्धि हुने, मादक पदार्थको दुर्व्यसनमा जाने र असन्तुलित व्यवहार गर्ने जस्ता तथ्य अध्ययनले देखाएका छन् । यसबाट के स्पस्ट हुन्छ भने बाल्यावस्थामा यौनजन्य दुर्व्यवहारमा परेका महिला जीवनभर जटिलखाले नकारात्मक परिणामको जोखिममा पर्दछन् ।
- नकारात्मक असरको आहतमा परेका पीडितका व्यक्तिगत विशेषता जस्तै उमेर, व्यक्तिगत प्रबृत्ति वा आत्मबल, पारिवारिक र सामाजिक सहयोगी/असहयोगी वातावरण, पीडितका आमा अथवा अभिभावकको संरक्षकत्व, हिंसाको प्रकार, गम्भिरता र शारीरिक आहता अनि चोटपटकको अवस्था, आदिलाई पीडितको आहत सिर्जित मनोदशाबाट उक्सने वा नउक्सने भन्ने निर्धारण गर्ने महत्वपुर्ण कारक मानेको छ ।

### १.२.४ आहत लक्षण अवस्था

चौधरी र उनका साथीहरूले (Chaudhury, et al., 2017) बलात्कार/जबरजस्ती करणीजन्य आहत लक्षण (Rape Trauma Syndrome – RTS) लाई निम्न अवस्थाअनुसार बर्गीकरण गरेर हेर्नुपर्ने अवधारणा अगाडि सारेका छन् ।

१. **तात्कालिक वा सुरुवाती अवस्था** (The Acute Initial Phase) – दुर्व्यवहार वा आहत हुने बित्तिकै पीडितमा देखिने नकारात्मक शारीरिक र मानसिक असर क्रमश: दिन, हप्ता र महिना बित्दै गए पछि बिस्तारै सामान्य हुदै जाने लक्षण हरू । आहतमा परेका महिला यो अवस्थाबाट उक्सने प्राय निकै कम हुन्छन् ।

२. **दोस्रो अवस्था अथवा आफूलाई समाहित गर्ने प्रयासको अवस्था** – यो बेलामा आहतका घटनालाई बिस्तारै बिर्सेर पीडित महिला आफूलाई दैनिक सामान्य गतिविधिमा ढाल्न खोज्छन् । यो बेलामा उसलाई पारिवारिक र सामाजिक साथ सहयोगको बढी आवश्यकता हुन्छ ।

३. **अन्तिम अथवा दीर्घकालिक समझदारी वा सुझबुझको अवस्था** – यो अवस्थामा पीडितले आफ्नो गल्ती नहुदा नहुदै भएको आहतका पछिलागेर मात्र हुदैन भनि सम्हालिने प्रयास गर्छन् । यो अवस्थामा पुग्न पीडितलाई आक्रमण भएको केही हप्ता देखि धेरै बर्ष सम्म लाग्न सक्ने भनिएको छ ।

### १.२.५ यौनजन्य दुर्व्यवहारका मध्यम र दीर्घकालिक मनोबैज्ञानिक असर

यौनजन्य दुर्व्यवहारका पीडित महिलाहरू निम्न छ प्रकारका मध्यम र दीर्घकालीक मनोदसाबाट गुज्रन बाध्य हुने अध्ययनहरूले (Chaudhury, et al., 2017) देखाएको छ ।

१. यौनजन्य आहत र स्मरण शक्तिमा विचलन अथवा असन्तुलन
२. यौनजन्य दुर्व्यवहारका कारणले निद्रा बिथोलिने प्रबृत्ति र गडबडि
३. यौनजन्य दुर्व्यवहारले ल्याएको आहत पछि देखा पर्ने तनाव वा विसंगती – Post Traumatic Stress Disorder (PTSD)
४. अन्य नसोचेका र नसम्झेका लक्षण देखापर्नु
५. पुनरुत्थान तथा पुर्वावस्थामा फर्कने प्रकृया, र
६. यौनजन्य दुर्व्यवहार र बलात्कारका कारणले महिलाको यौनिकता र प्रजनन् प्रकृयामा पार्ने प्रभाव

यो अध्ययनमा पीडित महिलामा परेका प्रभाव र पीडक प्रबृत्तिको स्थलगत अध्ययनबाट आएका सूचनाको विश्लेषण गर्दा यी माथि छलफल गरिएका पक्षहरूलाई ध्यानमा राखिएको छ ।

## १.३ नेपालमा जबरजस्ती करणीको अवस्था


यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीसम्बन्धि घटनाको विवरण सामान्यतया प्रहरीमा उजुरी भएका अपराध सम्बन्धि रेकड, अस्पतालका तथ्याङ्क, प्राज्ञिक र बिषयगत अध्ययन/अनुसन्धान र सर्वेक्षणका साथै गैह्रसरकारी निकायका अभियानबाट पाउन सकिन्छ । यस्ता स्रोतबाट उपलब्ध तथ्याङ्क वा रेकर्ड प्राय यौनजन्य दुर्व्यवहारको वास्तविक परिमाण भन्दा निकै कम हुने गरेको तथ्य अध्ययनहरूले देखाएका छन् । पश्चिमा बिकसित मुलुकरूमा गरिएका अनुसन्धानले जबरजस्ती करणीका कूल घटना मध्ये १६ देखि ३३ प्रतिशत मात्र घटना सार्वजनिक हुने अनुमान गरेका छन् । यता नेपाल, भारत लगायत दक्षिण एशियाली मुलुकमा जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका अदृश्य घटनाको सङ्ख्या न्यायिक उपचारका लागि उजुरी दिने अथवा स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्थामा जाने भन्दा निकै ठूलो हुने अनुमान गरिएको छ **(Chaudhury, et al., 2017).**

नेपालमा जबरजस्तीकरणी र यौनजन्य दुर्व्यवहारका घटनाका समाचार दिनदिनै पत्रपत्रिका तथा सञ्चार माध्यममा आउने गरेको पाईन्छ । कतिपय पत्रपत्रिकाका लेखमा त के हाम्रो देश बलात्कार संस्कार (Rape Culture) व्याप्त मुलुक हो भन्ने प्रश्न पनि गरेका छन् ।

नेपाल प्रहरीको बार्षिक प्रकाशन "Police Mirror-2023" अनुसार सन् २०२२-०२३ मा नेपाल प्रहरीमा २,३८७ जबरजस्ती करणीका घटना दर्ता भएको थियो । इलाम जिल्ला प्रहरी कार्यालयको आ.ब. २०७९/०८० विवरण अनुसार २७ वटा जबरजस्ती करणीका घटनाको उजुरी परेको थियो । सोही बर्ष झापा जिल्ला प्रहरी कार्यालयमा १०९ वटा त्यस्ता घटनाको उजुरी परेको र पाँचथर प्रहरी कार्यालयका अनुसार १८ वटा उजुरी परेको थियो । सोही आर्थिक बर्षमा जाजरकोट जिल्ला अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मा १२ वटा र चालु आ.ब. २०८०/०८१ को माघ महिना सम्मको विवरण अनुसार १७ वटा जबरजस्ती करणीका घटना दर्ता भएको देखिन्छ ।

देशमा विगतका पाँच बर्षको जाहेरीमा आएको जबरजस्ती करणीका घटनाको सङ्ख्या १५०० र २६०० का बिचमा रहेको देखिन्छ । प्रहरी प्रधानकार्यालयको विवरण अनुसार बर्ष २०७७/०७८ मा २६१३ घटनाको जाहेरी भएको थियो भने इन्सेकले बार्षिक रूपमा प्रकाशन गर्ने नेपाल मानवअधिकार बर्ष पुस्तक सन् २०२० अनुसार बर्ष २०७५/०७६ मा १५५७ त्यस्ता घटनाको जाहेरी भएको थियो (रेखाचित्र १.१)। के यो उजुरी वा जाहेरीका घटना पूर्ण हो त भन्ने प्रश्न आउछ । तथापि यी साङ्केतिक आँकडाले देशका सबै भूभागमा जबरजस्तीकरणी र यौनजन्य दुर्व्यवहारका आपराधिक घटनाहटरु विद्यमान छन भन्ने दर्शाउछ ।

**रेखा चित्र १.१: जबरजस्ती करणी र जबरजस्ती करणी प्रयासका जाहेरी भएका घटनाको विवरण २०७५/०७६-२०७९/०८०**




***स्रोत: नेपाल प्रहरी प्रधानकार्यालय र इन्सेक नेपाल मानव अधिकार बर्ष पुस्तक सन् २०२०***

## १.४ अध्ययनको आवश्यकता

देशमा हालका हरेक बर्ष जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका आपराधिक घटनाको कानूनि र मनोसामाजिक उपचारका लागि संस्थागत रूपमा जाहेरी दिने र सेवाका लागि दर्ता हुनेको सङ्ख्या बढ्दो छ भन्ने विवरण आइरहेका छन् । यो किन भइरहेछ, के यस्ता आपराधिक घटनाको वास्तविक सङ्ख्या नै

बढेको हो अथवा पीडितले यस्ता खाले पीडाको न्यायिक, शारीरिक र मानसिक अनि सामाजिक उपचारका लागि खुलेर आउने तथा जाहेरी र उजुरी दिने चलन बढेकाले हो भन्ने प्रश्न अगाडि आएको देखिन्छ । यसै सन्दर्भलाई मध्यनजर गरेर राष्ट्रिय महिला आयोगले चालु आर्थिक बर्ष २०८०/०८१को स्वीकृत बार्षिक कार्यक्रमको क्र,१३६.२५.७.२ .सं. बजेट खर्च शिर्षक २२५२२ मा जबरजस्तीकरणी र यौजजन्य " "दुर्व्यवहारको वर्तमान अवस्था र त्यसका कारण असरहरू बारे अध्ययन बारे अध्ययनको कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

## १.५ अध्ययनको उद्देश्य

जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्थायसको कारण र यसका असर , तथा निवारणका उपायहरू पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ भने अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

क) जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको कारण र त्यसबाट पीडित महिलामा परेको सामाजिक तथा मानसिक असरहरूको विश्लेषण गर्नु ।

ख) जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारका पीडित र पीडक दुवै पक्षको उमेरगत संरचना, भौगोलिक, शैक्षिक र आर्थिक अवस्थाको विश्लेषण गर्नु ।

ग) जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारका घटनाको निराकरणका लागि अपनाउनु पर्ने ठोस उपायहरू पहिचान गरी कार्यान्वयन योग्य सुझावहरू पेश गर्नु ।

## १.६ उद्देश्य हासिलगर्न गरिएका मुख्य कार्य

यस अध्ययनका माथि जनाइएका त्रिपक्षीय उद्देश्य हासिल गर्न देहाय बमोजिमका कार्य तय गरी सम्पन्न गरिएको छ:

जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको विगत पाँच बर्षको प्रवृतिको विश्लेषण ।

जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहार सम्बन्धि आपराधिक गतिविधिका कारणको विश्लेषण ।

जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको कारण पीडितमा परेको आर्थिक, सामाजिक, मानसिक तथा मनोसमाजिक र स्वास्थ्यसम्बन्धी असरहरूको सम्बन्धमा विश्लेषण ।

जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको अन्त्यका बाधा अवरोधहरूको पहिचान तथा विश्लेषण ।

जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहार अन्त्यका लागि तीनै तहका सरकारको भूमिका र तिनको प्रयासहरूको विश्लेषण ।

जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहार अन्त्यका लागि नेपाल सरकारले गरेको नीतिगत, कानूनी तथा कार्यक्रमगत र संस्थागत प्रयासहरूका बारेमा विश्लेषण ।

अदालतमा मुद्दा दर्ता र फैसला कार्यान्वयन अवस्थाको विश्लेषण ।

नेपालमा जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारका घटनाका प्रदेशगत तथ्याङ्क संकलन गरी विवरण तयार गरिएको ।

कम्तिमा प्रतिनिधिमूलक तीन प्रदेशमा हुने जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको प्रवृतिको तुलनात्मक अध्ययन **(Comparative Study)** गर्ने शिलशिलामा पाँच प्रदेश (कोशी, मधेश, वाग्मती, गण्डकी र लुम्बिनीका १० जिल्लाको स्थलगत अध्ययन) गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरी विश्लेशण गरिएको ।

जबरजस्ती करणीका पीडित र पीडकको सम्बन्धको बारेमा विश्लेषण गरिएको ।

जबरजस्ती करणीका घटना अन्त्यका लागि भविष्यमा गर्नु पर्ने हस्तक्षेपकारी (Intervention) कार्यक्रमहरूको बारेमा समेत सुझाव समावेश गरी तयार गरिएको अन्तिम प्रतिवेदन राष्ट्रिय महिला आयोगमा पेश गरिएको ।

## १.७ अध्ययन विधि

यो अध्ययन प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएका दुवै सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क तथा सूचनाको प्रयोग गरेर तयार गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्क प्राय द्वितीय स्रोतबाट उपलब्ध गरिएका हुन् भने गुणात्मक तथ्याङ्क स्थलगत अध्ययनका माध्यमबाट सङ्कलन गरिएका हुन् । राष्ट्रिय प्रतिनिधिमुलक सङ्ख्यात्मक तथ्याङ्क नेपाल जनसाङ्ख्यिक स्वस्थ्य सर्वेक्षणको महिला हिंसा तथा यौनजन्य दुर्व्यवहार महल बाट उपलब्ध सूचना र प्रहरी प्रधानकार्यलय, अपराध अनुसन्धान विभागबाट उपलब्ध जबरजस्ती करणी र महिला हिंसा सम्बन्धि तथ्याङ्कलाई मानिएको छ । प्राथमिक स्रोतबाट उपलब्ध गरिएका प्राय गुणात्मक तथ्याङ्कका आधारमा जबरजस्ती करणीका कारण र बहुपक्षीय परिणामका बारेमा विश्लेषण गर्ने र आवश्यक नीतिगत र कार्यक्रमिक सुझाव पेश गरिएको छ ।

### १.७.१ अध्ययनको क्षेत्र, तथ्याङ्क स्रोत र प्रकृति

अध्ययनको कार्यक्षेत्र तथ्याङ्कका द्वितीय स्रोतको विश्लेषणका आधारमा देशका सातै प्रदेश समेटिएको छ भने प्राथमिक तथा गुणात्मक तथ्याङ्क पाँच प्रदेशका १० जिल्लाका (तालिका १.१) सरोबारवाला सरकारी, गैह्रसरकारी, सामाजिक संघ संस्थाका प्रतिनिधि र अन्य निकाय रहेका छन् । ती प्रदेश र जिल्ला द्वितीय स्रोतबाट उपलब्ध सङ्ख्यात्मक तथ्याङ्कको विश्लेषणका आधारमा बढी घटना दर्ता भएका आधारमा छनोट गरिएको छ जस्तो कोशी बाट मोरङ र सुनसरीमा गत बर्षको प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान बिभागको रेकर्ड अनुसार सबै भन्दा बढी जबरजस्ती करणी र यौनदुर्व्यवहार भएका दुई जिल्लाको रूपमा देखिएका छन् । त्यसैगरी मधेश प्रदेशका पर्सा र धनुषामा त्यस्ता घटनाको आकार अन्य जिल्ला भन्दा तुलनात्मक रूपले बढी देखिन्छ । यहि क्रमले बाग्मती प्रदेशका काठमाडौं र ललितपुर गण्डकी प्रदेशका कास्की र स्याङ्जा र लुम्बिनी प्रदेशका रुपन्देही र पाल्पालाई समेटिएको छ । स्थलगत अध्ययनका लागि छनोट गरिएका जिल्लाका सदरमुकाम रहेका स्थानीय तहलाई अध्ययनको कार्यस्थल बनाइएको छ र त्यहाँ भएका सरोकारवाला निकायका जिम्मेदार पदाधिकारीसँग विशेष समय लिएर विष्तृत अन्तर्वार्ता र अन्तर्कृयाका माध्यमबाट अबधारणागत सूचना उपलब्ध गरिएको छ भने सो निकायले कायम गरेका अभिलेखका आधारमा सकेसम्म विगत पाँच बर्षको घटनाको प्रवृति हेर्ने प्रयास गरिएको छ । पाँच बर्षको प्रबृत्ति भने नेपाल प्रहरीका विभिन्न तह र देशभरका १६ वटा संघीय अस्पतालमा सञ्चालित 'संकट व्यवस्थापनका लागि एक द्वार केन्द्र (OCMC), बाट उपलब्ध भएका तथ्याङ्क र नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणका सम्बन्धित तथ्याङ्कको विश्लेषणका आधारमा गरिएको छ ।

अनुसन्धानका मुख्य दुई पाटा (जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहार) मध्ये तुलनात्मक रूपमा जबरजस्ती करणीलाई प्राथमिकता दिइएकोछ । प्रस्तुत अध्ययनका लागि गुणात्मक तथा संख्यात्मक अनुसन्धान विधिको संयोजन गरिएको छ । द्वितीय श्रोतमा आधारित तथ्यांक मूलतः संख्यात्मक छन् भने स्थलगत तथ्यांक मूलतः गुणात्मक छन् । द्वितीय श्रोतमा आधारित तथ्यांकले समग्र नेपालको वस्तुस्थिति समेटेको छ । यसका लागि नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२, विभिन्न वर्षमा नेपाल प्रहरी प्रधान कार्यालयले प्रकाशन गरेका प्रहरी दर्पण, साथै राष्ट्रिय महिला आयोगमा उपलब्ध डाटावेसको पनि उपयोग गरिएको छ ।

***तालिका १.२: प्रथमिक तथ्याङ्क सङ्कलन गर्न भ्रमण गरिएका प्रदेश, जिल्ला, स्थानीय तह र सम्पर्क गरिएका निकाय***

| प्रदेश | जिल्ला | स्थानीय निकाय | सम्पर्क गरिएका निकाय |
|---|---|---|---|
| कोशी | सुनरी<br>मोरङ | बिराटनगर महानगरपालीका<br>ईनरुवा नगरपालीका | संघीय र जिल्ला अस्पतालका एकद्वर संकट व्यवस्थापन केन्द्र,<br>जिल्ला प्रहरी कार्यालय,<br>जिल्ला अदालत,<br>जिल्ला सरकारी वकिलको कार्यालय,<br>जिल्ला कारागार,<br>बाल सुधारगृह, पुनर्स्थापना केन्द्र र सेफहोम,<br>नगरपालीका,<br>प्रदेश सामाजिक बिकास मन्त्रालयको महिला तथा बालबालिका बिभाग,<br>महिला पुनर्स्थापना केन्द्र प्रदेश कार्यालय,<br>इन्सेक प्रदेश कार्यालय |
| मधेश | पर्सा<br>धनुषा | बिरगञ्ज महानगरपालिका<br>जनकपुर उप महानगरपालिका | संघीय र प्रादेशिक अस्पतालका एकद्वर संकट व्यवस्थापन केन्द्र,<br>जिल्ला प्रहरी कार्यालय,<br>जिल्ला अदालत,<br>जिल्ला सरकारी वकिलको कार्यालय,<br>जिल्ला कारागार,<br>बाल सुधारगृह,<br>नगरपालीका,<br>प्रदेश खेलकुद तथा समाज कल्याण मन्त्रालयको महिला तथा बालबालिका बिभाग,<br>महिला पुनर्स्थापना केन्द्र, जिल्ला कार्यालय,<br>माइती नेपाल जिल्ला कार्यालय, आफन्त नेपाल इन्सेक प्रदेश कार्यालय |
| वाग्मती | काठमाडौं<br>ललितपुर | काठमाडौं महानगरपालिका<br>ललितपुर महानगरपालिका | महिला बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय जेसी शाखा<br>संघीय र प्रादेशिक अस्पतालका एकद्वर संकट व्यवस्थापन केन्द्र,<br>प्रहरी केन्द्रीय कार्यालय, अपराध अनुसन्धान महाशाखा |

| | | | |
|---|---|---|---|
| | | | जिल्ला प्रहरी कार्यालय<br>जिल्ला अदालत,<br>जिल्ला सरकारी वकिलको कार्यालय,<br>जिल्ला कारागार,<br>बाल सुधारगृह,<br>महानगरपालिका, |
| गण्डकी | कास्की<br>स्याङ्जा | पोखरा महानगरपालिका<br>पुतली बजार नगरपालिका | संघीय र प्रादेशिक अस्पतालका एकद्वर संकट व्यवस्थापन केन्द्र,<br>जिल्ला प्रहरी कार्यालय,<br>जिल्ला अदालत,<br>जिल्ला सरकारी वकिलको कार्यालय,<br>जिल्ला कारागार,<br>बाल सुधारगृह,<br>नगरपालीका,<br>प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको महिला तथा बालबालिका बिभाग,<br>महिला पुनर्स्थापना केन्द्र, जिल्ला कार्यालय,<br>कोपिला नेपाल जिल्ला कार्यालय |
| लुम्विनी | रुपन्देही<br>पाल्पा | सिद्धार्थनगर नपा र बुटवल उपनगरपालिका<br>तानसेन नगरपालिका | प्रादेशिक र जिल्ला अस्पतालका एकद्वर संकट व्यवस्थापन केन्द्र,<br>जिल्ला प्रहरी कार्यालय,<br>जिल्ला अदालत,<br>जिल्ला सरकारी वकिलको कार्यालय,<br>जिल्ला कारागार,<br>बाल सुधारगृह,<br>नगरपालीका,<br>इन्सेक जिल्ला प्रतिनिधी |

### १.७.२ तथ्याङ्क व्यवस्थापन, विश्लेषण र प्रस्तुती

तथ्याङ्कको व्यवस्थापन प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त सङ्ख्यात्मक र गुणात्मक दुवैलाई आवश्यकता अनुसार समायोजन गर्न त्रिकोणिकरण र मिश्रीत विधि (Triangulation and Mixed Methods) का आधारमा विश्लेषण र प्रस्तुति गर्न सकिने तरिकाले गरिएको छ । द्वितीय र प्राथमिक स्रोतबाट ल्याईएका तथ्याङ्कक र सूचनाको व्यवस्थापन, विश्लेषण र प्रस्तुती निम्नअनुसार गरिएको छ ।

**द्वितीय स्रोतका तथ्याङ्कको व्यवस्थापन र विश्लेषण**

- नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट उपलब्ध विगत पाँच बर्षको प्रदेश र जिल्ला अनुसारको तथ्याङ्कलाई आवश्यकता अनुसारका तालिका र रेखाचित्रका आधारमा समग्र देशको विगत पाँच बर्षको प्रबृत्ति विश्लेषण गरिएको ।

- नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणको माईक्रो डाटा फाईलबाट समग्रमा देशमा महिलामाथि भइरहेको घरेलु र यौनजन्य हिंसाको तालिका र रेखाचित्रका माध्यमले प्रस्तुत गरिएको ।
- जबरजस्तीकरणी विरुद्ध कानूनि प्रावधानहरू जस्तै नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिवद्धता, संघको नीति, योजनाको विश्लेषण भएको ।
- जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहार विरुद्धका अपराधको निरुपण र न्यूनीकरणका लागि भएका नीतिगत तथा कानूनी र संस्थागत व्यवस्थाहरूको विश्लेषण गर्ने पहल गरिएको ।
- यस विषयमा भएका अध्ययन, विभिन्न स्रोतमा उपलब्ध लेख, रचना, अनुसन्धनात्मक लेख, अन्य पाठ्यसामग्री श्रव्यदृश्य, भिडियो लगायतका विषयवस्तुहरूको साहित्य पुनरावलोकन/समिक्षा (Literature review) गरी अध्ययनबाट प्राप्त नतिजाको तुलनात्मक प्रस्तुति गरिएको ।
- जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहार विरुद्ध सरकारले गरेका कार्यक्रमगत प्रयासहरूको विश्लेषण सहित समिक्षा गर्ने ।
- जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटनाको अभियोजनमा अदालतमा मुद्दा दर्ता र फैसला कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने प्रयास भएको ।

**प्राथमिक स्रोतका तथ्याङ्कको व्यवस्थापन र विश्लेषण**

प्राथमिक स्रोतबाट प्राय गुणात्मक तथ्याङ्क र सूचना तालिका १.१ अनुसारका स्थलगत अध्ययनको क्रममा सम्पर्क गरिएका निकायका प्रमुख सूचनादाता संगको अन्तर्वार्ता र छलफलका आधारमा तयार गरिएका छन् । अन्तर्वार्ता वा छलफललाई विषय केन्द्रित गर्न अनुसूची २ अनुसारको प्रश्नावली प्रयोग गरिएको छ । प्रत्येक निकायका सूचनादाताका महत्वपूर्ण भनाईको टिपोट अनुसूची ३ अनुसार तयार गरीएको छ र विश्लेषणको क्रममा प्राप्त परिणामको मिश्रण वा त्रिकोणीकरण गरी पुष्टि गर्न मूल प्रतिवेदनका आवश्यक अनुच्छेदमा उद्धरणको रूपमा प्रस्तुत गरिएको छ । द्वितीय स्रोतबाट उपलब्ध सङ्ख्यात्मक तथ्याङ्कले घटनाको आकार र प्रबृत्ति देखाएको छ भने प्राथमिक स्रोतका सूचनाले घटनाको दर्ता वा जाहेरीमा ठूलो मात्रमा अपूर्णता, यस्ताखाले अपराधका घटनाका पछाडिका कारण र दुवै घटनाका पीडित र पीडक तथा आरोपितले जीवन पर्यन्त भोग्नु पर्ने परिणामका बारेमा उजागर गरेका छन् । साथै स्थलगत भ्रमणबाट तयार गरिएका प्राथमिक तथ्याङ्कले यस सम्बन्धमा भएका नीतिगत कमि कमजोरी र गर्नुपर्ने सुधारका उपाए औल्याउनुका साथै जबरजस्तीकरणी र यौनजन्य दुर्व्यवहारका घटनाको निराकरण र न्यूनीकरणका लागि कार्यान्वयन योग्य सुझाव पनि देखाईदिएको छ ।यी तथ्याङ्कको प्रस्तुति उद्धरण, केस अध्ययन, ब्याख्यात्मक तालिका आदिको आधारमा गरिएको छ ।

अन्तर्वार्ता, अन्तर्क्रिया र छलफल गरिएका निकायमा नेपाल प्रहरी, प्रदेश र जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, राष्ट्रिय महिला आयोगको उजुरी हेर्ने शाखा, लैङ्गिक हिंसा पीडितका लागि स्थापित पुनर्स्थापना केन्द्र, असपतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र **(OCMC)**, जिल्ला प्रशासन कार्यालय, स्थानीय न्यायिक समितिका पदाधिकारी तथा विज्ञसमूह रहेका छन् ।

व्यक्तिगत अन्तर्वार्ता प्रश्नावलीका आधारमा ब्यक्तिगत गोप्य अन्तर्वार्ता पुनर्स्थापना अथवा शुरक्षित गृहमा रहेका जबरजस्ती करणीका पीडित तथा जबरजस्ती करणीको अभियोगमा कारागार र बाल सुधारगृहमा पुर्पक्षकालागि अथवा सजाय भुक्तानीकालागि थुनामा रहेका पीडक सँग प्रश्नावली भराई प्रत्यक्ष प्रश्नावली मार्फत तथ्याङ्क तथा सूचना संकलन गरिएको थियो । सूचना सङ्कलन, लक्षित समुह र प्रमुख सूचनादाता छलफल, पीडित र पीडक संग सङ्कलन गरिने सूचनाका बिषयबस्तु समेटिएका प्रश्नावली अनुसूची **....** मा समावेश गरिएको छ ।

## १.८ प्रतिवेदनको ढाँचा

यो प्रतिवेदन छ अध्यायमा विभाजन गरी तयार भएको छ । पहिलो अध्यायले अध्ययनको पृष्ठभुमी, आवश्यकता, उद्देश्य र अध्ययन विधिका बारेमा प्रस्ट्याउन खोजेको छ । दोस्रो अध्यायमा कानूनि प्रावधान, संघ प्रदेश र स्थानीय सरकारले यस्ताखाले सामाजिक अपराधका घटना निराकरण र न्यूनीकरणका लागि गरेका प्रयास र तीनको पुर्णता अनि जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका बारेमा गरिएका सौद्धान्तिक र अनुसन्धानमुलक सामग्रीको पुनरावलोकन र हाम्रो सन्दर्भमा तीनको उपादेयता प्रस्ट्याईएको छ । अध्याय तीनमा अध्ययनको उद्देश्य एक बमोजिमका बिषयबस्तुको प्रस्तुती र विश्लेषण, अध्याय चारमा उद्देश्य दुई अनुसारका बिषयबस्तु र अध्याय पाँचमा उद्देश्य तीन अनुसारका बिषयबस्तुको प्रस्तुति र विश्लेषण गरिएको छ । अध्याय छ मा सम्पुर्ण अध्ययनको सारांस, निष्कर्ष र कार्यान्वयन योग्य सुझावहरू समावेश गरिएको छ ।

# अध्याय २
# कानूनी निरुपण र प्रभावकारिता

राज्यले लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाको निवारण र न्यूनिकरणका लागि नेपाल सरकारले विभिन्न तहबाट कार्यान्वयन हुने गरी निम्न चार प्रकारका उपाय अवलम्वन गरेको छ, )१) कानूनी उपचार, (२) सामाजिक संरक्षण, (३) सामुदायिक अग्रसरता, र (४) लैङ्गिक हिंसा सम्बोधन प्रणाली । यी उपायहरू नेपालको संविधानले स्थापित गरेका समानताको हक, महिलाको हक, लैङ्गिक विभेद र हिंसा विरुद्धका कानुनी व्यवस्था, अपराध पीडितको हकका प्रावधानका आधारमा गरीएको छ । यी कानूनी प्रावधानको परीपालनाको अवस्थाको अनुगमन गर्ने र सरकारलाई सबैखाले हिंसाको न्यूनिकरणका उपाय शुझाउन संविधानले राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग आदि जस्ता संरचनागत व्यवस्था पनि गरेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा ३८(३) मा महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाईने भनि व्यावस्था गरेको छ र त्येस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने अधिकारको प्रत्याभूती गरेको छ ।

राज्यले लैङ्गिक समानता ल्याउन र लैङ्गिक हिंसाका घटनाको निवारणका लागी कानूनमा समयानुकुल परिवर्तन गर्दै लगेको छ । परम्परागत रूपमा रहेका लैङ्गिक विभेदी ऐनहरू संसोधन गरी निम्न अनुसारका ऐन र कानूनको व्यवस्था गरी लैङ्गिक समानताको प्रयास गरेको छ (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७९)।

- बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन २०७२
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार )निवारण) ऐन, २०७१
- एकल महिला सुरक्षा कोष )सञ्चालन( नियमावली, २०७०
- घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७
- लैङ्गिक हिंसा निवारण कोष )सञ्चालन( नियमावली, २०६७
- घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- छाउपडी प्रथाजन्य कुरीति उन्मुलन नीति, २०७६
- छाउपडी प्रथा उन्मुलन निर्देशिका २०६४ ।

यसका अतिरिक्त स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कार्यान्वयनमा विभिन्न निकायको भूमिका र दायित्व स्पस्ट रूपमा खुलाएर अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन कार्यविधी र निर्देशिका २०७७ जारी गरेको छ भने तोकिएका अस्पतालबाट सेवा पनि उपलब्ध गराउन थालेको छ । सोही मन्त्रालयले स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८० पनि सार्बजनिक गरेको छ । यो रणनीतिले पनि लैङ्गिक हिंसाको निराकरण र सम्बोधनका विभिन्न उपाय अवलम्वन गरेको छ ।

यति हुदाहुदै पनि यौन जन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटना दैनिक जसो सार्वजनिक भइरहेका हुन्छन् । तीनै पक्ष लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटना न्यूनीकरणका सम्बन्धमा कानूनी र सामाजिक चेतना अभिबृद्धिमा उल्लेखित ऐन, कानून र नियमावलीको योगदान हुनेछ । तर जबरजस्ती करणीका अपराधको कानूनी र न्यायिक उपचार भने मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १८ मा भएको व्यवस्थाले मात्रै गर्ने देखाएको छ । पीडितको उद्धार तथा पुनर्स्थापना, संरक्षण आदिमा भने कानूनी उपचार संगसंगै सामाजिक संरक्षण, सामुदायिक सम्बोधन र लैङ्गिक हिंसा सम्बोधन प्रणालीको पनि अहं भूमिका रहने देखिन्छ । यसै सन्दर्भमा यस अध्यायमा सर्व प्रथम लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका बारेमा संक्षिप्त जानकारी राख्ने र जबरजस्ती करणीका घटनाको कानूनी उपचारका बारेमा छलफल गर्न खोजिएको छ । त्यसपछि जबरजस्ती करणीका घटनाको सम्बोधन प्रणालीका बारेमा चर्चा गरिएको छ ।

## २.१ लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी

यस खण्डमा तीनै पक्ष, लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीको नेपाली कानूनी परिप्रेक्षमा परिभाषा प्रस्तुत गर्ने र तीनको बहुआयामिक असरका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.१.१ लैङ्गिक हिंसा

लैङ्गिक हिसां भन्नाले सावर्जनिक वा निजी जीवनमा कुनैपनि व्यक्तिको जैविक लिङ्गका आधारमा शारीरिक, मानसिक वा यौनजन्य क्षति, आहात वा पीडा दिने वा पुर्याउने काम वा व्यवहारलाई बुझ्नु पर्ने हुन्छ । व्यक्तिले जन्मजात लिएर आएको लिङ्गको आधारमा हुने कुनै पनि प्रकारको आहात हुने अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रूपमा महिला, पुरुष वा तेश्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने जस्तो सुकै व्यवहार वा कार्यलाई लैङ्गिक हिंसाभित्र पर्ने मानिएको छ (युएनडीपी, २०७४)। नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार गरी जारि गरेको अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका - २०७७ ले उल्लेख गरे अनुसारका मुख्य सात प्रकारका लैङ्गिक हिंसा औंल्याउदै तीनको परिभाषा समेत यसप्रकार दिएको छ ।

- ***करणी वा जबरजस्ती करणी*** : मुलुकी अपराध संहिता/ऐन – २०७४, परिच्छद १८ को दफा २१९ ले परिभाषित गरे अनुसारको कार्य जुन कानून द्वारा निषेधित र अक्ष्यम्य हुन्छ ।
- ***शारीरिक दुर्व्यवहार तथा यातनाः*** यसभित्र कुटपिट, चोट पटक, आगो, चुरोट, तातो पानी वा तेल यस्तै बस्तुले पोल्ने जलाउने, लछार पछार वा घिरुयाउने, ङ्याक्ने/थिच्ने आदि कार्य गरी जीउमा दु:ख पीडा दिने, अङ्गभङ्ग गराउने, अनुहार र स्वरूप बिगारी दिने साथै घर निकाला गर्ने कार्य पर्ने भनिएको छ ।
- ***मानसिक यातना वा दुर्व्यवहार*** : जस्तै गाली/गलौज, अपमानित गर्ने, खोटमात्रै देखाउने, डर/धम्की र त्रासपूर्ण व्यवहार, झुट्टा आरोप, तथा मानसिक तथा भावनात्मक चोट पुऱ्याउने काम आदि ।
- ***यौनजन्य दुर्व्यवहार तथा यातनाः*** यस किसिमका हिंसा वा दुर्व्यवहारभित्र यौन दुर्व्यवहार, यौन शोषण, जबरर्जस्तीकरणी, देह व्यापारमा लगाउने आदि पर्ने भनिएको छ ।

- ***बाल विवाह र जबरजस्ती विवाह*** : कुनै पनि व्यक्तिको मञ्जुरी बेगर गरिने विवाह जबरजस्ती विवाह हो भने नेपालमा संविधानत: तोकेको विवाहको न्युनतम उमेर (२० बर्ष) नपुगि गरिने विवाह बाल विवाहमा पर्दछन् । दुवै जबरजस्ती विवाह र बाल विवाह कानूनी रूपले दण्डनीय मानिएको छ ।
- ***स्रोतसाधन, अवसर र सेवाको पहुँचमा रोक*** : यस भित्र आर्थिक र भौतिक सुविधाका स्रोत साधन, शिक्षा र रोजगारीका अवसरहरू, जीविकोपार्जनमा बाधा, सामाजिक सहभागितामा प्रतिबन्ध, सम्पत्ति माथिको अधिकारमा रोक, आफ्नो कमाईमा नियन्त्रण गर्न नपाउनु, स्वास्थ्य सेवा र प्रजनन् अधिकार र स्वास्थ्यमा बाधा अड्चन आदि ।
- ***रुढीबादी र परम्परागत भेदभावपूर्ण चलनहरू:*** बहुविवाह, दाइजो प्रथा, देउकी प्रथा, वादी, बोक्सीको आरोप, छाउपडी प्रथा आदि यसखाले लैङ्गिक हिंसामा राखिएका छन् ।

लैङ्गिक हिंसा महिला, पुरुष अथवा अन्य लिङ्गी सबैमा उत्तिकै घट्ने भएता पनि यसको मात्रा महिलामा बढी हुन्छ । महिला बिरुद्ध हुने हिंसालाई निम्न अनुसार लिने गरिएको छ :

- गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरी छोरी भएमा गर्भपतन गराउनु ।
- शिशु हत्या, शारीरिक हिंसा, खाना तथा स्याहार र स्वास्थ्य सुविधाको पहुँचमा छोरी माथि विभेद गरिनु ।
- शिक्षामा छोरीलाई भेदभाव गर्नु ।
- बाल यौन दुर्व्यवहार गर्नु र बाल वेश्याबृत्तिमा लगाउनु ।
- किशोरी अवस्थाका महिलालाई बेचविखनमा पार्नु ।
- यौन दुर्व्यवहार, बलात्कार, श्रम शोषण वा जबरजस्ती वेश्याबृत्ति गराउनु ।
- बालविवाह गराउनु साथै किशोरीको मञ्जुरी बिना विवाह गर्न बाध्य गर्नु ।
- विवाहपछि पतिको घरमा खेप्नु पर्ने घरेलु हिंसा, बैवाहिक बलात्कार, दाइजो/पेवाका बिषयमा हुने हिंसा, कुटपिट, मानसिक यातना आदि भए वा गरेमा ।
- बृद्ध अवस्थाका अथवा एकल महिला माथि दुर्व्यवहार गर्नु र उनीहरूको स्वास्थ्य सेवा र स्याहार सुसारमा वेवास्ता गर्नु ।
- बोक्सी/डाइनको आरोप लगाएर परिवार र समाजबाट बहिस्कार गर्नु ।

लैङ्गिक हिंसा अनैतिक, कानून बिपरित एवं पीडितको मानव अधिकार उल्लङ्घन हुने कार्य हो । यसले व्यक्ति, परिवार, समुदाय एवं राज्यलाई ठूलो नोक्सान पुर्‍याउँछ र समाज र राज्यले हाँसिल गर्न खोजेका बिकासको प्रतिकुल प्रतिफल देखाउछ । यसको निवारण र निराकरण गर्न राज्यले गरेका नीतिगत, कानूनी तथा संस्थागत संयन्त्रहरूको पहलले मात्रै पुग्दैन । यसमा परिवार र समुदायको पनि उत्तिकै भूमिका हुनु पर्दछ ।लैङ्गिक हिंसाका पिडित ब्यक्तिलाई अन्यायका बिरुद्ध लड्न र न्याय दिलाउन परिवार र समाजका सबै पक्षको अहं भूमिका हुन्छ, त्यसैले पीडा सहेर बस्नु हुदैन र बस्न दिनु पनि हुदैन । समाजमा हुने लैङ्गिक हिंसाको बिरोधमा सबै जना जुट्नु जरुरी छ ।

### २.१.२ यौनजन्य दुर्व्यवहार

यौनजन्य दुर्व्यवहार बृहत्तर लैङ्गिक हिंसा भित्रको एक पक्ष हो । कसैको ईच्छा बिरुद्ध यौनजन्य मनसायले गरिने आचरण यौनजन्य दुर्व्यवहार हो । यसलाई निम्न अनुसारको परिभाषाले अझ स्पस्ट पार्न सकिन्छ । कसैले कुनै महिलाको मञ्जुरी विना निजको सम्बेदनशील अंग छुनु, भित्री पहिरन वा पोशाकहरू खोल्नु वा खोल्ने प्रयास गर्नु, झुक्याएर वा थाहै नदिई ललाई फकाई गरेर एकान्त ठाउँमा लैजानु, आफ्ना यौनाङ्ग छुन, समाउन र खेलाउन लगाउनु र यौन उत्तेजक र छाडा शब्दहरू बोल्नु जस्ता व्यवहारलाई यौनजन्य दुर्व्यवहार गरेको मानिन्छ । त्यस्तै प्रकारका शब्दका साथै अश्लिल संकेत वा ईसारा प्रयोग गरेमा, अश्लिल र यौन उत्तेजक चित्र वा तस्विर देखाएमा, यौन तृप्तिका आशयले जिस्क्याउनु र हैरानी दिनु अनि यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गर्नु र करणीको आशयले समात्नुलाई यौनजन्य दुर्व्यवहार मानिएको छ ।

पीडकले पीडित माथि धेरै प्रकारले यौनजन्य दुर्व्यवहार गर्ने गरेको देखिन्छ । जसमा शारीरिक दुर्व्यवहार, मौखिक दुर्व्यवहार, लिखित दुर्व्यवहार, ईसारा वा साङ्केतिक दुर्व्यवहारलाई लिईएको छ । यौनजन्य दुर्व्यवहार घर परिवार भित्र परिवारका सदस्यबाट र घरमा आउने पाहुनाबाट; विद्यालय वा शैक्षिक संस्थामा सहपाठीबाट, शिक्षक/प्रशिक्षक र कर्मचारीबाट; रोजगार र व्यवसाय गर्ने स्थानमा रोजगारदाता, आफूमाथिका उच्च पदस्थ व्यक्ति, सहकर्मी र सेवाग्राही आदिबाट; सार्वजनीक स्थान जस्तो सार्वजनिक यातायात, बाटो कुनाकाप्चा, पार्क, मठ मन्दीर, हाट बजार जहाँ पनि यौनजन्य दुर्व्यवहार हुन सक्ने अध्ययनले पुष्ठि गरेका छन् । त्यसै गरी साँस्कृतिक चाड पर्व, परम्परा र संस्कार मनाउने प्रकृया र तौर तरिकाले पनि यौन जन्य दुर्व्यवहार भईरहेको हुन्छ । जस्तो महवनावारी बार्ने क्रममा हुने विभेद, फागु वा होली खेल्ने निहुमा किशोरी वा महिलामाथि अनावश्यक व्यवहार गर्नु आदि ।

कुनै पनि खाले यौनजन्य दुर्व्यवहारलाई नेपालका विभिन्न कानूनी व्यवस्थाले निषेधित कार्य मानेका छन् र कसैले पनि कसैको ईच्छा बिरुद्ध यस्ता व्यवहार गर्न नहुने भनेका छन् ।

### २.१.३ जबरजस्ती करणी

नेपाल लयर्सको ब्लगपोष्टमा परिभाषित गरे अनुसार जबरजस्ती करणी भन्नाले 'कुनै पनि लोग्ने मानिसले आफ्नो यौन ईच्छा पूरा गर्न नाबालिकाको हकमा मञ्जुरी लिई वा मञ्जुरी नलिई र उमेर पुगेका महिलाको हकमा मञ्जुरी नलिई, डर, धाक धम्की देखाई अनुचित यौन कार्य गरेमा जवर्जस्ती करणी गरेको मान्नु पर्दछ' । सामान्य बोलचालको भाषामा यस्तो कार्यलाई बलात्कार भनिन्छ । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १८ करणी सम्बन्धी कसुरले गरेको प्रावधान अनुसार जबरजस्ती करणी कानूनले बर्जित कार्य भएकाले कसैले पनि गर्न नहुने भनेको छ र निम्न अवस्थाको करणीलाई जबरजस्ती करणी मानेको छ ।

- नाबालिक बालिकासँग निजको मञ्जुरी लिएरै यौन कार्य गरेको भएता पनि जवर्जस्ती करणी गरेको हुने छ ।
- वैवाहिक अवस्था जस्तोसुकै भएता पनि बयस्क महिलालाई निजको मञ्जुरी नलिई जवर्जस्ती यौन कार्य गरेमा जवर्जस्ती करणी गरेको ठहर्छ ।
- होस ठेगानमा नरहेको अवस्थामा महिलाको मञ्जुरी लिएरै गरेको यौन कार्य भए पनि मञ्जुरी मानिने छैन र जबरजस्ती करणीनै मानिने छ ।

- पुरुषले लिङ्ग महिलाको योनी, गुदद्वार वा मुखमा पुरै पसाएमा, केही मात्रमा पसाएको भएमा, अथवा लिङ्ग बाहेक अरु कुनै वस्तु योनीमा पसाएको भएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।
- यौन कार्यका लागि महिलालाई प्रभाव वा लोभमा पारी, डर, धाक धम्की देखाई वा जोरजुलुम गरी मञ्जुरी दिन बाध्य बनाएर गरेको यौन कार्य पनि जवर्जस्ती करणी ठहर्ने देखाएको छ ।

जबरजस्ती करणीलाई मुलुकी अपराध संहिता २०७४ को महल १८ बमोजिम अक्ष्यम्य फौजदारी अपराध मानेको छ र यसको पूर्ण कानूनी र न्यायिक निरूपण हुनु पर्ने अन्य कुनै निकायले यसमा न्यायिक निर्णय गर्ने, मेलमिलाप गराउने वा क्षतिपुर्ती भराउने कार्य गर्न नमिल्ने भनेको छ ।

लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटना निवारण गर्न र पीडकलाई दण्ड सजायकालागि राज्यले गरेका कानूनी व्यवस्थालाई निम्न अनुसार हेर्न सकिन्छ ।

| **अपराधका किसिम** | **कानूनी व्यवस्था** |
|---|---|
| लैङ्गिक हिंसा | नेपालको संविधानको धारा ३८ र यो संग सम्बन्धित ऐन कानून र नियमावली; मुलुकी देवानी र फौजदारी संहिता २०७४; |
| यौनजन्य दुर्व्यवहार | मुलुकी देवानी संहिता २०७४ को आशय करणीको महल<br>मुलुकी देवानी संहिता २०७४ को अदालती बन्दोबस्तीको महल<br>केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७<br>गाली र बेइज्जती ऐन, २०१६ र |
| जबरजस्ती करणी | मुलुकी अपराध संहिताको परिच्छेद —१८, करणी सम्बन्धी कसूर<br>अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालित निर्देशिका — २०७७<br>बालबालिका सम्बन्धी ऐन २०७५ |

## २.२ जबरजस्ती करणी सम्बन्धी मुख्य कानूनी उपचारको व्यवस्था

अदालतमा दर्ता भएका जबरजस्ती करणी सम्बन्धी कसूरहरूको संख्यालाई हेर्दा यस्ता कसूरहरू दिन प्रतिदिन बढिरहेका छन् । पीडितलाई न्याय प्रदान गर्ने कार्यमा अनुसन्धानकर्ता प्रहरी अभियोजनकर्ता सरकारी वकील र न्यायकर्ताको- (जिल्ला, उच्च र सर्बोच्च अदालतका न्यायधिस) महत्वपूर्ण भुमिका हुन्छ । बाल सुधार केन्द्रमा राखिएको कानूनको विवादमा परेका बालकहरू र कारागारमा रहेका थुनुवा र कैदीहरू जबरजस्ती करणीको कसूरमा अत्याधिक मात्रामा रहेको पाईन्छ । जबरजस्ती करणी सम्बन्धी कसूरलाई मुलतः निम्न कानूनले सम्बोधन गरेको अवस्था छ ।

मुलुकी अपराध संहिता, २०७४, भाग २ परिच्छेद १८ दफा २१९ अनुसार जवर्जस्ती करणी गर्न नहुने भनी निम्न अनुसारका व्यवस्था गरेको छ :

)१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन ।

)२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै वालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

कानूनले मञ्जुरी र करणीको स्पस्टीकरण देहाय अनुसार गरेको छ :

)क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरिर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

)ख) होस ठेगानामा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

)ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ।

)३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ ।

जबरजस्ती करणी गर्नेलाई कानूनले त्यसरी करणी गर्दाको परिस्थिति र पीडित महिलाको उमेर हेरी देहाय बमोजिमको दण्ड सजायको व्यवस्था गरेको छ ।

*तालिका २.१: जबरजस्ती करणीका पीडित महिलाको उमेर र अवस्था अनुसार पीडकले पाउने कैद सजाय र दण्ड जरिवानाको व्यवस्था*

| जबरजस्ती करणीका पीडित महिलाको उमेर, अवस्था र प्रकृति | पीडकले पाउने कैद लगायत दण्ड सजाय र जरिवाना[1] |
|---|---|
| १० वर्षभन्दा कम उमेरका बालिका | १६ वर्षदेखि २० वर्षसम्म कैद सजाय र सात लाख रुपैयाँ जरिवाना |
| १० वर्ष वा सोभन्दा माथि तर १४ बर्षभन्दा कम उमेरकी बालिका | १४ देखि १६ वर्षसम्म कैद सजाय र सात लाख रुपैयाँ जरिवाना |
| १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा कम उमेरकी बालिका | १२ देखि १४ बर्ष सम्म कैद सजाय र पाँच लाख रुपैयाँ जरिवाना |
| १६ बर्षभन्दा बढी र १८ बर्षभन्दा कम उमेरकी महिला | १० देखि १२ बर्षसम्म कैद सजाय र पाँच लाख रुपैयाँ जरिवाना |
| १८ बर्ष वा सोभन्दा बढी उमेरकी महिला | सात देखि १० बर्षसम्म कैद सजाय र तीन लाख रुपैयाँ जरिवाना |
| सामूहिक जवर्जस्ती करणी गरेमा | माथि उल्लेखित उमेर अनुसारको सजायमा थप ५ वर्ष कैद सजाय |
| गर्भवती महिला, असक्त वा अपांङ्ग महिलालाई जवर्जस्ती करणी गरेमा | माथि उल्लेखित उमेर अनुसारको सजायमा थप ५ वर्ष कैद सजाय |
| नाबालकसँग अप्राकृतिक यौन मैथुन गरेमा | उमेर अनुसार हुने सजायमा थप १ वर्ष सजायका साथै पीडित नाबालकको उमेर र परेको मर्कालाई विचार गरी अदालतले अपराधीबाट क्षतिपूर्ति भराई दिने व्यवस्था |

[1] यस्तो जरिवाना वापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछ ।

| | |
|---|---|
| पति पत्नीको वैवाहिक सम्बन्ध[२] कायमै रहेको अवस्थामा पत्नीलाई जवर्जस्ती करणी गरेमा | पाँच बर्षसम्म कैद सजाय र पीडितको माग दावि बमोजिम आवश्यकता अनुसार अदालतले पतिको नाममा तोक आदेश गरे बमोजिमको क्षति पुर्ती र भरणपोषणको व्यवस्था |
| पीडकले आफूमा एच.आई.भी. पोजिटिभ भएको थाहा हुँदा हुँदै जबरजस्ती करणी गरेमा | कसूर गर्ने वा गराउने व्यक्तिलाई पीडितको उमेर र अवस्था अनुसार तोकिएको दण्ड सजायमा थप दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ । |
| पीडकले आफूमा यौनजन्य सरुवारोग )सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा हुँदा हुँदै जबरजस्ती करणी गरेमा | कसूर गर्ने वा गराउने व्यक्तिलाई पीडितको उमेर र अवस्था अनुसार तोकिएको दण्ड सजायमा थप तीन वर्षसम्म कैद सजाय र तीस हज्जार रुपैयाँसम्म जरिबाना हुनेछ । |
| हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा | पीडितको उमेर र अवस्था अनुसार पाउने दण्ड सजाय र जरिवानामा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ । |

पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा अदालतले पीडितको मागदाबि बमोजिम पतिको नाममा देहाय बमोजिमको पीडितलाई भरण पोषणको आदेश जारी गर्न सक्ने भनिएको छ :

क) पत्नीलाई निज बसी आएको घरमा नै बसोवास गर्न दिन, पत्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न

ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

ग) दुवैलाई एकै ठाउँमा बसोवास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

घ) पत्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

### २.२.१ बालबालिका सम्बन्धी ऐन-२०७५ ले गरेको व्यवस्था

जबरजस्ती करणीका अपराधमा बाल बालिका पनि पीडक र पीडित दुवैको रूपमा प्रसस्तै देखिएका छन् । देशमा रहेका बालसुधार गृहहरूमा न्यायिक निरुपण भएर कैद सजाय भोगी रहेका अथवा पुर्पक्षकालागि राखिएका नाबालक किशोर मध्ये अधिकांश जबरजस्ती करणीको मुद्दाका रहेको स्थलगत अध्ययनले पनि पुष्ठि गरेको छ भने यस सम्बन्धमा समाचार पनि त्यतिकै आईरहेका छन् । यस्तो अवस्थामा बालबालिका सम्बन्धी ऐन २०७५ ले कसुर गर्ने नाबालकको उमेरअनुसार निम्न दण्ड सजायको व्यवस्था गरेको छ ।

***तालिका २.२: जबरजस्ती करणीका कसुरदार नाबालक भए कसुर गर्दाको उमेर अनुसार पाउने कैद सजाय र दण्ड जरिवानाको व्यवस्था***

| कसुरजन्य कार्य गर्दा कसुरदारको उमेर | दण्ड सजायको व्यवस्था |
|---|---|
| दश वर्षभन्दा कम उमेर भएमा | निज उपर कुनै प्रकारको मुद्दा नचलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन । |

[२] देहायको अवस्थालाई वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैन र (क) पतिसँग मानो लिई छुट्टी अंश मुद्दा चलेको (ख) पतिसँग अंश लिई छुट्टै बसेको, र(ग) पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको ।

| | |
|---|---|
| १० बर्ष वा सोभन्दा बढी र १४ वर्षभन्दा कम उमेर भएमा | निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेमा कसूरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय वा बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिने । |
| १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा कम उमेरको कसुरदार भएमा | कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ |
| १६ बर्ष वा सोभन्दा माथि र १८ वर्ष वा सोभन्दा कम उमेरको कसुरदार भएमा | कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने |

नाबालक कसुरदारलाई उल्लेखित अनुसारको दण्ड सजायको व्यवस्था भएता पनि बाल अदालतले बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्न सक्ने पनि भनेको छ :

- परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,
- मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,
- एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,
- परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,
- सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,
- निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने ।

बालबालिका सम्बन्धी ऐनका अनुसार अन्यत्र जे लेखिएको भएता पनि कसुरदार बालबालिकाको उमेर सोह्र वर्ष पूरा नभएको अवस्थामा सजाय गर्दा जघन्य कसूर, गम्भिर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु नहुने भनेको छ । त्यसैगरी नाबालकलाई उक्त कसुर गर्न कसैले उक्साएर, सिकाई, दबाब दिई, अह्राई, लोभमा पारी वा जुनसुकै तरिकाबाट गर्न लगाएको पुष्टि भएमा त्यसरी सिकाउने, दबाब दिने, अह्राउने, लोभमा पार्ने बा सो कार्य गर्न लगाउने व्यक्तिलाई निज आफैले सो कसूर वा कार्य गरे सरह कानून बमोजिम सजाय हुनेछ ।

### २.२.२ जाहेरीमा हदम्यादको व्यवस्था

प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरको पाला (बि.सं.१९१०) मा जारी भएको मुलुकी ऐनमा जवरजस्ती करणीका कसुरलाई पीडित महिलाको उमेरका आधारमा वर्गीकरण गरेको छ र सजाय पनि जातअनुसार भिन्न हुने गरी तोकेको छ । पीडित महिलाको उमेर एघार बर्ष भन्दा कम र एघार वर्ष भन्दा बढी गरी दुई महलमा वर्गीकरण गरेको थियो भने त्यस्तो कसुरको जाहेरीमा कुनै हदम्याद तोकेको थिएन (नेपाल कानून आयोग, मुलुकी ऐन १९१०)।

बि.सं.२०२० को नयाँ मुलुकी ऐनले जवरजस्ती करणीको परिभाषा दिदै त्यस्तो कसूरमा पीडितको पक्षबाट ३५ दिन भित्रमा न्यायका लागि जाहेरी दिने वा उजुर बाजुर गरी सक्नु पर्ने हदम्यादको व्यवस्था गरेको देखिन्छ । बि.सं. २०५९ सालमा सो ऐनमा भएको एघारौं संशोधन र लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६३ ले सो मुलुकी ऐनमा संशोधन गर्दै जबरजस्ती करणीको परिभाषालाई पुरुषको लिङ्गले महहिलाको योनी छदन (Penile-vaginal penetration) मा मात्रै सीमित नराखी यसको परिभाषालाई फराकिलो बनाएको देखिन्छ ।

उक्त मुलुकी ऐन २०२० ले व्यवस्था गरेको ३५ दिनको हदम्यादको अवधि ज्यादै कम भएकाले पीडितमा परेको सर्बपक्षिय आघातको उचित अनुसन्धान हुन नसक्ने र पीडितलाई न्याय दिलाउने काममा वाधा पर्ने भएकाले, पीडितहरूको सामाजिक मनोविज्ञन, अनुसन्धानमा लाग्ने समय र न्यायमा पहुँचको अवस्थालाई ध्यानमा राखी कसूरको गाम्भिर्यातालाई ख्याल गर्दै प्रभावकारी अनुसन्धान र अभियोजन गर्न सक्ने गरी पर्याप्त हदम्यादको व्यवस्था गर्ने हिसावले जवरजस्ती करणीको महलको ११ नं. बुँदामा व्यवस्था भएको हदम्याद बढाउन परमादेशका लागी परेको जाहेरीमा सुनुवाई गर्दै सर्बोच्च अदालतले उक्त जबरजस्ती करणीको महलको ११ नं. अनुसारको हदम्याद बढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो ।

सर्बोच्चको उक्त आदेश अनुसार लैङ्गिक समानता कायम गर्नका साथै लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७२ ले सो मुलुकी ऐनको जबरजस्ती करणीको महलको ११ नं. बुँदामा संसोधन गर्दै ३५ दिनको हदम्यादको अवधि बढाएर छ महिना कायम गरेको थियो । त्यसपश्चात यौन हिंसा बिरूद्दका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९ ले मुलुकी अपराध संहितामा संशोधन गर्दै जवरजस्ती करणीमा कसुर जाहेरीको हदम्याद तीन बर्ष सम्म पुर्‍याएको छ । यो हदम्याद फेरी परिमार्जन गर्नु पर्ने माग भए बमोजिम अध्ययन गरी सिफारिस गर्न महान्यायधिवक्ताको कार्यालयले कार्यदल गठन गरी काम भई रहेको भन्ने समाचारहरू यो अध्ययन गर्दै गर्दा आइरहेका छन् ।

यो अध्ययनको क्रममा स्थलगत भ्रमणमा जादा बिशेषत: बाल सुधार गृहका सरोकारवाला र सञ्चालक कर्मचारीबाट एकै उमेरका किशोर किशोरीको सम्बन्धका हकमा यो हदम्यादको अवधि व्यवहारिक हुन नसकेको भनाई राखेका छन् ।

### २.२.२ अभियोजन प्रकृया

जबरजस्ती करणी सम्बन्धी मुद्दा नेपाल सरकारवादी भई दायर हुने फौजदारी कसूर हो । यसमा पीडित, पीडितका आफन्तबाट प्रहरीमा जाहेरी भएपछि प्रहरीले सबुत प्रमाण सहित कसुर सम्बन्धी प्रतिवेदन तयार गरी प्रहरी कार्यालयमा दर्ता गराई प्रहरी कार्यालयले सरकारी वकीलको कार्यालय मार्फत अभियोजन सम्बन्धित जिल्ला अदालतमा गर्दछ । अदालतले कसुरका सम्बन्धमा पेश भएका दसी प्रमाणको अध्ययन, पीडित र पीडक संगको बयानका आधारमा कसुरको न्यायिक निरुपण गर्दै अपराधीलाई दण्ड सजाय र पीडितलाई क्षतिपुर्तिको फैसला गर्ने गरेको देखिन्छ ।

यदि कसैमाथि जवर्जस्ती करणी वा बलात्कार भएमा उक्त घटना हुनासाथ वा भएको थाहा पाउनासाथ तुरुन्तै नजिकैको प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी गर्नुपर्ने व्यवस्था छ । जवर्जस्ती करणीमा पीडित आफैंले वा पीडितको परिवार, आफन्त वा जोसुकैले उजुरी दिन सक्ने कानूनी प्रावधान छ । यस्तो घटना

भएको लगत्तै नजिकको प्रहरी चौकी, महिला सेलमा गएर लिखित वा मौखिक जाहेरी दरखास्त दिनु पर्ने व्यवस्था गरेको छ । त्यस पछि प्रहरीको साथमा तुरुन्तै डाक्टरी परीक्षणका निम्ति अस्पतालमा व्यवस्था गरिएको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा गएर परीक्षण गराउनु पर्ने हुन्छ । त्यहाँजादा घटना हुँदा लगाएका कपडा समेत जाँच गराउनु पर्ने भनिएको छ । स्वास्थ्य परीक्षण अथवा डाक्टरी प्रतिवेदन अभियोजन अगाडी बढाउन महत्वपूर्ण हुन्छ ।

अध्ययनको क्रममा जिल्ला अदालतले गरेका जबरजस्ती करणी सम्बन्धी मुद्दाको फैसलाको निर्णयलाई र सर्वोच्च अदालतले गरेका यस्तै फैसलाको विश्लेषण गर्दा उल्लेखित कानूनी आधारलाई अवलम्वन गरेको स्पस्ट देखिन्छ । जिल्ला अदालत पर्सा, बिरगञ्जमा सकेसम्म जबरजस्ती करणीका मुद्दा एक नम्वर न्यायधिसलेनै हेर्ने र यदि त्यस्ता मुद्दा नाबालक र किशोर किशोरीको हकमा भएमा अनिवार्य एक नम्वर न्यायधिसलेनै हेर्ने व्यवस्था मिलाईएको जानकारी दिईएको थियो ।

जबरजस्ती करणीको मुद्दामा अदालती कार्यवाही सम्बन्धमा कानूनले निम्न अनुसारका विशेष व्यवस्था गरेको र त्यसको परिपालना सुनुवाईको कर्ममा गरिने गरेको जानकारी स्थलगत अध्ययनको क्रममा दिईएको छ :

**बन्द इजलासको व्यवस्था** : जबरजस्ती करणी र यौनजन्य अपराधको मुद्दाको सुनुवाईमा मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अदालतले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारीमात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन पाउने छन् ।

**पीडितको बयानमा विशेष व्यवस्था :** जवर्जस्ती करणी मुद्दामा पीडितको बयान गराउँदा महिला कर्मचारीबाट गराउनु पर्ने, महिला कर्मचारी नभएमा स्थानिय समाजसेवी महिलाको रोहबरमा अन्य कर्मचारीले बयान गराउनु पर्ने व्यवस्था गरिएको छ ।

## २.३ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका पीडितको संरक्षण र सम्बोधन प्रणाली

यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका पीडितको उद्दार, उपचार, संरक्षण र आहातबाट बाहिर निस्कन चाहिने मनोसामाजिक परामर्श अनि कानूनी उपचारका लागि राज्यका तीनै तहका सरकार, स्वास्थ्य संस्था र सरोकारवाला निकायले आ-आफ्नै तहबाट र समन्वयात्मक तवरले सम्बोधन गर्ने गरेको पाईन्छ । स्थानीय सरकारको न्यायिक समितिले आफ्नो पालीका भित्र लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारका बिरुद्ध जनचेतनाका काम गर्ने र अलग्गै नीति निर्देशिका जारी गर्ने गरेको देखिन्छ । तर स्थानीय सरकारहरूले जबरजस्ती करणीका घटना भने फौजादरी कसुर भएकाले आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भन्ने गरेको पाईयो । यति हुदा हुदै पनि अस्पताल आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र र लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समितिमा जिल्ला भित्र रहेका सबै स्थानीय पालिकाका उप-प्रमुख अथवा उपाध्यक्ष पदेन सदस्य रहने व्यवस्था गरेको छ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७७)।

यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी घटनाका पीडितको सामाजिक संरक्षण र बहुपक्षीय उपचार (उद्दार, स्वास्थ्य तथा न्यायिक उपचार, पुनर्स्थापना, मनोसामाजिक परामर्श, जीविकोपार्जन) को सम्बोधन गर्न राज्यका तीनै तह र सामाजिक संघ संस्थाबाट पहल भएको देखिन्छ । यौन दुर्व्यवहार र जबरजस्ती करणीका पीडितको सर्वाङ्गिण उपचार, संरक्षण र सम्बोधनको दायित्व निर्वाह गर्ने निकायको भूमिकालाई यसरी हेर्न सकिन्छ ।

*तालिका २.३: लैङ्गिक हिंसा र जबरजस्ती करणीका कसुरको कानूनी उपचार र सम्बोधन गर्ने निकाय र तीनको दायित्व*

| निकाय | दायित्व |
|---|---|
| अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र | स्वस्थ्य उपचार, कानूनी उपचार र सर्व पक्षिय सम्बोधनको एकिक्रित केन्द्र<br>स्वस्थ्य परीक्षण, चिकित्सकको प्रतिवेदन र स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, शुरक्षा र पुनर्स्थापना |
| महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | लैङ्गिक हिंसा बिरुद्ध प्रबर्धनात्मक कार्यक्रम जस्तै सामाजिक सचेतना, सामुहिक अग्रसरता र सम्बोधनका काम सञ्चालन गर्नु र यस सम्बन्धी काम गर्ने सबै निकाय र संघ संस्थाको अध्यावधिक तथ्याङ्क राख्नु |
| जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत | लैङ्गिक हिंसा र जबरजस्ती करणी कसुरका पीडितको कानूनी र न्यायिक उपचार प्रदान गर्नु । जिल्ला अदालतको फैसला माथि पुनरावेदन आएमा उच्चले र उच्चको फैसला माथि पनि पुनरावेदन आएमा सर्वोच्च अदालतले कानूनी उपचारको निर्क्योल गर्ने |
| प्रहरी कार्यालय | कानूनी उपचार थाल्ने पहिलो सरकार बादी पक्ष : लैङ्गिक हिंसा र जबरजस्ती करणीका उजुरीको जाहेरी लिने, अनुसन्धान गरी प्रमाण जुटाई सरकारी वकिलको कार्यालय मार्फत कानूनी उपचारकालागि मुद्दा अदालतमा दर्ता गराउने । |
| स्थानीय निकाय न्यायिक समिति र महिला तथा बालबालिका शाखा/उपशाखा | लैङ्गिक हिंसाका बहुपक्षिय सम्भावित घटनाको न्यूनीकरण गर्न सामाजिक अग्रसरताका कार्यक्रम सञ्चालन र सामाजिक प्रबर्धन गर्ने गराउने, स्थानीय तहमा यस सम्बन्धित कार्यक्रम तथा कार्य योजना सञ्चालन गर्ने साथै हिंसा पीडित पुनर्स्थापना केन्द्र र सुरक्षित घर (सेफ होम) सञ्चालन गर्ने |
| प्रदेश सामाजिक बिकास मन्त्रालय | लैङ्गिक हिंसाका बहुपक्षिय सम्भावित घटनाको न्यूनीकरण गर्न सामाजिक अग्रसरताका कार्यक्रम सञ्चालन र सामाजिक प्रबर्धन गर्ने गराउने, प्रदेश तहमा यस सम्बन्धित कार्यक्रम तथा कार्य योजना सञ्चालन गर्ने । साथै हिंसा पीडित पुनर्स्थापना केन्द्र र शुरक्षित घर (सेफ होम) सञ्चालन गर्ने |
| सरकारी वकिलको कार्यालय | कानूनी उपचारका कार्य अगाडी बढाउने । लैङ्गिक हिंसा र जबरजस्ती करणीका कसुर सरकारवादी मुद्दा हुने भएकाले स्थानिय प्रहरी कार्यालय र अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापनन केन्द्र संगको समन्वयमा सम्बन्धित जिल्ला अदालतमा कानूनी उपचारका लागि अभियोजन दायर गर्ने र पीडितको पक्षबाट बहस गर्ने । |
| कारागारहरू | कानूनी उपचार : कसुरदारलाई अदालतको आदेश पत्र अनुसार पुर्पक्षकालागि अथवा कैद भुक्तानका लागि थुनामा राख्नु । साथै आचरण सुधारका कार्यक्रम सञ्चालन गर्नु । |
| बाल सुधारगृह | १८ बर्ष मुनिका कसुरदारको कानूनी उपचार वा दण्ड सजाय भुक्तानीको व्यवस्था । कसुरदार नाबालकलाई मुद्दाको पुर्पक्ष अथवा तोकिएको कैद सजाय भुक्तानीका लागि अदालतले दिएको पत्र अनुसार थुनामा राख्ने ठाँउ । |

| | |
|---|---|
| पुनर्स्थापना केन्द्र र सेफहोम | सामाजिक संरक्षण, पुनर्स्थापन र सम्बोधन |
| अधिकार वादी संघ संस्था | सामाजिक संरक्षण, समुदायिक अग्रसरता र सामाजिक सचेतनाका साथै पुनर्स्थापना र कानूनी उपचारका कार्यमा सरकारी निकायको सहयोगी |

### २.३.१ दायित्व बहनमा प्रभावकारिता

अध्ययनको क्रममा सम्बन्धित निकायले बहन गरेको दायित्वको विश्लेषण गर्दा कानूनी उपचारका पक्षहरू जाहेरीमा आएका घटना र कसुरको न्यायिक निरुपणमा आ-आफ्नो क्षेत्रबाट लागेको देखिन्छ । तर समाजमा घटेका सबै घटना वा कसुरलाई कसरी उजुरी वा जाहेरीमा ल्याउने र आउन सक्ने वाताबरण बनाउने भन्ने पक्ष निकै कमजोर देखिन्छ । यो पाटो प्रवर्धनात्मक कार्य जस्तै सामाजिक संरक्षण र सामुदायिक अग्रसरतामा निर्भर हुन्छ ।

***एकद्वार संकट व्यवस्थापन केन्द्र*** : केन्द्र स्थापना र सञ्चालनमा ल्याउनुको प्रस्तावनामा भनिएअनुसार लैङ्गिक हिंसाबाट विशेषगरी महिला तथा बालबालिकाहरू पीडित/प्रभावित हुने गरेका र यसबाट उनीहरूमा शारीरिक, यौनजन्य, मानसिक र मनोबैज्ञनिक, आर्थिक तथा सामाजिक असर परेको हुन्छ । यस्ता समस्याहरूको एकीकृत र प्रभावकारी रूपमा सम्बोधन गर्न नेपाल सरकारबाट स्वीकृत लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना – २०१० को उद्देश्यको बुँदा नं. ३ र लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना –२०६९ को रणनीति ८ बमोजिम लैङ्गिक हिंसाको प्रभावकारी र कुशलतापुर्वक सम्बोधन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुख्य कार्यान्वयन निकाय हुने गरी अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको हो ।

यो एकद्वार संकट व्यवस्थापन केन्द्रको प्रभावकारी सञ्चालनका लागि विभिन्न सरोकारवाला निकायको संलग्नतामा लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समिति, लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समिति र मामिला व्यवस्थापन समितिको व्यवस्था गर्दै ती समितिको काम, कर्तव्य, अधिकार र कार्यसञ्चालन विधि पनि तय गरेको छ । यसैगरी निर्देशिकाको खण्ड ४ मा सो केन्द्रको प्रभावकारी सञ्चालनमा सरोकार राख्ने देहाय बमोजिमका निकायको पहिचान र तिनीहरुको भूमिका र दायित्वका बारेमा उल्लेख गरिएको छ (भूमिका र दायित्वका बारेमा परिशिष्ट २ हेर्नुहोस)।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
- राष्ट्रिय योजना आयोग
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
- गृह मन्त्रालय
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- महान्यायधिवक्ताको कार्यालय
- प्रादेशिक सामाजिक बिकास मन्त्रालय
- अस्पताल
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला प्रहरी कार्यालय

- जिल्ला सरकारी वकिलको कार्यालय
- जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका, र
- गैरसरकारी संस्था एवम् सामुदायिक संस्थाहरू

पीडितलाई एकीकृत जस्तै उपचारात्मक (दुवै कानूनी र शारीरिक), संरक्षणात्मक र सम्बोधनात्मक सेवा एकै ठाउबाट उपलब्ध गराउन सबै सरोकारवाला निकायसंगको समन्वय र सहकार्यमा अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन गरिएको छ । तर अध्ययन भ्रमणको क्रममा भ्रमण गरिएका उक्त केन्द्र सञ्चालित अस्पतालका तोकिएका जिम्मेवार पदाधिकारीसंगको छलफलमा के स्वीकारिएको छ भने यो निकाय अस्पताल भित्र पनि सबै भन्दा सानो ठाउमा कुनामा राखिएको हुन्छ । यस केन्द्रमा हुनुपर्ने कम्तीमा तीन सेवा स्वास्थ्य परीक्षण र उपचार, कानूनी उपचार (अभियोजन अगाडी बढाउन प्रहरी इकाइ र सरकारी वकिलको प्रतिनिधी) र संरक्षण मध्ये अभियोजन अगाडि बढाउन चाहिने शारीरिक परीक्षणको डाक्टरी प्रतिवेदन जारी गर्ने बाहेक केही गर्न नसकिएको व्यहोरा सम्पर्क व्यक्तीहरु बताउनु हुन्छ । उहाँहरूको भनाईअनुसार यसै आहात र पीडामा भएका पीडितलाई घरी प्रहरी कार्यालय, घरी सरकारी वकिलको कार्यालय धाउन बाध्य पारेर कसुर न्यायिक निरुपणका लागि अदालत पुग्नु पहिलेनै निरस हुने अवस्था बनिरहेको छ ।

प्राय सबै अस्पतालमा यो केन्द्र अति साँघुरो ठाउमा राखिएको छ । सञ्चालन निर्देशिकाले तोके अनुसारका सेवा सुवसधाहरू जस्तै परीक्षण कक्ष, सामान्य चिकित्सकिय सामाग्रीहरू, न्यायिक दसी प्रमाण सङकलन सामाग्री, उपचार सामाग्री, कपडा, लेखन सामाग्री, र विशेष अवस्थाकालागि चाहिने अन्य विविध सामाग्रीको अभाव र आपुर्तिमा समस्या हुने गरेको कुरा सबै ठाउमा एक स्वरले आएको थियो ।

यो सेवा केन्द्र देखि जिल्ला तह सम्म सञ्चालनमा भएता पनि एकीकृत तथ्याङ्क सङ्कलन र सम्पादन प्रणाली दुरुस्त बनाउन नसक्नाले देशको कुन क्षेत्रमा लैङ्गिक हिंसा र जबरजस्ती करणीका घटनाको सघनता छ र जाहेरी वा उजुरीमा आउने प्रबृत्ति कस्तो छ भनेर विश्लेषण गर्न सकिने अवस्था भएको छैन ।

***न्यायिक निकाय :*** न्यायिक निकायका तीन पक्ष पहिलो जाहेरी वा उजुरी लिने प्रहरी, दोस्रोमा अभियोजन कर्ता सरकारी वकिलको कार्यालय र तेस्रोमा न्यायिक निरुपण गर्ने अदालत रहेका छन् । यी तीनैले मात्र हालको अवस्थामा फौजदारी कसुरका लैङ्कक हिंसा र जबरजस्ती करणीका मुद्दा प्रभावकारी ढंगले निरुपण गरी रहे जस्तो देखिन्छ । यद्यपि वास्तविक पीडितलाई बिभिन्न हतकण्डा र प्रलोभनमा पारी मुद्दा निस्प्रभावि बनाउने प्रबृत्तिलाई रोक्न नसकिएको प्रति तीनै पक्ष, त्यसमा पनि प्रहरीको बढी चासो भएको देखिन्छ ।

***सरकारका तीन तहका सम्बन्धीत मन्त्रालय र निकाय :*** संघीय प्रदेश र स्थानीय निकायका सम्बन्धित मन्त्रालय र बिभागको भूमिका प्रबर्धनात्मक कार्य जस्तै सामुदायिक अग्रसरता, संरक्षण, अभियान सञ्चालन आदिमा प्रभावकारी हुनु पर्नेमा हालको अवस्थामा खुम्चिएर गएको भान हुन्छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा यस सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने संरचना पनि नभएको देखिन्छ । प्रदेश सामाजिक सरोकार तथा सम्बन्धित मन्त्रालयले प्रबर्धनात्मक कार्यकालागि भनेर केही कार्यविधि बनाएको भएतापनि समुदाय स्तरमा परिणाम आउने काम भएको देखिदैन । यस सन्दर्भमा कोशी र मधेश प्रदेश सामाजिक बिकास मन्त्रालयले लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी प्रदेश नीति बनाएको भन्ने जानकारी दिएता पनि लुम्बिनी प्रदेश सरकारले यस्तो नीति बनाएको पाईएन । स्थानीय निकायका न्यायिक समिति र महिला शाखाहरू अन्य प्रशासनिक काममा मात्रै अलमलिएको देखिन्छ ।

***राष्ट्रिय महिला आयोग :*** आयोग लैङ्गिक हिंसाका सबै पक्षका सूचना र अनुसन्धानको राष्ट्रीय स्रोत केन्द्र हुनु पर्नेमा आफै यसका धेरै पक्षमा अनभिज्ञ भएको देखिन्छ । आयोगले यस क्षेत्रमा प्रवर्धनात्मक र संरक्षणात्मक कामको नेतृत्व लिनु पर्ने हुन्छ । यसकालागि सूचना र अनुसन्धानको पाटो बलियो बनाउनु पर्ने देखिन्छ ।

***कारागार र बालसुधार गृह :*** कारागार र बालसुधार गृह दुवै सुधार गृहनै हुन् भन्ने धारणा भन्दा पर छन् । बाल सुधार गृहमा नाबालिग अवस्थामा पठाएको व्यक्ति बालिग हुँदा पनि त्यही बस्नु परिरहेको छ । हरेक सुधार गृहमा क्षमता भन्दा करीव दुई तीहाई बढीको सङ्ख्यामा बालक अथवा किशोरहरू राखिएको छ । भविश्यको पढाईलेखाई र जीवन बिकासका अवसर लगभग डामाडोल अवस्थामा बालकहरू राखिएका छन् । कारागारको अवस्था पनि उस्तै छ । उदाहरणका लागि बिराटनगर कारागारको हालको कैदी क्षमता ३०० हो भने स्थलगत अध्ययनको क्रममा सो कारागारमा पुगेका दिनको कैदी सङ्ख्या १४४४ थियो । ती कैदी मध्ये १८१ जबरजस्ती करणीको कसुरमा थुनामा थिए ।

***पुनर्स्थापना केन्द्र र सेफहोम :*** सरकारी तबरबाट सञ्चालित पुनर्स्थापना केन्द्र र सुरक्षित घर कति छन् र त्यहाँ कति लैङ्गिक हिंसा पीडितले आश्रय पाई रहेका छन् भन्ने यकिन आँकडा कतैबाट पाउन सक्ने स्थिति छैन । स्थानीय तहले सञ्चालन गरेका यस्ता केन्द्रको कतै विवरण बुझाउनु पर्ने बाध्यता नहुनाले यो अवस्था आएको भनाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको छ । प्रहरी कार्यालयले कुनै पीडित महिलालाई सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्रमा सिफारिस गर्दा प्राय महिला अधिकारबादी संघ संस्थाले सञ्चालन गरेका अथवा परोपकारी फाउण्डेसनले चलाएकामा पठाउने चलन बढी देखियो । यसो हुनुमा सरकारी निकायले सञ्चालन गरेकोमा दिईने संरक्षण र सेवासुविधा प्रति पुलिस प्रशासनकै विश्वास नभएको हो की । उदाहरणका लागि मोरङ जिल्ला प्रहरी कार्यालय, अपराध अनुसन्धान शाखा प्रमुखका अनुसार वाहाँहरू प्रदेश सामाजिक बिकास मन्त्रालयले सञ्चालन गरेको पुनर्स्थापना केन्द्र अथवा सुरक्षित आवासमा बेवारीसे, मानसिक विक्षिप्त अथवा यौन हिंसाका पीडित महिलालाई पठाउनु भन्दा माईती नेपाल र ओरेकले चलाएको अथवा ईटहरीको राधिका फण्डेसनको सुरक्षित आवासमा पठाउदा सुरक्षित ठान्छन् ।

***अधिकारबादी सामाजिक संघ संस्था र फाउण्डेसन :*** यस्ता संघ संस्थाहरुहरू अभियान र उद्देश्यअनुसार सञ्चालन हुने भएकाले केहीमात्रमा प्रवर्धनात्मक र संरक्षणात्मक काम र बढी अधिकारको बहस, पैरवी र वकालतमा प्रभावकारी देखिन्छन् । जस्तै नेपाल भारत सीमा नाकामा चेलीबेटी तथा महिला ओसार पसार नियन्त्रणमा माईती नेपालको भूमिका राज्यका निकायको भन्दा सबल छ । त्यस्तै महिला हिंसा बिरुद्धको अभियानमा ओरेकले आफ्नो पहिचान बनएको छ । तर यिनीहरूको काम भनेको राज्यका निकायलाई सघाउनु हो ।

यस खण्डमा लैङ्गिक हिंसा र जबरजस्ती करणीलाई कानूनी परिभाषामा छलफल र विश्लेषण गर्दै पीडितले पाउने कानूनी उपचार र कसुरदारले पाउने कैद लगायतका दण्ड सजायका बारेमा छलफल गरियो । त्यस पछि कानूनी परिपालना र पीडितको सामाजिक संरक्षण र सम्बोधनमा संलग्न सरोकारवाला पक्ष र तिनीहरुको दायित्व र दायित्व बहनमा प्रभावकारिताका बारेमा छलफल गरियो ।

# अध्याय -३
# जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था

अध्याय दुईमा गरिएको कानूनी परिचर्चाबाट स्पष्ट हुन्छ बलात्कार, सामूहिक बलात्कार र बलात्कारको प्रयासलाई बलात्कार वा जबरजस्ती करणीको परिभाषा भित्र समेटिएको छ । यसमा महिलालाई ललाइफकाइ वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएको छ । महिलाको इच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अङ्गहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, अश्लील शारीरिक हाउभाउद्वारा जिस्क्याउने, सङ्केत गर्ने, अश्लील सन्देशहरू, तस्बिर वा भिडियो पठाउने, त्यस्तै चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता क्रियाकलापलाई यौन हिंसाभित्र राखिएको छ । यसमा पनि जबरजस्ती करणी अथवा बलात्कारका गतिविधि अक्ष्यम्य सामाजिक र मानवीय अपराध भएकाले सुसंस्कृत समाजले अपेक्षा गरेको हुदैन, तर घटिरहेकै हुन्छन । नेपालमा पनि बिगत पाँच बर्षको नेपाल प्रहरीले सम्पादन गरेको अपराध तथ्याङ्कका आधारमा जबरजस्ती करणी र जबरजस्ती करणी प्रयासका प्रबृत्ति नियाल्ने हो भने यस्ता घटना अस्वाभाविक रूपले बढेको होकि भन्ने भान हुन्छ ।

नेपाल प्रहरीले आफ्नो प्रयोजनका लागि लैङ्गिक र हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका मुद्दा तालिका नं. ३.१ अनुसार दर्ता गर्ने र अभियोजन गर्ने गरेको पाईन्छ । यसरी दर्ता र अभियोजनमा आएका घटनालाई सूचना वा जानकारीको रूपमा लिएर २०८० फाल्गुण २५ मा जनकराज सापकोटा नेपालमा पनि कतै जबरजस्ती करणी वा बलात्कार संस्कार हावी भएकोत हैन भन्ने तर्क दिदै समाचार लेख्नु हुन्छ (बक्स ३.१) ।

*तालिका ३.१: लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीमा मुद्दा चल्ने अपराधका प्रकारहरू*

| लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहार अन्तर्गत मुद्दाका पक्ष | जवरजस्ती करणीमा सामेल मुद्दाका पक्ष |
|---|---|
| ▪ जबरजस्ती करणी<br>▪ जबरजस्ती करणी उद्धोग<br>▪ बहुविवाह<br>▪ बालविवाह<br>▪ बोक्सीको आरोप<br>▪ अवैध गर्भपतन<br>▪ जातीय छुवाछुत<br>▪ अप्राकृतिक मैथुन<br>▪ बालयौन दुरूपयोग/दुर्व्यवहार<br>▪ घरेलुहिंसा | ▪ जबरजस्ती करणी<br>▪ अपहरण तथा जबररजस्ती करणी<br>▪ जबरजस्ती करणी गरी कर्तव्य ज्यान<br>▪ मानव बेचविखन तथा जबरजस्ती करणी |

**बक्स ३.१: समाचारमा जबरजस्ती करणी : समाज कतै बलात्कार संस्कार** (Rape Culture) **बोकिरहेको त छैन**

आर्थिक वर्ष २०७५/७६ यताका पाँच वर्षमा मात्रै नेपाल प्रहरीमा ११ हजार ७ सय ६८ बलत्कारका घटनाहरू दर्ता भएको देखिन्छ । यो तथ्याङ्कले हरेक दिन औसतमा सात जना भन्दा बढी महिलाहरू बलत्कारको शिकार भएको देखाउँछ । सबैभन्दा डरलाग्दो पाटो त यो अवधिमा १० वर्ष मुनिका १४०३ जना बालिकाहरू बलत्कारको शिकार हुनु हो । अर्थात् प्रत्येक दिन १० वर्ष मुनिका १ जना भन्दा धेरै बालिका बलत्कारको शिकार भईरहेका छन् । बलत्कारका घटना मात्रै होईन बलत्कार प्रयासका घटनाहरू पनि उत्तिकै छन् । आर्थिक वर्ष २०७५ ७६ यताका/पाँच वर्षमा मात्रै प्रहरीमा जर्बजस्ती करणी उद्योगका ३४२७ मुद्दा दर्ता भएको देखिन्छ । बलत्कारको प्रयासमा पनि १० वर्ष मुनिका बालिकाहरू ठूलो संख्या परेको देखिन्छ । सोही पाँच आर्थिक वर्षमा १८२५ जना बालिकामाथी बलत्कारको प्रयास भएको देखिन्छ । यस्ता सूचनाको संप्रेषण गर्दै सापकोटा अगाडि लेख्छन् बलात्कारका घटनाहरू यसरी वर्षेनी बढ्दै जाने र पीडितहरूमा १० वर्ष मुनिका बालिकाको सङ्ख्या ठूलो हुने, तर यस्तो गम्भीर परिस्थितिबारे विर्मश र बहस नहुने अवस्था दुःखलाग्दो देखिन्छ । यस्तो अवस्थालाई अमेरिकाको 'साउर्दन कन्नेटिकट स्टेट युनिभर्सिटी'ले '*रेप कल्चर*' अर्थात् बलत्कारजन्य संस्कृतिको रुपमा परिभाषित गरेको छ । उनी फेरी लेख्छन् बलत्कार र यौनहिंसाका घटनालाई सामान्यीकरण गर्ने र यस्ता बिषयलाई सञ्चारका माध्यमले र समाजमा प्रभाव राख्ने व्यक्तिहरूले पीडककै पक्षमा बोल्ने समाजलाई 'रेप कल्चर' भनेर परिभाषित गरेको छ । 'रेप कल्चर'मा पितृसत्तात्मक भाषा, महिलाको शरिरलाई वस्तुका रुपमा प्रस्तुत गर्ने र यौन हिंसालाई महिमामण्डन गर्दै महिलाका अधिकार र सुरक्षाका विषयलाई नजरअन्दाज गर्ने प्रवृत्ति व्याप्त हुन्छ ।

समाजमा घटने कुरीतिजन्य घटना र व्यवहारलाई आम जगतमा बिमर्श र चासोकारूपमा उजागर गर्ने पहिलो दायित्व बहन गर्नेमा समाचारका माध्यम (लेख्य र श्रव्य दृश्य) लाई लिईन्छ । यसै तथ्यलाई नियाल्न कान्तिपुर समाचार पत्रको २०८० साल भरिका सबै अङ्कको सर्वे गर्दा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका जम्मा १४ वटा घटनाको मात्र समाचार बानएको पाईयो (अनुसूची ४)। जबकि नेपाल प्रहरीमा आ.ब. २०७९/०८० मा जबरजस्ती करणीका २,४६१ घटनाको जाहेरी परेको थियो ।

यो अध्यायमा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका सम्बन्धमा तीनखाले तथ्याङ्क वा सूचनाको विश्लेषणका आधारमा देशमा सो सामाजिक-आपराधिक समस्याको बर्तमान अवस्था र प्रबृत्तिका बारेमा छलफल गरिएको छ । पहिलोमा नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठनागरिक सेवा निर्देशनालयबाट उपलब्ध बिगत पाँच बर्षको लैङ्गिक हिंसा घटनाको तथ्याङ्कीय विश्लेषण प्रस्तुत गरिएको छ र यस्ता घटनाहरुको प्रदेशगत विविधता हेरिएको छ । दोस्रो खण्डमा नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणका तथ्याङ्क विश्लेषणका आधारमा लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारमा प्रदेश र भौगोलिक विविधता निर्क्योल गर्न खोजिएको छ भने तेस्रो खण्डमा अदालतमा न्यायिक निरुपणकालागि पेश भएका जबरजस्ती करणीका मुद्दाको विवरण र फर्स्योटको अवस्थालाई विश्लेषण गरिएको छ ।

## ३.१ नेपाल प्रहरीको तथ्याङ्कमा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी

### ३.१.१ देशको अवस्था

नेपाल प्रहरीको पछिल्लो पाँच आर्थिक वर्षको तथ्याङ्कअनुसार दर्ता भएका अपराधका मुद्दाहरुमा घरेलु हिंसा पछि सबै भन्दा बढी जवरजस्ती करणी र यौनजन्य हिंसाका घटना देखिन्छन । तालिका ३.२ अनुसार हरेक बर्ष उजुरीमा आउने र मुद्दा दर्ता दुवैको योगमा दुईतिहाई भन्दा बढी घटना घरेलु हिंसाका आउछन् भने दोस्रोमा जम्मा लैङ्गिक हिंसाको सङ्ख्याको १० देखि १२ प्रतिशत घटना जबरजस्ती करणीजन्य अपराधका

आउने गरेको देखिन्छ । घरेलु हिंसाका घटना अघिल्ला दुई बर्षको तुलनामा पछिल्ला दुई बर्षमा निकै बढेको तालिका ३.२ बाट स्पस्ट हुन्छ ।

***तालिका ३.२: लैंगिक हिंसा, यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका अपराधजन्य घटनाको प्रहरीमा उजुरी र मुद्दा दर्तामा आएअनुसार पछिल्लो पाँच बर्षको अवस्था र प्रबृत्ति***

| हिंसाका प्रकार | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| जवरजस्ती करणी | २२३० | २,१४४ (११.९) | २,५३२ (११.७) | २,३८० (९.९) | २,३८७ (१०.३) |
| मानव बेचबिखन तथा जवरजस्ती करणी | | १ | १० | २५ | १० |
| अपहरण र जवरजस्ती करणी | | ३४ | ६७ | ७३ | ५९ |
| कर्तव्यज्यान गरी जवरजस्ती करणी | ११ | ४ | ४ | ९ | ५ |
| **जम्मा जवरजस्ती करणी** | २,२४१ | २,१८४ (१२.२) | २,६१३ (१२.१) | २,४८८ (१०.४) | २,४६१ (१०.६) |
| **जवरजस्ती करणी उद्योग** | ७८६ | ६८७ | ७३५ | ६५५ | ५१८ |
| बहुबिबाह | | ७३४ | ८५२ | ८०९ | ७२३ |
| बालबिबाह | | ६४ | ८४ | ५२ | ५२ |
| बोक्सीको आरोप | | ३४ | ६१ | ४९ | ४३ |
| गर्भपतन | | २९ | २७ | ३७ | ३२ |
| जातीय छुवाछुत | | ३० | ३९ | १५ | २७ |
| **अप्राकृतिक मैथुन** | २४ | २७ | ३६ | ३१ | ३५ |
| **बालयौन दुराचार/दुरुपयोग** | २११ | २३२ | २८१ | ३१४ | ३४३ |
| **घरेलु हिंसा** | | ११,७३८ (६५.४) | १४,२३२ (६६.०) | १७,००० (७१.०) | १६,५१९ (७१.२) |
| **जम्मा** | | १७,९४२ | २१,५७३ | २३,९३८ | २३,२१४ |

*श्रोत: **UNICEF** र **FWLD**, २०७७; प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक निर्देशनालय, नक्साल, काठमाडौ*

*द्रस्टव्य : कोष्ठ भित्रको अङ्कले प्रतिशत जनाउछ*

नेपाल प्रहरीको पछिल्लो पाँच आर्थिक वर्षको तथ्याङ्क अनुसार १६,९३५ विभिन्न चार प्रकारका यौन हिंसाका घटनाहरू दर्ता भएका अथवा मुद्दाको प्रकृयामा गएका छन् ।


***तालिका ३.३: महिलामाथि भएका यौनजन्य हिंसाको पछिल्लो पाँच वर्षको स्थिति***

| यौन हिंसाका प्रकार | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७८ | २०७९/०८० | जम्मा |
|---|---|---|---|---|---|---|
| जवर्जस्ती करणी | ६८.७ | ६९.८ | ७१.३ | ७०.७ | ७३.३ | ७०.८ |
| जवर्जस्ती करणी उद्योग | २४.१ | २१.९ | २०.१ | १८.६ | १५.४ | २०.० |
| अप्राकृतिक मैथुन | ६.५ | ७.४ | ७.७ | ९.७ | १०.२ | ८.३ |
| बालयौन दुराचार/दुरुपयोग | ०.७ | ०.९ | १.० | १.० | १.० | ०.९ |
| जम्मा | **३,२६२** | **३,१३०** | **३,६६५** | **३,५२१** | **३,३५७** | **१६,९३५** |

जसमध्ये करिब ७१ प्रतिशत अथवा ११,९२७ जबरजस्ती करणीसम्बन्धी मुद्दाहरू, २० प्रतिशत अथवा ३,३८१ जबरजस्ती करणीको उद्योग सम्बन्धी मुद्दाहरू, करिब ८ प्रतिशत अथवा १,४१० बाल यौन दुराचार/दुरुपयोग सम्बन्धी मुद्दाहरू र बाँकी १५७ मुद्दाहरू अप्राकृतिक मैथुन सम्बन्धी रहेका देखिन्छन (तालिका ३.३)।

उल्लेखित चार प्रकारका यौनजन्य हिंसा वा दुर्व्यवहारका घटनामा जबरजस्ती करणीका घटना बिगत पाँच बर्षमा एक पछि अर्को बर्ष नजानिदो तरिकाले बढेको देखिन्छ भने जबरजस्ती करणी उद्योगका घटना तुलनात्मक रूपले घटेको जस्तो देखिन्छ (रेखाचित्र ३.१)। विगत पाँच बर्षको औषत आंकडा हेर्दा उल्लेखित चार प्रकारका यौनजन्य हिंसाको कूल सङ्ख्यामा करिब ७१ प्रतिशत जबरजस्ती करणीका घटना भएको देखिन्छ भने आ.ब. २०७५/०७६ को करिब ६९ प्रतिशत भएको यसको अनुपातमा करिब चार प्रतिशतले बृद्धि भएर आ.ब. २०७९/०८० मा ७३ प्रतिशत भन्दा माथि गएको देखिन्छ ।


**रेखाचित्र ३.१ः महिलामाथि भएका यौनजन्य हिंसाका प्रकार अनुसार पछिल्लो पाँच वर्षको अवस्था र प्रबृत्ति**




अर्कोतिर जबरजस्ती करणी उद्योगको अनुपात सोही अवधिमा सुरुका बर्षको २४ प्रतिशतबाट करिव नौ प्रतिशतका दरले घटेर १५ प्रतिशतमा पुगेको देखिन्छ । रेखा चित्र ३.१ बाट के अनुमान गर्न सकिन्छ भने जबरजस्ती करणीजन्य आपराधिक घटना बिगतका पाँच बर्षमा तुलनात्मक रूपले बढेको भान हुन्छ । अर्को के तर्कपनि उब्जन सक्छ भने जबरजस्ती करणीका असफलतामा टुङ्गिने प्रयास वा उद्योगहरू क्रमश : सफल हुन थालेको पो होकी भन्ने प्रश्न उब्जने देखिन्छ ।

नेपाल प्रहरी प्रधान कार्यालयले बि.सं. २०५३/०५४ देखि यौनजन्य दुर्व्यवहारका घटनाको अभिलेख राखेको देखिन्छ । अभिलेखबाट उपलब्ध तीन प्रकारका यौनजन्य दुर्व्यवहार, जबरजस्ती करणी, करणी प्रयास र बालयौन दुरुपयोगका घटनाको प्रबृत्ति हेर्दा जबरजस्ती करणीका घटनाको दर्ता हुने सङ्ख्यामा एक पछि अर्को बर्षमा निकै बढोत्तरी भएको देखिन्छ । जबरजस्ती करणी प्रयासका घटनाको जाहेरी पनि क्रमश : बृद्धि भएको देखिन्छ तर यसको प्रबृत्तिमा हाल आएर केही कमि हुन थालेको हो जस्तो देखिन्छ । बाल यौन दुराचारका घटना भने नगन्य मात्रै देखा पर्दै आएकोमा बर्ष २०७५/०७६ बाट ह्वात्तै बढन थालेको देखिन्छ (रेखाचित्र ३.२ )

**रेखा चित्र ३.२ :नेपालमा जबरजस्ती करणी, करणी प्रयास र बालयौन दुरुपयोगको बिसं २०५३**/०५४ देखि २०७८/०७९ सम्मको प्रबृत्ति




**श्रोत :** *महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय (परिशिष्ट १)*

## ३.१.२ प्रदेश अनुसार यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीको अवस्था र प्रवृत्ति

सङ्ख्या र अनुपात दुवै हिसावले दर्ता भएका कूल लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारका घटनामा कोशी प्रदेशको हिस्सा अन्यमा भन्दा निकै बढी देखिन्छ भने सबैभन्दा कम मधेश प्रदेशमा देखिएको छ (तालिका ३.४)। यसो हुनुमा कोशी प्रदेशमा यस्ता आपराधिक घटना अन्यत्र भन्दा बढी घट्ने भएर भन्दा पनि त्यहाँको सामाजिक साँस्कृतिक खुलापनका कारण अपराध लुकाउने भन्दा न्याय खोज्ने चलन तुलनात्मक रूपले बढी भएको भन्ने जानकारी प्रमुख सूचना दाताबाट आएको छ । त्यसैगरी मधेश प्रदेशमा घटनानै कम भएको नभइ न्यायका लागि अगाडि आउने प्रचलन अति न्युन रहेको भन्ने भनाई आएका छन् ।

प्रहरी कार्यालयमा दर्ता भएका लैंगिक हिंसाका मुद्दा/घटनाहरूको संख्यालाई हेर्दा हरेक पछिल्लो आर्थिक बर्षमा यस्ता प्रकारका हिंसाका घटनाहरु बढिरहेको देखिएको छ । आ.ब. २०७६/०७७ मा नेपालमा लैंगिक हिंसाका १७,९४२ घटना जाहेरीमा आएका थिए भने सो सङ्ख्या आ.ब. २०७९/०८० मा बढेर २३,२१४ पुगेको देखिन्छ । लैंगिक हिंसाका जम्मा घटनामध्ये यौन जन्य हिंसाका घटना को प्रतिशत सबै आ.ब. मा कोशी प्रदेशमा अन्य प्रदेशको भन्दा लगातार बढी र मधेश प्रदेशमा लगातार कम दखिएको छ । कोशी प्रदेश मा आ. ब. २०७६/०७७ मा प्रहरी कार्यालयमा दर्ता भएका लैंगिक हिंसाका १,९०८ घटना हरु मध्ये ३८.३  प्रतिशत घटना लैंगिक हिंसाका थिए भने मधेश प्रदेशमा यस्ता घटना करिव १०

प्रतिशतको हाराहारीमा मात्र देखिएको थियो । आ.ब. २०७९/०८० मा पनि लैंगिक हिंसाका जम्मा घटनामध्ये यौन जन्य हिंसाका घटना को प्रतिशत कोशी प्रदेशमा नै बढी देखिएको छ भने मधेश प्रदेशमा सबै भन्दा कम छ ।

**तालिका ३.४: नेपालमा बिगत चार आर्थिक वर्षमा दर्ता भएका लैंगिक हिंसाका घटना र लैंगिक हिंसाका जम्मा घटनामध्ये यौनजन्य हिंसा/दुर्व्यवहारका घटनाको अनुपात (आ.ब. २०७५/०७६-२०७९/०८०)**

| प्रदेशको नाम | लैंगिक हिंसाका जम्मा घटना | | | | लैंगिक हिंसाका जम्मा घटनामध्ये यौन जन्य हिंसाका घटनाको प्रतिशत* | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६/ ०७७ | २०७७/ ०७८ | २०७८/ ०७९ | २०७९/ ०८० | २०७६/ ०७७ | २०७७/ ०७८ | २०७८/ ०७९ | २०७९/ ०८० |
| कोशी प्रदेश | १,९०८ | २,९४७ | २,८०४ | २,९७५ | ३८.३ | २९.२ | २७.३ | २६.५ |
| मधेश प्रदेश | ४,३९५ | ४,६९० | ५,४५१ | ५,९०९ | ९.९ | १२.१ | ८.५ | ७.७ |
| बाग्मती प्रदेश | ५,०५२ | ५,३४१ | ६,२२२ | ५,६९७ | १४.५ | १३.९ | १३.३ | १४.१ |
| गण्डकी प्रदेश | १,४५२ | १,८०५ | १,९८० | १,५१३ | १७.८ | १७.० | १५.६ | १७.१ |
| लुम्बिनी प्रदेश | २,८०३ | ३,५५२ | ४,०३० | ३,९२३ | १७.५ | १७.६ | १४.७ | १३.१ |
| कर्णाली प्रदेश | १,०५९ | १,३६५ | १,४५२ | १,४२४ | १९.१ | १५.३ | १४.५ | १८.४ |
| सुदुरपश्चिम प्रदेश | १,२७३ | १,८७३ | १,९९९ | १,७७३ | २२.० | १८.८ | १७.७ | १५.६ |
| जम्मा | १७,९४२ | २१,५७३ | २३,९३८ | २३,२१४ | १७.४ | १७.० | १४.७ | १४.५ |

* *यौन जन्य हिंसा ,जवरजस्ती करणी) मानव बेचबिखन तथा जवरजस्ती करणी,अपहरण गरि जवरजस्ती करणी , जवरजस्ती करणी गरि कर्तब्य ज्यान बाल विवाह गरि जवरजस्ती करणी, जवरजस्ती करणी उद्योगअप्राकृतिक, मैथुन, बाल यौन दुराचार*

कोशी प्रदेशमा किन घटना जाहेरीको सङ्ख्या सबै भन्दा बढी र मधेश प्रदेशमा किन सबैभन्दा कम भन्ने सम्बन्धमा प्रमुख सूचनादाताका केही प्रतिनिधि भनाई यसप्रकार छन् :

- मधेश प्रदेशका आठै जिल्लामा महिला माथि हुने हिंसा र यौनजन्य दुर्व्यवहारका घटना सायद देशका अन्य ठाउमा भन्दा निक्कै बढी भएको दैनिक जीवनमा देखिन्छ तर यो प्रदेशको सामाजिक र संस्कृतिक परिवेशले महिला आफूमाथि भएका हिंसा र दुर्व्यवहारका घटना जाहेरी दिन नत प्रहरी कार्यालयमा जान्छन् नत स्वास्थ्य संस्थाको एकद्वार संकट व्यवस्थापन केन्द्रमा जान सक्छन् । अर्का तिर कोही जाहेरीमा आईहाले पनि पीडित महिलाको साथी महिला आउदैनन् । पुरुष आफ्नो परिवारको महिला पीडामा परेको हुँदा हँदै पनि प्राय पीडकलाई उचित दण्ड सजायको दिलाउने पहल गर्नुको साटो सम्झौता तिर झुक्छन् भन्ने भनाई छ अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापनकेन्द्र नारायणी अस्पताल बिरगञ्ज र मधेश प्रदेश अस्पताल जनकपुरका सम्पर्क व्यक्ति र प्रहरी कार्यालय बिरगञ्ज र जनकपुरका अपराध अनुसन्धानका जिम्मेदार पदाधिकारी हरूको ।

- कोशी प्रदेश, कोशी अस्पतालका एकद्वार संकट व्यवस्थापन केन्द्रका सम्पर्क व्यक्ति र मोरङ जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान प्रमुखको भनाईमा यो प्रदेश सामाजिक र सांस्कृतिक विविधता भएकोले केही खुल्ला छ र यस्तो खाले विभेद र अन्याय नसहने प्रबृत्ति बिकास हुदै गएकाले उजुरी गर्ने वा न्यायकालागि अगाडि आउने प्रचलन बढेकाले अन्य भूभागमा भन्दा महिला बिरुद्ध हने हिंसा र यौनजन्य दुर्व्यवहारका घटनाहरू केही बढी भए जस्तो देखिएको हो । उहाँहरू अझ सबै घटना देखा

नपर्ने र समाजमा दैनिक घटने त्यस्ता घटनाको जानकारीमा आएको सङ्ख्या पँच भागमा एकभाग पनि हैनहोला भन्ने दावि गर्नु हुन्छ ।

कोशी प्रदेशमा जवरजस्ती करणीका घटना बढी देखिनुका कारणहरुको बारेमा जिल्ला प्रहरी कार्यालय, मोरङ, विराटनगरका प्रहरी नायव उपरीक्षक भन्नु हुन्छ यस क्षेत्रमा सजग र सचेत मानिस बढी भएकाले चेतनास्तर अलि बढी छ साथै विषयवस्तुलाई गम्भीरतापूर्वक लिने प्रवृत्ति र उजुरी गर्नु पर्छ भन्ने सचेतना पनि बढी छ । अपराधप्रति मानिसहरू सचेत भएका र प्रहरी प्रतिको विश्वासका कारण पनि उजुरीका घटना बढेका छन् । पछौटेपन र अशिक्षा भएका ठाउँमा जवरजस्ती करणीका घटना कम हुने गरेको छ।

**प्रदेशअनुसार जवर्जस्ती करणीका घटना : अवस्था र प्रबृत्ति**

यौनजन्य दुर्व्यवहारका घटनाको उजुरी गर्ने अवस्थाको तालिका ३.४ मा देखिएको प्रबृत्तिको जबरजस्ती करणीका घटनाको उजुरी गर्ने र न्ययकालागि आउने प्रदेश अनुसारको प्रबृत्ति मिल्दो देखिन्छ । विगत पाँच वर्षमा सङ्कलित तथ्याङ्कअनुसार वाग्मती र कोशी प्रदेशमा क्रमश: सबैभन्दा धेरै महिलामाथि भएका बलात्कारजन्य हिंसाका घटना अभिलेखीकरण भएका छन् । अर्थिक बर्ष २०७६/०७७ देखि २०८० चैत्र सम्मको विवरण अनुसार देशमा ११ हजार पाँचसय भन्दा बढी जबरजस्ती करणीका मुद्दा देशभरका प्रहरी कार्यालयबाट दर्ता भएका छन् । दर्ता भएका मुद्दा मध्ये वाग्मती प्रदेशमा सबैभन्दा बढी २६८४ अथवा जम्मा घटनाको २३ प्रतिशत भन्दा केहि बढी छ भने दोस्रोमा कोशी प्रदेशमा २५८२ अथवा २२ प्रतिशत भन्दा बढी दर्ता भएको देखिन्छ । यस्ता घटनाको उजुरी वा दर्ता सबैभन्दा कम ८२३ घटनाको दर्ता कर्णाली र त्यसपछि ८९८ घटनाको दर्ता गण्डकी प्रदेशमा भएको देखिन्छ । जबरजस्ती करणीका घटनाको दर्ता र मुद्दा उठानको विगत पाँच बर्षको अवस्थालाई नियाल्दा मधेश प्रदेश बाहेकका प्रदेशमा जनसङ्ख्याको अनुपात अनुसारनै भएको देखिन्छ । जस्तोकी यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीजन्य अपराधको जोखिममा सबै उमेरका र बर्गका महिला हुने गरेका छन् । त्यसरी हेर्दा जोखिममा रहेका महिलाको कूल सङ्ख्या सबैभन्दा बढी वाग्मती प्रदेश, त्यसपछि क्रमश: मधेश, लुम्विनी र कोशी प्रदेशमा भएको देखिन्छ । अपेक्षा बमोजिम वाग्मती प्रदेशमा जोखिममा रहेका महिलाको सङ्ख्या अनुसारनै सबै भन्दा बढी सङ्ख्यामा त्यस्ता अपराधको मुद्दा चलेको देखिन्छ । त्यसपछि मधेश प्रदेश र लुम्विनी प्रदेशमा हुनु पर्नेमा कोशी प्रदेशमा देखिन्छ र तेस्रो र चौथो स्थानमा मधेश र लुम्विनी प्रदेश भएको देखिन्छ (तालिका ३.४) ।

तालिका ३.४ को दोस्रो खण्डको अन्तिमा कोलममा प्रदेशका कूल महिलामा प्रति एकलाखमा जबरजस्ती करणीको जोखिममा पर्नेको सङ्ख्या अनुमान गर्न खोजिएको छ । उक्त तथ्याङ्कअनुसार त्यस्ता आपराधिक जोखिममा पर्न सक्ने दर प्रति एकलाख महिलामा कोशी प्रदेशमा १०१ जना भन्दा बढी छ भने दोस्रो र तेस्रोमा क्रमश : कर्णाली ९५ जना र वाग्मती ८७ जनामा छ । यो जोखिमको दर सबै भन्दा कम मधेश प्रदेशमा देखिएको छ । यसका पछाडि सो प्रदेशमा सामाजिक र सांस्कृतिक परिवेशका कारण घटना लुकाउने प्रबृत्तिलाई लिन सकिन्छ भन्ने भनाई सो प्रदेशको स्थलगत अध्ययनमा जादा प्रमुख सूचनादाताहरूले जनाएका छन् । जबरजस्ती करणीको जोखिमको सम्भावनामा सबै उमेरका महिलालाई राख्नुमा यस्ता घटनामा चार बर्षका नावालिक देखि ७० बर्षका बृद्धा सम्म पीडित भएका विवरण स्थलगत अध्ययनको क्रममा जानकारी दिईएको थियो ।

*तालिका ३.४: नेपालमा बिगत चार आर्थिक वर्षमा दर्ता भएका जबरजस्ती करणीका प्रदेश अनुसारको घटनाको सङ्ख्या र प्रतिशत, (आ.ब.२०७६/०७७-२०७९/०८०)*

| प्रदेश र आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८० चैत्र सम्म | पाँच बर्षको जम्मा | महिला सङ्ख्या* |
|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | ४९५ | ६०८ | ५२७ | ५७५ | ३७७ | २५८२ | २५४४०८४ |
| मधेश प्रदेश | ३०३ | ४१० | ३४२ | ३५२ | २१९ | १६२६ | ३०४८८४९ |
| बाग्मती प्रदेश | ५२६ | ५३८ | ५९३ | ५८१ | ४४६ | २६८४ | ३०६८१८२ |
| गण्डकी प्रदेश | १६१ | २०९ | २१५ | १८१ | १३२ | ८९८ | १२९५५९४ |
| लुम्बिनी प्रदेश | ३५५ | ४४८ | ४०७ | ३६८ | २९६ | १८७४ | २६६७६७० |
| कर्णाली प्रदेश | १३९ | १५९ | १६१ | २०९ | १५५ | ८२३ | ८६४६५१ |
| सुदुरपश्चिम प्रदेश | २०५ | २४१ | २४३ | १९५ | १४७ | १०३१ | १४२१९९७ |
| **जम्मा ज.क.घटना** | **२१८४** | **२६१३** | **२४८८** | **२४६१** | **१७७२** | **११५१८** | **१४९११०२७** |
| | | | जबरजस्ती करणिका जम्मा दर्ता भएका घटनामा प्रदेशको अंश/प्रतिशत | | | | दुर्व्यवहारमा पर्ने दर** |
| कोशी प्रदेश | २२.७ | २३.३ | २१.२ | २३.४ | २१.३ | २२.४ | १०१.५ |
| मदेश प्रदेश | १३.९ | १५.७ | १३.७ | १४.३ | १२.४ | १४.१ | ५३.३ |
| बाग्मती प्रदेश | ११.७ | २०.६ | २३.८ | २३.६ | २५.२ | २३.३ | ८७.५ |
| गण्डकी प्रदेश | ७.४ | ८.० | ८.६ | ७.४ | ७.४ | ७.८ | ६९.३ |
| लुम्बिनी प्रदेश | १६.३ | १७.१ | १६.४ | १५ | १६.७ | १६.३ | ७०.२ |
| कर्णाली प्रदेश | ६.४ | ६.१ | ६.५ | ८.५ | ८.७ | ७.२ | ९५.२ |
| सुदुरपश्चिम प्रदेश | ९.४ | ९.२ | ९.८ | ७.९ | ८.३ | ८.९ | ७२.५ |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ७७.२ |

* *यौनजन्य दुर्व्यवहारको जोखिममा रहेका कूल महिलाको सङ्ख्या जनगणना २०७८ अनुसार*

** ***प्रति १००००० महिलामा जजकको जोखिममा पर्ने सम्भावना हुनेको सङ्ख्या । यो दर पाँचबर्षको कूल घटनालाई जम्मा महिलाको सङ्ख्याले भाग गरी १००००० ले गुणन गरेर निकालिएको हो ।***

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक निर्देशनालय, नक्साल, काठमाडौं*

## ३.२ घरपरिवार सर्वेक्षणमा यौनजन्य हिंसाको अवस्था र प्रबृत्ति

यो खण्डमा नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ का तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजाका आधारमा महिलामाथि हुने र भइरहेका घरेलु हिंसा अनि यौनजन्य हिंसा र दुर्व्यवहारको अवस्था विश्लेषण गरिएको छ । यस भन्दा अघिल्लो खण्डमा नेपाल प्रहरीमा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका बिरुद्ध उजुरीमा आएका घटनाका आधारमा विवरण प्रस्तुत गरिएको छ भने यस खण्डमा हरेक उत्तरदाता महिलाले गोप्य तवरले आफ्ना भोगाई भन्न पाउदा दिएको जानकारीका आधारमा नतिजा पेश गरिएको छ ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ को घरेलु हिंसाको मोड्युलमा महिला माथि हुने र भइरहेका बहुपक्षीय हिंसा र दुर्व्यवहारका बारेमा १५ देखि ४९ बर्ष उमेर समुहका दुवै विवाहित र अविवाहित महिला संग प्रत्यक्ष तथा अप्रत्यक्ष प्रश्न गरेर नजिकका चिनेजानेका पुरुषबाट भएका महिला हिंसा र यौनजन्य

दुर्व्यवहारको अवस्था उजागर गर्न खोजेको छ । नजिकका चिनेजानेका पुरुषमा बर्तमान र पहिलाको पति, अहिलेका वा पहिलाका पुरुष/केटा साथीलाई लिईएको छ । सर्वेक्षणले ती नजिकको सम्बन्धका पुरुषबाट महिलाले कहिल्यै शारीरिक, मानसिक र यौनजन्य हिंसा वा दुर्व्यवहार गरे नगरेको जानकारी सङ्कलन गरेको छ । यस अन्तर्गत सङ्कलनगरिएका जानकारीमा शारीरिक आक्रमण, यौन सम्पर्कमा जबर्जस्ती गर्ने वा बाध्य बनाउने, मानसिक दुरुपयोग र महिलाको निजि गतिविधि र मामिलामा नियन्त्रण जस्ता रहेका छन् ।

यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीको अवस्था मापन गर्न लिईएका जानकारीमा पति अथवा पुरुष साथीले कहिल्यै आफूले नचाहदा नचाहदै पनि यौन सम्पर्क गर्न अथवा अन्य कुनै यौन गतिविधी गर्न बाध्य पारेको; जीवनको बाल्यावस्था देखि हाल सम्म हालको पति अथवा पुरुष साथी अथवा पहिलाको पति अथवा पुरुष साथी बाहेकका अरू कुनै पुरुषले तपाईको ईच्छा बिरुद्ध कुनै पनि तरिकाले यौन सम्पर्क गर्न अथवा अन्य कुनै यौन गतिविधि गर्न बाध्य पारेको थियो थिएन । यदि थियो भने तपाई कति बर्षको हुँदा उक्त ईच्छा विपरितको यौन दुर्व्यवहार भएको थियो जस्ता विवरणका आधारमा यौनजन्य हिंसाको आँकलन गरिएको छ ।

उक्त सर्वेक्षण प्रतिवेदनको संक्षिप्त नतिजाअनुसार देशमा २७ प्रतिशत महिलाले आफ्नो बर्तमान पति अथवा नजिकको पुरुष साथीबाट शारीरिक, मानसिक र यौनजन्य हिंसा/दुर्व्यवहार भएको अनुभव गरेका छन् । यस्तो पति अथवा नजिकको पुरुष साथीबाट सर्वे भएको दिनबाट विगत १२ महिना भित्रमा हिंसा भएको भनेर जानकारी दिने महिलाको प्रतिशत सन् २०११ को १४ प्रतिशत बाट छ बर्षको अन्तरालमा ३ प्रतिशतले बढेर सन् २०२२ मा १७ प्रतिशत पुगेको देखिन्छ । आफ्नो पति अथवा नजिकको पुरुष साथीबाट शारीरिक, मानसिक र यौनजन्य हिंसा/दुर्व्यवहार भएको अनुभव गरेका महिला मध्ये ५३ प्रतिशत ले उक्त घटनाबाट आफूमा घाउ/चोटपटक भएको र त्यसबाट बाँचेको भन्ने जानकारी दिएका छन् । तर हिंसा र दुर्व्यवहारको सिकार भएका महिलामा त्यस्तो घटना भएको बखत र घटना पछि त्यसको निराकरणका लागि सहयोग खोज्ने प्रचलन कम भएको व्यहोरा कूल पीडितको २८ प्रतिशतले मात्र सहयोग खोजेकोले पुष्टि हुन्छ ।

### ३.२.१ यौनजन्य हिंसा र दुर्व्यवहारको अवस्था

यौनजन्य हिंसा वा दुर्व्यवहारको अवस्था मापन गर्न नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण – २०२२ ले नजिकका पति वा पुरुष/केटा साथीले आफूले नचाहदा नचाहदै शारीरिक वा भौतिकरूपमा यौन सम्पर्क गर्न अथवा अन्य कुनै यौनजन्य गतिविधि गर्न डरधाक देखाएर अथवा अन्य कुनै उपायले बाध्य बनाएको अवस्थालाई नजिकका पुरुषबाट यौनजन्य हिंसा वा दुर्व्यवहार भएको भनि प्रस्ट्याएको छ । सर्वेको नतिजा अनुसार देश भरमा प्रपनन् उमेरका २७प्रतिशत अथवा २,२४७,३८५ महिला जीवनभरमा कुनै पनि बखत तीन (शारीरिक, मानसिक र यौनजन्य) मध्ये कुनै एक वा एकभन्दा बढी खाले हिंसामा परेको देखाएको छ । पति वा नजिकका पुरुष/केटा साथीबाट जीवनमा कहिल्यै यौनजन्य हिंसा वा बलात्कारमा पर्ने प्रजनन् उमेरका (१५ देखि ४९ वर्ष समूहका) महिलाको दर ७.५ प्रतिशत देखिएको छ भने ३.५ प्रतिशतले विगत १२ महिना भित्र त्यस्तो भोगाई व्यहोर्नु परेको बताएका छन् (तालिका ३.५)। यसको मतलव २०७८ को जनगणना अनुसारको प्रजनन् उमेरका ६१७,४१४ महिलाले जीवनमा कहिल्यै र २८८,१२६ महिलाले विगत १२ महिना भित्र पति वा नजिकका पुरुष/केटा साथीबाट यौनजन्य हिंसा/दुर्व्यवहार सहनु परिरहेको

देखिन्छ । देशको सबै भुभाग र समुदायको प्रतिनिधित्व हुने गरी सर्वेक्षणले ५,१७७ महिला संग अन्तर्वार्ता गरेर समग्र महिला हिंसा र यौनजन्य हिंसाको अनुमान गरेको छ ।

***तालिका ३.५: पति वा नजिकको** पुरुष/केटा साथीबाट **जीवनमा कहिल्यै र विगत १२ महिनामा यौनजन्य हिंसा/दुर्व्यवहार भएको बताउने १५-४९ वर्ष उमेर समुहका महिलाको विभिद विशेषता अनुसार प्रतिशत, सन् २०२२***

| महिलाका विशेषता | यौनजन्य हिंसा/दुर्व्यवहारमा पर्नेको प्रतिशत | | महिलाको सङ्ख्या |
|---|---|---|---|
| | हाल सम्म कहिल्यै पर्ने | विगत १२ महिनामा पर्ने | |
| उमेर | | | |
| १५-१९ | ३.३ | २.० | ९५७ |
| २०-२४ | ७.१ | २.९ | ९२१ |
| २५-२९ | ८.६ | ३.८ | ८४७ |
| ३०-३९ | ८.१ | ४.४ | १,४०४ |
| ४०-४९ | १०.० | ४.१ | १,०४८ |
| जात/जाती जनजाती | | | |
| बाहुन/क्षेत्री | ६.२ | २.३ | १,४३६ |
| दलित | ९.७ | ४.५ | ७८३ |
| जनजाती | ६.३ | ३.१ | १,९१० |
| मधेशी | ८.८ | ४.३ | ८०७ |
| मुस्लिम | १३.२ | ९.१ | २३५ |
| प्रदेश | | | |
| कोशी प्रदेश | ७.४ | ३.९ | ८७७ |
| मधेश प्रदेश | १०.६ | ५.५ | १,०४२ |
| वाग्मती प्रदेश | ६.९ | २.९ | १,०३७ |
| गण्डकी प्रदेश | ६.१ | २.३ | ४९६ |
| लुम्विनी प्रदेश | ६.३ | २.४ | ९४७ |
| कर्णाली प्रदेश | ८.८ | ४.५ | ३२९ |
| सुदुरपश्चिम प्रदेश | ४.४ | ३.० | ४५५ |
| वैवाहिक अवस्था | | | |
| अविवाहित | २.४ | ०.२ | १,१४६ |
| कहिल्यै विवाहित* | ८.९ | ४.५ | ४,०३१ |
| विवाहित (पति पत्नी संगै भएका) | ८.४ | ४.६ | ३,८५३ |
| विधवा, पारपाचुके, छुट्टिएका | १९.८ | २.३ | १७८ |
| शैक्षिक अवस्था | | | |
| औपचारिक शिक्षा नभएका | १०.७ | ४.९ | १,३६४ |
| आधारभुत तह (१ - ८ कक्षा) | ८.८ | ५.१ | १,५७९ |
| माध्यमिक तह (९ - १२ कक्षा) | ४.८ | १.८ | २,०५५ |
| माध्यमिक माथी (१३ + कक्षा) | २.५ | ०.० | १७९ |
| देशको औषत | ७.५ | ३.५ | ५,१७७ |

* *कहिल्यै विवाहितमा हाल पति पत्नीको रूपमा संगै रहेका,* विधवा भएका, पारपाचके गरेका वा छुट्टिएर बसेका सबै पर्छन्

*श्रोत : नेपाल जनासांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२*

तालिका ३.५ मा प्रस्तुत सर्वेक्षणको संक्षिप्त नतिजा अनुसार पति वा नजिकका पुरुष/केटा साथीबाट हुने यौन हिंसा/दुर्व्यवहारको अवस्था महिलाका विभिद बिशेषता अनुसार निम्न अनुसार देखिन्छ :

- झण्डै आठ प्रतिशत १५ देखि ४९ वर्ष समूहका महिला बाल्यवस्था देखि हालसम्ममा कुनै न कुनै खाले यौनजन्य हिंसा वा दुर्व्यवहारमा परेका थिए भने ४ प्रतिशत ले बिगत १२ महिना भित्र पनि यस्ता हिंसा वा दुर्व्यवहार व्यहोरेको जनाएका छन् ।
- पति अथवा नजिकका पुरुष/केटा साथीबाट हुने यौनजन्य हिंसा/दुर्व्यवहारका घटना यहि सर्वेक्षणको सन् २०११ संस्करणको १४ प्रतिशत बाट घटेर सन् २०२२ मा ८ प्रतिशत को हाराहारीमा पुगेको छ ।
- जीवनकालमा यौनजन्य हिंसा/दुर्व्यवहारमा पर्नेको अनुपात महिलाको उमेर सैगसैगै बढ्दै गएको तथ्य १५–१९ बर्षको ३ प्रतिशत बाट ४०–४९ बर्षकोमा १० प्रतिशत पुग्नुले स्पस्ट पारेको छ ।
- जातजाती अनुसार यौनजन्य हिंसा/दुर्व्यवहारको अवस्थामा निकै भिन्नता देखिएको छ । सबैभन्दा बढी १३ प्रतिशत मुस्तिम महिला, त्यसपछि १० प्रतिशत दलित महिला र ९ प्रतिशत मधेशी महिलाले जीवनकालमा यौनजन्य हिंसा/दुर्व्यवहारको आहतमा परेको बताउका छन् भने दुवै जनजाती र बाहुन/क्षेत्री समुदायका ६ प्रतिशत महिलामा त्यस्तो अनुभव भएको देखिएको छ ।
- प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ११ प्रतिशत मधेश प्रदेशका त्यस पछि १० प्रतिशत कर्णाली प्रदेशका महिलाले पति अथवा नजिकका पुरुष/केटा साथीबाट यौनजन्य हिंसा/दुर्व्यवहारको व्यवहार भएको अनुभव गरेका छन् भने सुदुरपश्चिम प्रदेशका सबै भन्दा कम ४ प्रतिशत महिलामा यस्तो अनुभवको आँकलन भएको छ ।
- महिलाको वैवाहिक अवस्था अनुसार २० प्रतिशत पारपाचुके भएका, छुट्टिएर बसेका र विधवामा यस्तो अनुभव भएको देखिएको छ भने विवाहित र हाल श्रीमान् श्रीमती संगै बसिरहेका ८प्रतिशत र विवाह नभएका तर पुरुष/केटा साथी भएका ७ प्रतिशत महिलामा यस्तो व्यवहार भएको देखिन्छ ।
- एघार प्रतिशत निरक्षर अथवा अशिक्षित महिलाले जीवनकालमा पति अथवा नजिकको पुरुष/केटा साथीबाट यौनजन्य हिंसा पुरुष/केटा साथीबाट आहत भोग्नु परेको थियो भने माध्यमिक तह भन्दा माथिको शैक्षिक तह भएका शिक्षित ३प्रतिशत महिलामा अनुभव हुने देखिएको छ ।
- बसोबासका भौगोलिक र शहरी/ग्रामीण बिशेषता अनुसार महिलाले पति वा नजिकका पुरुष/केटा साथीबाट भोगेको यौनजन्य हिंसा/दुर्व्यवहारको मात्रामा राष्ट्रिय आँकडा भन्दा उल्लेख्य फरक देखिएको छैन ।

## ३.३ जवरजस्ती करणीका मुद्दाहरूको न्यायिक निरूपणको अवस्था

यस खण्डमा महान्यायधिवक्ताको कार्यालयले नियमित रूपमा प्रकाशन गर्ने बर्ष २०७९/०८० को प्रतिवेदन बार्षिक प्रतिवेदनका आधारमा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी सम्बन्धी मुद्दाको अभियोजन र निरूपणको अवस्था विश्लेषण गरिएको छ। उक्त प्रतिवेदनले तीन तहका न्यायिक निरूपणका अभियोजन कर्ता निकाय महान्ययधिवक्ताको कार्यालय, उच्च सरकारी वकिलको कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयमा दर्ता भएका र कार्वाहीमा रहेका यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीसम्बन्धी मुद्दाको सङ्ख्यात्मक विवरण खुलाउने गरेको देखिन्छ । उक्त विवरणमा लगतको महलभित्र गत बर्षबाट आएका, यस बर्षका नयाँ र जम्मा मुद्दाको सङ्ख्या प्रस्तुत गरिएको छ भने फछ्र्यौटको महलमा कसुर ठहर, सफाई

पाएका, मुल्तवीमा राखेका, तामेली र अन्य मुद्दा देखाईएको छ भने फछ्र्यौट हुन बाँकी मुद्दा बाँकीको महलमा राखिएको छ ।

महान्यायधिवक्ताको कार्यलय मातहतका तीनै तहका वकिलको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका मुद्दा, रिट निवेदन र कारवाहीको आ.ब. २०७९/०८० को विवरण तालिका ३.६ मा प्रस्तुत गरिएको छ । तालिकाबाट नयाँ भन्दा पुराना मुद्दाको चाप बढी र बर्षे पिच्छे फछ्र्यौट हुन बाँकी मुद्दा सर्दैजाने प्रचलन बढी देखिन्छ ।

महान्ययधिवक्ताको कार्यालय मार्फत यो आर्थिक बर्षमा बहस पैरवी र प्रतिरक्षा भइरहेका ९०० मुद्दा मध्ये करिव ७९ प्रतिशत अघिल्लो बर्ष देखिका आएका छन् भने सोही अवधिमा १३ प्रतिशत मात्र मुद्दा फछ्र्यौट भएका र ८७ प्रतिशत अर्को बर्षका लागि बाँकी रहेको देखिन्छ । जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारका मुद्दाको फछ्र्यौट दर तुलनात्मकरूपमा उच्च सरकारी वकिलको कार्यलय मार्फत अभियोजन भई जिल्ला अदालतमार्फत निरूपण हुनेको राम्रो देखिएको छ । आ.ब. २०७९/०८० मा देशका १८ वटै उच्च सरकारी वकिलको कार्यलय मार्फत बहस पैरवी भएका ३,८५५ मुद्दा मध्ये ५८ प्रतिशत फछ्र्यौट भएका छन् भने ४२ प्रतिशत अर्को बर्षलाई सरेको देखिन्छ । यति हुँदा हुदै पनि यो बर्ष फछ्र्यौट हुन बाँकी रहेर अर्को बर्षलाई सरेको मुद्दाको अनुपात अघिल्लो बर्षबाट आएको (३९%) भन्दा बढीनै छ । सोही अवधिमा जिल्ला सरकारी वकिलको कार्यालय मार्फत बहस पैरवी भएका ७,३५९ मुद्दा मध्ये ५४ प्रतिशत अघिल्लो बर्षदेखिका छन् भने ५३ प्रतिशत फछ्र्यौट भएका छन् । जिल्ला सरकारी वकिलको कार्यालय मार्फत चलेका यौनजन्य दुर्व्यवहार र जबरजसती करणी सम्बन्धी मुद्दामा अघिल्लो बर्षबाट यो बर्षमा आएका भन्दा पछिल्लो बर्षलाई सरेको अनुपात कम भएको देखिन्छ (तालिका ३.६) ।

***तालिका ३.६: महान्यायधिवक्ताको कार्यालय मार्फत तीनै तहका सरकारी वकिलबाट बहस पैरवी र प्रतिरक्षा गरिएका यौनजन्य दुर्व्यवहार र जवरजस्ती करणीका मुद्दासंख्या र फछ्र्यौटको अवस्था, २०७९/०८०***

| मुद्दाको बहस पैरवी र प्रतिरक्षा गर्ने वकिलको कार्यालय | लगत मुद्दा | | | फछ्र्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | कसुर ठहर | सफाइ | अन्य | जम्मा | |
| महान्यायधिवक्ताको कार्यालय | ७०८ | १९२ | ९०० | ६४ | ४९ | ४ | ११७ | ७८३ |
| उच्च सरकारी वकिलको कार्यालय *(१८)* | १,४९० | २,३६५ | ३,८५५ | १,१०५ | १,११८ | ३ | २,२२६ | १,६२९ |
| जिल्ला सरकारी वकिलको कार्यालय *(७७)* | ३,९८० | ३,३७९ | ७,३५९ | १,९११ | १,७०० | २६१ | ३,८७२ | ३,४८७ |
| जम्मा | ६,१७८ | ५,९३६ | १२,११४ | ३,०८० | २,८६७ | २६८ | ६,२१५ | ५,८९९ |

प्रतिशतमा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महान्यायधिवक्ताको कार्यालय | ७८.७ | २१.३ | १००.० | ७.१ | ५.४ | ०.४ | १३.० | ८७.० |
| उच्च सरकारी वकिलको कार्यालय *(१८)* | ३९.० | ६१.३ | १००.० | २८.७ | २९.० | ०.१ | ५७.७ | ४२.३ |
| जिल्ला सरकारी वकिलको कार्यालय *(७७)* | ५४.१ | ४५.९ | १००.० | २६.० | २३.१ | ३.५ | ५२.६ | ४७.४ |
| जम्मा | ५१.० | ४९.० | १००.० | २५.४ | २३.७ | २.२ | ५१.३ | ४८.७ |

*नोट : यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी भित्र जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बालयौन दुराचार, अप्राकृतिक मैथुन, वैवाहिक बलत्कार र अन्य यस्तै प्रकृतिका अपराध समेटिएका छन्*

*श्रोतः महान्यायाधिवक्ताको कार्यालय, बार्षिक प्रतिवेदन, २०८०*

यसरी हेर्दा महान्ययधिवक्ताको कार्यालयबाट बहस पैरवी हुने मुद्दा सायद पुनरावेदन हुदै आएर सर्बोच्च अदालतबाट अन्तिम निरूपणको प्रकृयामा हुन्छन् र फछ्र्यौटको दर निकै कम हुन्छ । जिल्ला सरकारी

वकिल र उच्च सरकारी वकिलको कार्यालयबाट चलाईएका मुद्दा क्रमश: जिल्ला र उच्च अदालतमा पेश गरिएका हुन्छन् । जिल्ला अदालतले निरूपण गरेको मुद्दामा वादी वा प्रतिवादी दुवैलाई चित्त नबुझेमा उपल्लो अदालतमा पुनरावेदनमा जान पाउछन् । ती मुद्दा पुनरावेदनका लागि पहिला उच्च अदालतमा जाने र त्यहाँबाट भएको फैसलामा पनि चित्त नबुझेमा सर्बोच्च अदालतमा पुनरावेदन गर्न पुग्ने भएकाले सो न्यायिक निकायमा यस प्रकृतिका मुद्दाको सङ्ख्या कम हुँदा हुँदै पनि फछ्यौंट दर कम भएको देखिन्छ ।

त्यसै गरी बालसुधार गृहमा थुना अथवा पुर्पक्षमा भएका जबरजस्ती करणी मुद्दाका आरोपित पीडकको मुद्दाको हालको अवस्था पोखरा महानगरपालीका वडा नं. १८ सारङकोटमा रहेको बालसुधार गृहलाई नमुनाका रूपमा लिईएको छ । उक्त बालसुधार गृहमा रहेका १०६ किशोरहरू मध्ये ६२ प्रतिशत जबरजस्ती करणीका मुद्दाका छन् । ती कसुरदार मध्ये ६० प्रतिशतको मुद्दा फैसला भएको छ भने ४० प्रतिशत पुर्पक्षको लागि थुनामा छन् (तालिका ३.७) ।

***तालिका ३.७: पोखरा महानगरपालिका वडा नम्बर १८ सराङ्कोट स्थित बाल सुधार गृहमा रहेका बालक हरुको मुद्दागत विवरण***

| मुद्दागत विवरण | सङ्ख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | फैसला | पुर्पक्ष | जम्मा | फैसला | पुर्पक्ष | जम्मा |
| जवरजस्ती करणी र बाल यौन दुराचार* | ४६ | २० | ६६ | ४३४. | १८९. | ६२३. |
| अन्य | १८ | २२ | ४० | १७.० | २०८. | ३७७. |
| **जम्मा** | **६४** | **४२** | **१०६** | **६०४.** | **३९६.** | **१००.०** |

** १६-१८ पुर्पक्षको एक जना बाल यौन दुराचार*

यस सुधार गृहमा पूर्वाधार अभाव रहेको ईञ्चार्ज अजय थापाले बताउनु भएको थियो र बालबालिकाको मुद्दामा हुने ढिला सुस्तीलाई छिट्टो फरछ्यौट हुने व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । राज्यको कानुन समयानुकूल परिवर्तन नहुँदा समस्या देखिएको बताउनुभयो । उहाँले भनेअनुसार, 'बाल सुधार गृहमा १८ वर्षभन्दा माथिका पनि हुनुहुन्छ । १८ वर्ष पुगेपछि उनीहरुलाई राज्यले कि त कारागार पठाउने व्यवस्था मिलाउनु पर्छ हैन भने १८ वर्षमाथिका बालकहरुलाई छुट्टै अवासको व्यवस्था गर्नुपर्छ ।

# अध्याय - ४

# जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारका पीडित र पीडकका बिशेषता, कारण र असरहरू

यौनजन्य दुरर्व्यवहार र जबरजस्ती करणीका घटनामा अधिकांश पीडित पक्ष महिला र पीडक पक्ष पुरुष हुने अध्ययनहरूले देखाएका छन् भने विभिन्न स्रोतबाट उपलब्ध तथ्याङ्कको विश्लेषणले पनि सोही तथ्यलाई उजागर गरेका छन् । पीडितको तर्फबाट प्रहरीमा कार्वाहीका लागि परेका उजुरीका आधारमा हेर्दा कुल पीडितको ८५ देखि ९० प्रतिशत सम्म १८ बर्ष मुनिका किशोरी र बालिका यस्ता आपराधिक गतिविधिबाट प्रताडित भएको देखिन्छन । यसैगरी नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणले - (सन् २०२२) सङ्कलन गरेका घरेलु हिंसासम्बन्धी तथ्याङ्कले भने पति अथवा नजिकको पुरुष/केटा साथीबाट हुने यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाको दर महिलाको उमेर बढेसँगै बढ्दै गएको देखाएको छ । यसै सन्दर्भमा यो अध्ययमा नेपाल प्रहरी र घरपरिवार सर्वेक्षणबाट उपलब्ध तथ्याङ्क र स्थलगत अध्ययनबाट प्राप्त सूचना, तथ्याङ्क र अनुभवका आधारमा यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका पीडित र पिडकका विशेषताका बारेमा छलफल गरिएको छ । त्यसपछि यौनजन्य दुर्व्यवहारका कारण र पीडित/पीडक दुवैमा पर्ने परिणाम/असरहरूका बारेमा विश्लेषण गरिएको छ । साथै जबरजस्ती करणीका घटना र व्यवहार अन्त्यका लागि देखिएका बाधा अड्चन र न्यूनीकरण गर्न चाल्नुपर्ने उपायका बारेमा पनि छलफल गरिएको छ ।

## ४।१ पीडित र पीडकका बिशेषता (Characteristics of Victims and Preparators)

यस उपखण्डमा पहिला यौनजन्य दुर्व्यवहार र हिंसाका घटनाका पीडितका विशेषता त्यसपछि पीडकका विशेषताका बारेमा चर्चा गरिएको छ । विशेषतामा उपलब्ध भए सम्मका जानकारी र तथ्याङ्कका आधारमा दुवै पक्षकाको उमेर, शिक्षा र चेतना, जातजाती चिनजान र पहिचान जस्ता बिषय समेट्ने प्रयास गरिएको छ ।

### ४.१.१ पीडितका विशेषता

पीडितका विशेषतामा दुईखाले दृष्य आएको छ । पहिलोमा देशभरका प्रहरीकार्यालयमा पीडितको तर्फबाट कार्वाही र न्यायकालागि परेका उजुरी र भराईएका पीडितका विवरण पर्छन् । जसमा दुवै यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाको पीडित मध्ये ८५प्रतिशत भन्दा बढी १८ बर्ष मुनिका नाबालिग र किशोरी देखिन्छन् (तालिका ४.१)। अर्का तिर नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण जस्ता घरपरिवार सर्वेक्षणबाट आएका सूचनाले पति वा नजिकको पुरुष/केटा साथीबाट हुने यौनजन्य दुर्व्यवहार र जबर्जस्ती करणीका पीडितको मात्रा महिलाको उमेर बढ्दै जादा बढ्ने देखाएका छन् । स्थलगत अध्ययनको क्रममा प्राप्त जानकारीअनुसार यी दुवै खाले प्रबृत्तिका बिच सामानजस्य ल्याउन सकिने आधार सिर्जना भएका छन् । प्राय चिनजानकै व्यक्तिबाट हुने भए पनि जबरजस्ती करणी घटनाका अविवाहित पीडितहरू कलिलो उमेरका हुने गरेकाले केही बढीमात्रामा उजुरीमा आउने र पति वा चिनजानको पुरुषले जबरजस्ती गरेको भनेर वास्तविक घटनाको तुलनामा धेरै कम उजुरी दर्ता गराउन आउने विवाहित महिलाहरू अधबैसे हुने गरेको खुलासा प्रहरी कार्यालयहरू र अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रका सम्पर्क व्यक्तिबाट आएका छन् । हुन त दुवै अविवाहित र विवाहित किशोरी र महिलामा समाजमा व्याप्त बलात्कार संस्कार

सहने र मौन बस्ने मनोविज्ञान बिकास हुने भएकाले सबै घटना सहजै दर्ता प्रकृयामा नआउने कुरा स्थलगत अध्ययनको क्रममा सम्पर्क गरिएका जानकार व्यक्तिहरूले बताउनु भएको थियो । त्यसमा पनि विवाहित महिलाले सामाजिक र पारिवारिक मान मर्यादा र संस्कारका नाममा अझ बढी दमित हुनु पर्ने भएकाले धेरै कम मात्र न्यायिक उपचारमा जाने गरेको उहाँहरूको भनाई थियो । यस्ता घटनाका पीडित नावालिका अथवा किशोरी भएको र घटनाको प्रकृति अति असैह्य छ भने मात्र उजुरीमा आउने गरेको भनाई दुवै अस्पतालमा आधारित ओसिएमसी (OCMC) र प्रहरी कार्यालयका सम्पर्क व्यक्तिहरूको छ ।

तालिका ४.१ मा देखाइएको उमेरअनुसार जबरजस्ती करणीका पीडितको वितरण हेर्दा विगत पाँच आर्थिक बर्षमा (आ.ब.२०७६/०७७ देखि २०७९/०८०) १८ बर्ष भन्दा मुनिका किशोरी र नावालिकाको हिस्सा लगातार ५५ देखि ५७ प्रतिशत र जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहार दुबैमा गरेर सो उमेर समुहका पीडितको हिस्सा ६१ देखि ६३ प्रतिशत देखिन्छ । यौनजन्य दुर्व्यवहारका गतिविधिबाट नावालिका र किशोरी अझबढी आहत र प्रताडनामा परेको देखिन्छ । सङ्ख्याका हिसावले जबरजस्ती करणी भन्दा यौनजन्य दुर्व्यवहारमा बालिकाको आकार सानो भएता पनि यस्ता गतिविधिबाट कूल पीडित मध्ये उल्लेखित पाँच आर्थिक बर्षमा लगातार कूल पीडितको ८५ देखि ८९ प्रतिशत हिस्सा १८ बर्ष मुनिका नाबालिका र किशोरीको देखिन्छ ।

***तालिका ४.१: नेपालमा बिगत पाँच आर्थिक वर्षमा (आ.ब.२०७६/०७७-२०७९/०८०) देशभरका प्रहरी कार्यालयमा दर्ता भएका जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटनाका पीडितको उमेर अनुसारको सङ्ख्या र प्रतिशतमा वितरण***

| आर्थिक बर्ष | जबरजस्ती करणी | | कूल जजक | यौनजन्य दुर्व्यवहार | | कूल यौनजन्य दुर्व्यवहार | जजक र यौनजन्य दुर्व्यवहार दुवै | | पीडित सबै |
|---|---|---|---|---|---|---|---|---|---|
| | १८ बर्ष मुनि | बयस्क महिला | | १८ बर्ष मुनि | बयस्क महिला | | १८ बर्ष मुनि | बयस्क महिला | |
| २०७५/०७६ | ८८४ | ६७३ | १,५५७ | ३८२ | ६३ | ४४५ | १,२६६ | ७३६ | २,००२ |
| २०७६/०७७ | ९८९ | ८०० | १,७८९ | ३५६ | ६३ | ४१९ | १,३४५ | ८६३ | २,२०८ |
| २०७७/०७८ | १,०४३ | ८२६ | १,८६९ | ३८३ | ६१ | ४४४ | १,४२६ | ८८७ | २,३१३ |
| २०७८/०७९ | १,००९ | ७५० | १,७५९ | ३४५ | ४२ | ३८७ | १,३५४ | ७९२ | २,१४६ |
| २०७९/०८० | १,००२ | ८०३ | १,८०५ | ३९२ | ५४ | ४४६ | १,३९४ | ८५७ | २,२५१ |
| | | प्रतिशतमा | | | | | | | |
| २०७५/०७६ | ५६.८ | ४३.२ | १००.० | ८५.८ | १४.२ | १००.० | ६३.२ | ३६.८ | १००.० |
| २०७६/०७७ | ५५.३ | ४४.७ | १००.० | ८५.० | १५.० | १००.० | ६०.९ | ३९.१ | १००.० |
| २०७७/०७८ | ५५.८ | ४४.२ | १००.० | ८६.३ | १३.७ | १००.० | ६१.७ | ३८.३ | १००.० |
| २०७८/०७९ | ५७.४ | ४२.६ | १००.० | ८९.१ | १०.९ | १००.० | ६३.१ | ३६.९ | १००.० |
| २०७९/०८० | ५५.५ | ४४.५ | १००.० | ८७.९ | १२.१ | १००.० | ६१.९ | ३८.१ | १००.० |

तालिका ४.२ अनुसार यौनजन्य दुर्व्यवहार र हिंसाका पीडितमा एक आर्थिक बर्ष (२०७७/०७८) बाहेक अरू सबै बर्षमा दुईतिहाई वा सो भन्दा बढी १८ बर्ष मुनिका नाबालिका र किशोरी देखिन्छन् भने तीनमा पनि ११ देखि १६ बर्षका बालिका सबै भन्दा बढी जोखिममा रहेका छन् । यो अवस्था लगभग सबै बर्षको तथ्याङ्कले देखाउछ । कूल पीडितमा ३८ देखि ४१ प्रतिशतका बिचमा ११ देखि १६ बर्षका नावालिका र किशोरीहरू देखिएका छन् ।

प्रहरी प्रधान कार्यालयले प्रकाशित बार्षिक तथ्यपत्रका आधारमा प्राय यौनजन्य हिंसा/दुर्व्यवहार र जबरजस्ती करणीजन्य अपराधका पीडित निम्न अनुसारका उमेर, शैक्षिक, सामाजिक र अन्य बिशेषताका हुन्छन् :

- यौनजन्य हिंसाका घटनाहरू सबैभन्दा बढी प्रदेश नं.१ मा र जिल्लाहरूमा क्रमश : काठमाण्डौ, झापा, मोरङ र कैलालीमा बढी दर्ता भएको देखिन्छ।
- यौनजन्य हिंसाका घटनाहरूमा संलग्न तीनचौथाई भन्दा बढी अभियुक्त/पीडकहरू चिनजानका र दुईतीहाई वा बढी पीडितहरू बालिका भएको देखिन्छ ।
- तुलनात्मक रूपमा ११ देखि १६ बर्ष उमेर समूहका बालिकाहरू यौनजन्य हिंसा र दुर्व्यवहारका घटनाका बढी पीडित भएको तथ्याङ्कले देखाउछ ।
- शैक्षिक हिसावले साधारण लेखपढ गर्न जान्ने र निरक्षर महिला र बालिका बढीमात्रमा यौनजन्य दुर्व्यवहार र हिंसाका पीडित भएको देखिन्छ ।
- त्यस्तै निम्न आर्थिक अवस्थाका, पारिवारिक संगति नमिलेका (आमा अथवा बाबु नभएका, सौतेनी मामला भएका) परिवारका बालिका यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाका पीडित भएको देखिन्छ ।

कस्तो व्यक्तिगत र पारिवारिक परिवेशका बालबालिका अथवा महिला यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी घटनाका पीडित हुन्छन् भन्ने जिज्ञासामा स्थलगत अध्ययनको क्रममा प्रमुख जानकार व्यक्तिबाट प्राप्त जानकारी यसप्रकार संक्षेपीकरण गर्न खोजिएको छ :

- ९५ प्रतिशत घटनामा १८ बर्ष मुनिका बालिकाहरू पीडित हुन्छन् (OCMC का सम्पर्क व्यक्ति); शारीरिक वा मानसिक रुपमा कमजोर (अपाङ्गता भएका), प्राय आमा अथवा बाबु नभएका परिवारका, झड्केलो बाउ भएका परिवारका, आर्थिक अवस्था कमजोर भएका र अभिभावकले किशोरावस्थामा पुगेका आफ्ना बच्चाको दैनिक गतिविधिका बारेमा वेवास्ता गरेका, उमेर पुगेका कोही कोही महिला लेनदेनको मोलमोलाई गर्न पल्केका, चेतनाको कमि भएका र यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारका बारेमा थोरै पनि ज्ञान नभएकाहरू यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाका पीडित हुने गरेको छ ।

*तालिका ४.२: नेपालमा बिगत छ आर्थिक बर्षमा यौनजन्य दुर्व्यवहार र हिंसाका पीडितको उमेर अनुसार सङ्ख्या र प्रतिशतमा वितरण*

| आर्थिक बर्ष | पीडित विवरण | | | | जम्मा पीडित | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १८ बर्ष मुनी | ११-१६ बर्ष | १९ बर्ष माथी | पीडित पुरुष | | १८ बर्ष मुनी | ११-१६ बर्ष | १९ बर्ष माथी | पीडित पुरुष |
| २०७४/०७५-२०७६/०७७ तीन बर्ष | ५,४१९ | ३,२७३ | ३,२०८ | ५८ | ८,६८५ | ६२.४ | ३७.७ | ३६.९ | ०.७ |
| २०७७/०७८ | २,३१७ | १,४१८ | २,१८४ | ३४ | ४,५३५ | ५१.१ | ३१.३ | ४८.२ | ०.७ |
| २०७८/०७९ | २,२५४ | १,३८६ | १,२२० | ३६ | ३,५१० | ६४.२ | ३९.५ | ३४.८ | १.० |
| २०७९/०८० | २,१७२ | १,३९३ | १,१९६ | ३४ | ३,४०२ | ६३.८ | ४०.९ | ३५.२ | १.० |

*द्रष्टव्य : यौनजन्य दुर्व्यवहार/हिंसा भित्र जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बालयौन दुर्व्यवहार/दुराचार र अप्राकृतिक मैथुनका घटनामा समेटिएका छन् ।*

### ४.१.२ पीडकका विशेषता

अध्ययन तथा उपलब्ध तथ्याङ्कीय विश्लेक्षणले ९९ प्रतिशत भन्दा बढी यौनजन्य हिंसा/दुर्व्यवहार र जबरजस्ती करणीका घटनामा विभिन्न उमेर समुहका आरोपित पुरुष नै पीडक हुने गरेको देखाएका छन् ।नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको बार्षिक प्रकाशन, महिला हिंसाको तथ्यपत्र अनुसार प्राय सबै बर्षहरूमा ९९ प्रतिशत भन्दा बढी आरोपित पीडक पुरुष, त्यसमा पनि १९ देखि २५ बर्ष समुहकाको बाहुल्यता भएको औंल्याएको छ ।

अर्कोतिर नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण सन् २०२२ ले १५ देखि ४९ बर्ष उमेर समुहका महिलामाथि हुने यौनजन्य हिंसा/दुर्व्यवहारका ९३ प्रतिशत पीडक आफनै पति वा पुरुष/केटा साथी हुने गरेको र ५ प्रतिशत चिनजानका साथी/संगतीका पुरुष हुनेगरेको बताएका छन् । बाँकी दुई प्रतिशत पीडितले पीडक चिनजान बाहिरका पुरुष हुनेगरेको बताएका छन् ।

तालिका ४.३ मा नेपाल प्रहरीको विगत छ आर्थिक बर्षका जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका दर्ता भएका उजुरीमा पीडक आरोपितको उमेर अनुसारको विवरण देखाइएको छ । तालिकाअनुसार यस्तो अपराधमा सबै भन्दा बढी सङ्ख्या र अनुपातमा (३४% देखि ४२% सम्म) १९ देखि २५ बर्ष उमेर समुहका युवा पुरुष सम्लग्न भएका देखिन्छन् । त्यसपछि २६ देखि ३५ बर्ष समुह र ३६ बर्ष माथिका पुरुषहरू बढी आरोपित पीडककोरूपमा देखिन्छन् । पछिल्ला दुई बर्षमा पीडकमा आरोपित महिलाको सङ्ख्या र अनुपात पनि झण्डै एक प्रतिशतको हाराहारीमा पुगेको देखिन्छ ।

*तालिका ४.३:* ***नेपालमा बिगत छ आर्थिक बर्षमा यौनजन्य दुर्व्यवहार र हिंसाका आरोपित पीडकको उमेर अनुसार सङ्ख्या र प्रतिशतमा वितरण***

| आर्थिक बर्ष | पीडक विवरण सङ्ख्या | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १८ बर्ष मुनी | १९-२५ बर्ष | २६-३५ बर्ष | ३६ बर्ष माथी | पीडक महिला | |
| २०७४/०७५-२०७६/०७७ | १,२४६ | ३,४९५ | २,४६९ | २,४८२ | १० | ९,७०२ |
| २०७७/०७८ | ४३६ | १,४६७ | १,०१० | १,०४५ | ११ | ३,९६९ |
| २०७८/०७९ | ३७६ | १,३८२ | ९९७ | ५१७ | २४ | ३,२९६ |
| २०७९/०८० | ३७८ | १,२४८ | ९४९ | १,०६१ | ३४ | ३,६७० |
| प्रतिशत | | | | | | |
| २०७४/०७५-२०७६/०७७ | १२.८ | ३६.० | २५.४ | २५.६ | ०.१ | १००.० |
| २०७७/०७८ | ११.० | ३७.० | २५.४ | २६.३ | ०.३ | १००.० |
| २०७८/०७९ | ११.४ | ४१.९ | ३०.२ | १५.७ | ०.७ | १००.० |
| २०७९/०८० | १०.३ | ३४.० | २५.९ | २८.९ | ०.९ | १००.० |

यौनजन्य हिंसा/दुर्व्यवहारमा संलग्न पीडक र पीडितको नाता सम्बन्ध र चिनजानको अवस्थाका बारेमा नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणले ९० प्रतिशत भन्दा बढी पीडकहरू पति वा नजिकको पुरुष साथी हुनेगरेको देखाएको छ । तर प्रहरीमा जाहेरी परेका पीडकमा भने पतिको अनुपात अति न्युन देखिएको छ र सबै भन्दा पछिल्लो बर्ष करीव १२ प्रतिशत भन्दा कम अनुपातका आरोपित पीडक पति र घरपरिवारका नाताका भएको देखाएको छ । यसबाट के स्पस्ट हुन्छ भने पति र परिवारका पुरुष सदस्यबाट हुने अधिकांश यौनजन्य हिंसाका घटना जाहेरीमा आउन पाउदैनन् ।


तालिका ४.४ मा यौनजन्य हिंसा/दुर्व्यवहार र जबरजस्ती करणीका घटनाका पीडित र पीडकका बिचको नाता रम्बन्ध र चिनजानको अवस्थाका आधारमा परेका उजुरीमा खुलाईएका आरोपित पीडकको सङ्ख्या र प्रतिशत प्रस्तुत गरिएको छ । तालिका अनुसार उजुरी बर्ष अनुसार ३८ देखि ४८ प्रतिशत सामान्य चिनजानका र २६ देखि ३३ प्रतिशत छिमेकीहरू पीडकको रूपमा आरोपित छन् । करिव ७ देखि १२ प्रतिशत पीडक पति र परिवार सदस्य दुवै मिलाएर देखिन्छन् भने बढीमा दुई प्रतिशतको हाराहारीमा पुर्व पति वा शिक्षक पनि पीडकको रुपमा अरोपित भएको देखिन्छ ।

यसरी हेर्दा करिव ७९ देखि ८८ प्रतिशत आरोपित पीडकहरू नाता सम्बन्ध र चिनजानका हुने गरेको र १२ देखि २२ प्रतिशत पीडकहरू चिनजान बाहिरका पुरुष हुने गरेको देखिन्छ (रेखाचित्र ४.१) ।

***तालिका ४.४: नेपालमा बिगत छ आर्थिक बर्षमा यौनजन्य दुर्व्यवहार र हिंसाका पीडित र पीडक बिचको चिनजान र सम्बन्धका आधारमा अभियुक्त पीडको सङ्ख्या र प्रतिशतमा वितरण***

| आर्थिक बर्ष | **पीडक सँगको चिनजान र नाता सम्बन्ध** | | | | | | | जम्मा अभियुक्त |
|---|---|---|---|---|---|---|---|---|
| | पति/ श्रीमान् | परिवारका अन्य नाता | सामान्य चिनजान | छिमेकी | शिक्षक र पुर्व पति | जम्मा चिनेजानेका | अपरिचित | |
| २०७४/०७५-२०७६/०७७ | ६९ | ६११ | ३,८१२ | २,९७८ | १५५ | ७,६२५ | २,०८४ | ९,७०९ |
| २०७७/०७८ | ४७ | ३६७ | १,५१९ | १,३२० | ४१ | ३,२९४ | ६८० | ३,९७४ |
| २०७८/०७९ | ३१ | २९२ | १,७७५ | १,०३८ | ४८ | ३,१८४ | ६४५ | ३,८२९ |
| २०७९/०८० | ६२ | ३७४ | १,७८७ | ९५३ | ६७ | ३,२४३ | ४३५ | ३,६७८ |
| प्रतिशतमा | | | | | | | | |
| २०७४/०७५-२०७६/०७७ | ०.७ | ६.३ | ३९.३ | ३०.७ | १.६ | ७८.५ | २१.५ | १००.० |
| २०७७/०७८ | १.२ | ९.२ | ३८.२ | ३३.२ | १.० | ८२.९ | १७.१ | १००.० |
| २०७८/०७९ | ०.८ | ७.६ | ४६.४ | २७.१ | १.३ | ८३.२ | १६.८ | १००.० |
| २०७९/०८० | १.७ | १०.२ | ४८.६ | २५.९ | १.८ | ८८.२ | ११.८ | १००.० |

**रेखाचित्र ४.१: यौनजन्य हिंसा/दुर्व्यवहारका पीडित र पीडक बिचको चिनजानको अधारमा पीडकको प्रतिशत वितरण**




नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण सन् २०२२ का अनुसार करिव दुई प्रतिशत जीवनकालमा यौनजन्य हिंसा वा दुर्व्यवहारमा परेका १५ देखि ४९ बर्षका प्रजनन् उमेरका महिलाले चिनजान भन्दा बाहिरका व्यक्तिबाट त्यस्तो व्यवहार भएको र एक प्रतिशत भन्दा कम महिलाले बिगत १२ महिनमा पनि आफूमाथि त्यस्तो व्यवहार भएको जनाएका छन् । यसरी हेर्दा प्रहरीमा दर्ता हुने जाहेरीमा भन्दा पारिवारिक तहमा अपरिचित व्यक्तिबाट हुने यौनजन्य हिंसा वा दुर्व्यवहार निकै कम हुने रहेछ भन्ने देखिन्छ । अपरिचितबाट हुने यौनजन्य हिंसा र बलात्कारको जोखिममा अरू समुदाय भन्दा मुस्लिम समुदायका महिला बढी भएको तथ्य उक्त सर्वेक्षणले देखाएको छ । त्यसै गरी प्रदेशगत अवस्था नियाल्दा मधेश प्रदेशको ग्रामीण क्षेत्रका ४ प्रतिशत महिला त्यस्तो हिंसा वा पीडाको जोखिममा भएको देखाएको छ । तर अपरिचित पुरुषबाट हुने यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका हिंसाको मात्रा अविवाहित तर केटा/पुरुष साथी भएका पाँच प्रतिशत महिलामा भएको देखिन्छ ।

कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नम्बर १८ सराङकोटमा अवस्थित बालसुधार गृहमा क्षमता भन्दा बढी बालक राखिएको देखिएको छ । यस सुधार गृहमा १८ जिल्लाका विभिन्न मुद्दा लागेका १०६ जना छन् । जसमध्ये जवरजस्ती करणी र बाल यौन दुराचारको मुद्दामा ६६ (६२%) र अन्य मुद्दामा ४० जना थुनामा छन् (तालिका ४.५)। जबरजस्ती करणी र बालयौन दुराचारको मुद्दामा १८ बर्ष वा सो भन्दा कम उमेरका ३१ जना (२९%) बालकहरू र ३५ जना (३३%) १८ बर्ष माथिका छन् । यसबाट के स्पस्ट हुन्छ भने बाल अपराधमा संलग्नमध्ये करीव दुईतिहाई जबरजस्ती करणी र बालयौन दरराचारका घटनाको दोशी वा आरोपि हने रहेछन् । यस्तै परिदृष्य लगभग बिरगञ्ज, बिराटनगर र भैरहवाका बालसुधारगृहको पनि देखिन्छ ।

यी थुनुवा बालकहरूमध्ये ६४ जनाको फैसला भइसकेको छ भने ४२ जना पूर्पक्षका लागि राखिएका छन् ।जबरजस्तीकरणीका ६५ जनामध्ये ४६ जनाको मुद्दा फैसला भइसकेको र १९ जना पूर्पक्षका रहेका छन् । यसबाट बालबालिकाको मुद्दामा पनि ढिला सुस्ती हुने आँकलन गर्न सकिन्छ ।

***तालिका ४.५: पोखरा महानगरपालिका वडा नम्बर १८ सराङ्कोट स्थित बालसुधार गृहमा रहेका बालकहरूको मुद्दा र उमेरगत  विवरण***

| मुद्दागत विवरण | सङ्ख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | <=१५ वर्ष | १६-१८ वर्ष | १८ वर्ष माथि | जम्मा | <=१५ वर्ष | १६-१८ वर्ष | १८ वर्ष माथि | जम्मा |
| जजक र बाल यौन दुराचार* | १३ | १८ | ३५ | ६६ | १२३. | १७.० | ३३.० | ६२३. |
| अन्य | ५ | २३ | १२ | ४० | ४७. | २१७. | ११३. | ३७७. |
| **जम्मा** | **१७** | **४१** | **४७** | **१०६** | १६.० | ३८७. | ४४३. | १००.० |

*जजक : जबरजस्ती करणी*

** १६-१८ बर्षको एक जना बाल यौन दुराचार*

## ४.२ यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका कारण

जबरजस्ती करणी र यौनजन्य हिंसा/दुर्व्यवहारका कारणमा पीडक केन्द्रीत र पीडित केन्द्रीत गरी अलग अलग तरिकाले हेर्नु पर्ने सुझाव स्थलगत अध्ययनबाट पाईएको थियो भने अध्ययनहरूले पनि सोही निष्कर्ष निकालेका छन् । पीडकमा प्राय मौका पर्दा दमित यौन चाहना जसरी भए पनि तृप्ति गर्ने अभिलाषा हुन्छ र यही चाहना पुरा गर्न विभिन्न उपाय अपनाउने प्रबृत्तिको बिकास हुन्छ भन्ने छ भने अर्को तिर पीडितहरुमा प्राय अज्ञानता, चेतनाको कमि, कमजोर पारिवारिक अवस्था, अभिभावकत्वको कमि जस्ता पक्ष महत्वपूर्ण रहेको देखिन्छ ।

जबरजस्ती करणी अथवा वलत्कार हुने कारणका सम्बन्धमा विभिन्न विद्वानहरूले आ—आफ्नो दृष्टिकोण राखेका छन् । समाजशास्त्रीहरू बलात्कार समाजको अपराधिक मानसिकताका कारणले हुन्छ भन्दछन् भने औषधी विज्ञानले १५ वर्ष देखि ५५ वर्षसम्म मानिसमा अत्याधिक यौन चाहना हुने र यसलाई पूरा गर्न कुण्ठित हुनुपरेको अवस्थामा वलत्कार गर्न सम्म उद्यत हुने गरेको धारणा व्यक्त गरेको छ । यसैगरी सामाजिक अभियान्ताहरू प्रविधिको दुरुपयोग र पितृसतात्मक समाजको सोच र बलात्कार संस्कारलाई सहजरूपमा लिने परिपाटीका कारण बलत्कार हुने गरेको बताउँछन् । समग्रमा बलात्कार हुने कारणहरूलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ ।

- बलात्कार पछिको जीवनमा पीडक भन्दा पीडितमा बहुपक्षीय समस्या हुने भएकाले पीडक पुरुषमा यस्तो सामाजिक र कानूनी अपराध गर्नु हुदैन र आवेगलाई संयममा राख्नु पर्छ भन्ने चेतना नहुनु ।
- पीडितहरूमा चेतनाको कमि र झुट्टा आस्वासन पनि साँचो हो भन्ने विश्वासमा पर्ने प्रबृत्ति ।
- सामाजिक सञ्जालमा आशक्त र त्यसमा देखे सिकेका घटना र व्यवहारलाई कार्यान्वयनमा ल्याउने अभिलाषा ।
- पारिवारिक पृष्ठभूमि र विखण्डित परिवार ।
- एक्लो असहाय महिला र किशोरी देख्ने वित्तिकै आफनो यौन तृप्तिको माध्यमको रूपमा हेर्ने र मौका पर्ने बित्तिकै बलात्कारमा उत्रने प्रबृत्ति (Opportunistically rapists)।

- अपाङ्गता भएका महिला र प्रतिकार गर्न असक्त अवस्थाका महिला र बालिका हुनु ।
- यौन र यौनिकता सम्बन्धि शिक्षा र कानूनी शिक्षाका बिच तालमेल नहुनु र थोरै भएको यौन र प्रजनन् शिक्षाका पाठमा पनि पढाईमा कम चासो दिनु ।
- पारावारिक बदलाको भावना र बदला साँध्दा परिवारका कमजोर बालिका अथवा किशोरीलाई निशाना बनाउने प्रबृत्ति ।
- कानूनी कार्वाहीमा पारिवारिक, सांगठानिक, र कतिपय अवस्थामा राजनैतिक पहुँचको प्रभाव, र यस्तै अन्य देखिएका छन् ।

स्थलगत अध्ययनको क्रममा जानकारीमा आएका जबरजस्ती करणीका कारणका केही उदाहरणहरू यस प्रकार हेर्न सकिन्छ

मोवाईल किनिदिन्छ, फेसबुक चलाउन दिन्छु, बजार घुमाउछु र नयाँलुगा कपडा किनिदिन्छु, पछि विवाह गर्छु, घरमै लैजान्छु भनेर फकाएको भरमा केटीले यौन सम्पर्क गर्न मान्ने र पछि केटाले धोका दिएका घटना धेरै छन् । जबरजस्ती करणीका मुद्दामा यस्ता प्रकृतिका घटनाहरू धेरै छन् । यो केटीहरू वा महिलामा भएको चेतनाको कमि र केटा वा पुरुषमा भएको मौका छोपेर यौन चाहना पुरा गर्ने प्रबृतिको उपज हो भन्न सकिन्छ । पहिला देख्दा राजिखुशि मै भए जस्तो देखिएता पनि यस प्रकारका घटना अक्ष्यम्य नै हुन्छन् ।

परिवारको आर्थिक अवस्था पनि जबरजस्ती करणीका कारण हुन्छन् भन्ने उदाहरण बिशेषत: मधेश प्रदेशमा धरै भएको बिरगन्ज, जनकपुर र भैरहवाका जिल्ला प्रहरी कार्यालयको अपराध अनुसन्धान शाखाका सम्बन्धित अधिकारीले जनाउनु भएको छ । जस्तोकी घरको घेरा बारा र झ्याल ढोका बलियो बन्दिलो नभएका कारण किशोरी छोरी एक्लै सुतेको कोठामा छरछिमेकका व्यक्ति पसेर बलात्कार गर्ने र बलात्कार उद्योग गर्ने गरेका घटना उल्लेख्य आउने जनाएका छन् ।

परिवार विखण्डन भएर सौतेनी मामला भएका परिवारमा यदि नाबालिका छन् भने प्राय यौन शोषण र जबरजस्ती करणीको पीडामा पर्ने गरेका घटना आउछन् । पथलैया र नीजगढमा सौतेलो बाउले श्रीमतिको पहिलो लोग्ने तर्फका ७ बर्ष र १० बषर्की छोरी बलात्कार गरेका घटना भए पनि अपराधीलाई कार्वाहीमा ल्याउन खोज्दा आमाले नै पीडकको पक्ष लिएर बचाउन खोजेका, पथलैयामा नाबालिका छोरीकी एकल आमासँगको हिमचिम बढाएर आमाचाँहि काममा गएको बेलामा ९ बर्षकी छोरीमाथि स्थानीय गुम्वाको लामाले बलात्कार गरेको घटना पनि स्थलगत अध्ययनको क्रममा जानकारी भएको थियो । यो घटनामा पनि आमाले चाही लामाको पक्ष लिएर छोरीले लामालाई नचाहिदो आरोप लगाएको र छोरीको स्वास्थ्य परीक्षण गर्न नमानेको भन्ने जानकारी आएको थियो ।

घरमा श्रीमती हुँदा हुँदै राम्रै परिवार शैक्षिक स्तर र पेशा भएका बाबुले स्कुल पढ्ने छोरीलाई बारंबार बलात्कार गरेको झापाको घटना केही बर्ष पहिला समाचारमा छ्याप्छ्यापि भएको थियो भने सुनसरीको चक्रघट्टी र खोटाङको कुनै गाँउमा पनि आमाको जानकारीमै बाबुले बारम्बार छोरी बलात्कार गरेका घटना स्थलगत भ्रमणको क्रममा जानकारीमा आएका थिए । अझ खोटाङ तिरको केसमा आमालाई तपाईले किन जान्दा जान्दै आफ्नै छोरीलाई बलात्कार गर्न लोग्नेलाई छोडिदिएको भन्ने जवाफमा उसलाई आईमाई चाहिन्छ, म बुढी हुदै गए भन्ने बित्तकै ठिक पर्न सक्दिन बरू छोरीमाथि नै जावस् भनेर छोडिदिएको भन्ने जवाफ बयानमा आएको थियो । त्यस्तै गरी बिराटनगरका एक राम्रै परिवारका पुरुषको श्रीमती बितिन्।बाबुले दुई छोरी हुर्काएर बसे । ठूली छोरी कुनै बिदेशी वायुसेवामा काम गर्न थालिन्, घरमा बाउ र कान्छी छोरी मात्रै भए

। कान्छी छोरी पनि विज्ञानमा स्नातकोत्तर पढ्दै गरेकी, तर बाउले आफ्नो यौन चाहना सोही छोरीमा पोख्न थाले । कान्छीले सहेर बसिन् पछि दिदी चाँहीले थाहापाए पछि मामला कार्वाहीमा गयो ।

बिरगञ्ज प्रहरी कार्यालयमा आएको एउटा घटनामा करिव १३-१४ बर्षकी किशोरी बेलुका करीव ९ बजेको हाराहारीमा घरमा दिसा पिसावको अलग्गै चर्पी नभएकाले बाटो छेउमा पिसाव गर्न निस्कदा मोटरसाईकलमा आएका दुई जनाले मुख थुनेर जबर्जस्ती उठाएर नजिकैको खेतमा लगेर पालै पालो बलात्कार गरेर छोड्छन् । घटना प्रहरीमा जाहेरी हुन्छ तर पीडक तत्काल पत्ता लाग्दैनन् । प्रहरीले सो क्षेत्रका सम्भावित शंकास्पद पुरुषहरूलाई बोलाउदै बयान लिने र पीडित केटीलाई उ हो होईन भनि पत्ता लगाउन खोज्दा सुस्त मनस्थितिकी ती किशोरीले वास्तविक अपराधीलाई देख्ने वित्तिकै आफूलाई सम्हाल्न नसकेर पीडकमाथि चिथोर्न जाई लाग्छिन् । तर सम्पुर्ण जाहेरी र पुर्पक्षको क्रममा साथै स्वास्थ्य परीक्षण गर्न जाने क्रममा उनको घर परिवारका कुनै महिला साथलागेर आएनन् । यस्तो पासविक घटनामा पनि पुरुष परिवार सदस्यको भने मेलमिलापमा मामला सल्टाउने मनसाय अनुसन्धानमा सम्लग्न प्रहरीको बुझाईमा थियो ।

मौका छोपेर बलात्कार गर्नेले एक्लै काममा गएको बेलामा अथवा एकान्तमा पारेर महिला अथवा किशोरीलाई बलात्कार गरेका उदाहरण छन् । पर्साको ठोरीमा नेपाल भारत सीमा नजिकैको जंगलमा गाई बाखा चराउन गएकी बालिकालाई भारत तिरको पुरुषले मोटरसाईकलमा आएर बलात्कार गरेर मोटरसाईकल छोडेर भाग्छ । प्रहरीले तिमी विदेशी भएकाले केही हुँदैन मोटरसाईकल लिन आउनु भन्ने खबर पठाए पछि लिन आउदा पक्रेर मुद्दा चलाएको घटना बिरगञ्ज प्रहरी कार्यालयमा छ ।

महोत्तरीको लालगढ र ढल्केबर बिचको एकान्त खोलाको किनारामा दिनभरी अर्काकोमा काम गरेर र खानको भिख मागेर आफ्नो बस्ने ठाँउतिर फर्कदै गरेकी शारीरिक अपाङ्ग र बोल्न पनि नसक्ने १८-१९ बर्षकी किशोरीलाई ट्रक ड्राईभर र उसका मतियारले क्षत विक्षत हुने गरी सामुहिक बलात्कार गरेर मरणासन्न अवस्थामा छोडे पछि सकि नसकी घस्रदै राजमार्गमा आए पछि उद्दार गरेर जनकपुर OCMC मार्फत उपचार र राहतको सेवा दिईएको थियो। उनको शरीरमा परेको असर साथै योनी र पाठेघर सम्म पुगेका बाहिरी हानिकारक पदार्थ हटाउन दुईतीन पटक अपरेसन गर्नु परेको व्यथा उपचारमा संलग्न डाक्टरको थियो । त्यस्तै अपाङग र बोल्न नसक्ने महिला र किशोरी यौनजन्य हिंसाको घटनामा परेका उदाहरण धेरै आएका छन् ।

मौकाको फाईदा उठाएर अबोध किशोरीमाथि बलात्कार गर्ने प्रबृत्ति यातायात क्षेत्रमा उत्तिकै भएका घटनाहरू छन् । केही बर्ष पहिला काठमडौंमै बेलुकी पख सार्वजनिक बसमा एक्लै भएकी किशोरीलाई झुक्याएर बस एकान्तमा लगेर ड्राईभर र खलासिले पालैपालो बलात्कार गरेको घटना समाचारमा निकै आएको थियो । त्यस्तै करिव दुई बर्ष अघि दोलखाबाट आमा भारत सिलिगुडी तिर बस्ने दोलखा घरमा बाबु र सौतेनी आमा भएका दुईवटी किशोरी (एउटी १८ बर्ष मुनि र अर्की माथिका) बिरगन्ज जाने बसमा चढेर आमासँग जान भनेर हिंड्छन् । बस बिरगन्ज पुगे पछि बसका स्टाफले उनीहरूको त्यस दिन खाने बस्ने व्यवस्था मिलाएको भनेर लिएर गए अनि दुदै दिदी बहिनीलाई पालै पालो बलात्कार गररेका घटना अधिकार कर्मी संस्था आफन्त नेपालका प्रतिनिधिले जानकारी दिनु भएको थियो । पछि बालिकाहरू विक्षिप्त अवस्थामा फेलापरे तर अपराधी पत्ता लागेनन्, किशोरीलाई बस नम्बर र त्यसका स्टाफका बारेमा अनुहार बाहेक अरू केही थाहा थिएन । पछि बहिनी चाहींले मानसिक विक्षिप्तताकै अवस्थामा पनि दैनिक भएका घटना लेख्ने बानी भएकाले घटनाका सबै विवरण लेखेर केही परेमा फोन गर्नु भनेर दिएको फोन नम्बर पनि लेखेकाले उनलाई राखेको उद्दार र पुनर्स्थापना केन्द्रका अरू साथीले उक्त लेखेको कपि पढेर अरूलाई जानकारी दिएपछि अपराधी पत्ता लागे ।

तर ती अपराधीलाई कानूनी कार्वाहीमा लैजान यातायात व्यवसायी संघ सँगठनको निकै ठूलो अवरोध र डरत्रास खेप्नु परेको अनुभव मुद्दामा सम्लग्नको छ ।

मौका छोपेर बलात्कार गर्नेमा पुर्पक्ष वा थुनामा रहेका महिला कैदीमाथि ड्युटिमा रहेका पुलिसबाट भएका बलात्कारका घटना जिल्ला प्रहरी कार्यालय सप्तरी राजविराज र भक्तपुरबाट पनि आएका छन् ।

मोवाइल र सामाजिक सञ्जाल र सिरियलको नकारात्मक असरले पनि यौन जन्य दुर्व्यवहार, बलात्कार र बलात्कार पछि हत्या सम्मका घटना भएका देखिन्छ । भोजपुर घोडेटारमा करिव डेढ बर्ष अघि एकजना नावालिकाको बलात्कार पछी हत्या हुन्छ । शंकास्पद व्यक्ति प्रहरी हिरासतमा लिईन्छ तर ईन्कारी बयान गर्छ । उल्टै आफू बाहिर आउन पाए सक्कली अपराधी समाउने बाचा गर्छ । अन्तिममा धेरै अनुसन्धान पछि उसैले अचम्म लाग्ने साविति बयान दिन्छ । उसलाई हिन्दी अपराध सिरियल क्राईम पेट्रोलमा अपराध गरीसके पछि अपराधिले अनुसन्धान कर्तालाई झुक्याउन अनेक उपाय गर्दा गर्दै पनि पक्राउ पर्छन् र किन जोगिन सक्दैनन् भन्ने कौतुहल जाग्छ । अनि पक्राउ पर्नबाट जोगिन पक्कै सकिन्छ, भनेर आफैले अपराध गर्ने र दसी प्रमाण सबै नस्ट गरेर कानूनको नजरमा सधै बचेर हिंड्न सफल हुने परीक्षण गर्न मन लाग्छ र उक्त बच्चीलाई बलात्कार गरी हत्या गरेर गायव गर्ने काम गर्छ । यसरी अनाहाकमा पनि नाबालिकाको ज्यान गईरहेको र जोखिममा परिरहेको देखिन्छ ।

जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटना हुनुका पछाडिका अन्य कारणहरूमा

- दमित र विक्षिप्त मानसिकताका व्यक्तिले क्षणिक आवेगमा आएर घटना घटाउने गरेको ।
- प्रेम सम्बन्धमा भएका किशोर किशोरीलााई समाजले थाहा पाए पछि छुटाउन केटालाई केटी पट्टिका परिवारले जबरजस्ती करणीको आरोपमा मुद्दा हाल्ने प्रवृति बढेको । त्यस्तै प्रेम सम्बन्धमा भएका केटाकेटी परिवारको जानकारी बिना भागेको अवस्थामा केटालाई जबरजस्ती करणी गरी केटी बेच्ने उद्योग गरेको भनी प्रहरी कार्यालयमा जाहेरी पर्ने गरेको ।
- निम्न र निम्न मध्यम बर्गका परिवारलाई दैनिक जीबिका धान्नै कठिन भएकाले आफ्ना छोराछोरीहरूको गलत क्रियाकलापहरूको निगरानी राख्न नसक्नु ।
- कतिपय केटी तथा उनको परिवारमा जबरजस्ती करणीको आरोपमा केटामाथि उजुरी गर्ने र मिलापत्रकालागि पैसा वा लेनदेनमा मोलमोलाई गर्ने चलन पनि देखिएको भनाई प्रहरी कार्यालय र न्यायलयका जानकार व्यक्तिहरूको छ ।

जिल्ला अदालत पर्षा बिरगञ्जका मुख्य न्यायधिसको लामो समय सम्म जबरजस्ती करणी सम्बन्धी मुद्दाको न्यायिक निरूपण गर्दा पाएको अनुभवमा यस सम्बन्धी मुद्दा तीन प्रकारका हुन्छन् :

*पहिलोमा* वास्तविक अक्षम्य जबरजस्ती करणी र यौन हिंसा - जसमा हाडनाता करणी, सौतेनी बाउ अथवा दाजु/भाइबाट हुने करणी, सामुहिक करणी, अपहरण गरी करणी, असहाय र अपाङ्ग करणी, ललाई फकाई र झुक्याई करणी, झुट्टा अस्वासन र प्रलोभनमा पारेर गर्ने करणी, कार्यस्थलमा हुने करणी, नाबालिका करण र यस्तै अन्य पर्ने वाहाँको भनाई थियो । *दोस्रो खाले जबरजस्ती करणी र यौनहिंसाका मुद्दामा* प्राय समान उमेरका प्रेम सम्बन्धमा रहेका केटी र केटा केहिदिन संगै बसेपछि केटी पक्षकालाई केटो र उनका परिवारका बारेमा जानकारी भए पछि र सो घटना छरछिमेक र समाजले पनि थाहा पाएको अवस्थामा केटाको परिवार सामाजिक र जातिय हिसावले आफ्नो परिवार सँग समान नभएको अवस्थामा केटीलाई केटाबाट छुटाउन जबरजस्ती करणीका मुद्दा पर्ने गरेको । *तेस्रोमा लेनदेन र सौदाबाजीमा* नमिले पछि पर्ने मुद्दा – यसमा प्राय केटा केटी दुवै सचेत हुन्छन्, सहमतिमा संगै बसेका हुन्छन्, तर पछी केटा वा केटीका बिच मनमुटाव भएपछि छुट्टिन खोज्दा गर्ने लेनदेन वा सौदाबाजीमा कुरा नमिले पछि पर्ने मुद्दा यसमा हुन्छन् ।

यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणीका घटनाका पछाडी चेलीबेटी बेचबिखन र ओसार पसारमा लागेका दलालले विहेको नाटक गरी बेचविखन गर्ने गरेको, कामको खोजीमा हिँडेका अबोध बालिकाहरू बढी यौनजन्य हिंसा र जबरजस्ती करणीको जोखिममा परेका, पारिवारिक व्यक्तिगत टकराव र रिसईवि साँध्न अबोध किशोरी र महिलालाई प्रयोग गरी यौन दुर्व्यवहार र जबरजसती करणी हुने गरेका घटना प्रसस्त हुने गरेका भनाई अध्ययनका लागि स्थलगत भ्रमणको क्रममा आएका छन् ।

## ४.३ जवरजस्ती करणीका असरहरू

यो अध्ययनको क्रममा यनजन्य हिंसा र जबरजस्ती करणीका कारण घटनाका पीडित र आरोपित पीडक दुवै पक्षकालाई परेका विविध पक्षका असरका बारेमा जानकारी लिन प्रयास गरिएको छ ।पीडित सँग सिधै सम्पर्क गरेर व्यक्तिगत विवरण र अनुभव लिन असजिलो हुने भएकाले प्रहरी कार्यालयको अपराध अनुसन्धान शाखा, जिल्ला अदालत र सरकारी वकिलको कार्यालय, अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू, अधिकार कर्मी र महिलाको हक अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधीसँगको प्रमुख सूचक छलफल, लक्षित समुह छलफल र सूचनाका आधारमा पीडितमा पर्ने असरको विश्लेषण गरिएको छ । त्यस्तै केही पीडित किशोरी र महिलासँगको छलफलका आधारमा पनि असरका बारेमा छलफल गरिएको छ ।अर्कोतिर पीडकको जीवनमा पर्ने असरका बारेमा भने बिराटनगर, बिरगञ्ज, भैरहवा, पाल्पा र पोखराका पाँच कारागार र बालसुधार गृहमा थुनामा रहेका १७५ जना कैदी बन्दीसँग गरिएको प्रत्यक्ष अन्तर्वार्ताका आधारमा विश्लेषण गरिएको छ । प्रश्नावली अथवा छलफलको बिषयमा जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको कारण परेका अर्थिक, सामाजिक, मानसिक तथा मनोसामाजिक र स्वास्थ्यसम्बन्धी पर्ने असरहरू समेटिएका छन् ।

जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका पीडितको जीवनमा पर्ने पहिलो असर त करणी पछि हत्या र जीवन समाप्त नै हो भने घटना पछि बाँचेका पीडितहरूले जीवनपर्यन्त व्यहोरिरहनुपर्ने असरका सम्बन्धमा आएका विवरणलाई निम्न अनुसार संक्षेपीकरण गरिएको छ । कतिपय पीडक भनेर आरोपितमा पनि नकारात्मक असर परिरहेको हुन्छ ।

पीडितको जीवनमा जबरजस्ती करणीको पहिलो असर भनेको जीवन र मरण नै हो । बलात्कार पछि हत्या र सामुहिक तलात्कारको घटनामा बलात्कारकै क्रममा पीडितको मृत्यु भएका घटना निकै छन् ।

> उदाहरणको लागि भोजपुरको घोडेटारमा सामाजिक सञ्जालबाट सिकेको अपराध गरेर कानूनको नजरमा बँचेर हिंड्ने कला आफ्नो जीवनमा लागु गर्ने सनकले बालिका बलात्कार गरेर हत्या गरेको घटनालाई लिन सकिन्छ । यहाँ अपराधीको सनकले एउटा अबोध जीवन सकिदिन्छ । त्यसै गरी बिरगञ्जमा छोरी कुनै अर्को जातको केटासँग प्रेम सम्बन्धमा भएको थाहा पाएपछि केटासँग छलफल गर्ने बहानामा घरमा बोलाएर छोरीलाई जबरजस्ती करणी गरेको भन्ने सावितिगर्न लगाउदा केटाले नमानेपछी यातना दिंदा दिदै मर्छ । उक्त मरेको लास पैठारी गर्ने सामान जस्तो बनाएर बोडर पार गरी रक्सौलमा माल लोड गर्न राखेको रेल मालगाडीको एउटा डब्बामा हाल्छन् । केटा हराए पछि खोजि गर्दै जादा उक्त घटना खुलेको व्यहोरा बिरगञ्ज कारागार र बालसुधार गृहबाट जानकारी भएको थियो ।

मृत्युको दोसाँधबाट बँचेका जबरजस्ती करणीका पीडितको जीवनमा पर्ने पहिलो असरमा स्वास्थ्य र शारीरिक असर देखिएको छ, दोस्रोमा मानसिक, मनोसामाजिक र भावनात्मक असर छन् भने त्यस पछि आर्थिक र सामाजिक असर देखिएका छन् । भौतिक अथवा शारीरिक असरमा जबरजस्ती करणीका कारण नचाहेको गर्भ रहनु, यौनजन्य सरुवा रोग र स्वास्थ्य समस्या आउने र कतिपयमा शारीरिक अङ्ग भङ्ग हुने, प्रजनन् प्रकृयाका लागि पाठेघरनै काम नगर्ने अवस्थामा पुग्ने सम्मका जानकारी बिशेषत : सम्पर्क गरीएका प्राय अस्पतालमा

सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रका जानकार व्यक्तिले दिनु भएको थियो । स्थलगत सर्वेक्षणबाट पाएको जानकारीअनुसार मानसिक वा भावनात्मक असरमा पीडितले जीवन भर आफूलाई धिक्कार्ने र आत्महत्या गर्ने अवस्था सम्मका हुन्छन् ।

### ४.३.१ अनिच्छित गर्भ, यौनरोग र शारीरिक अङ्ग भङ्ग

यदि जबरजस्ती करणीको घटनाका पीडित महिला वा किशोरी रजस्वला सुरु भएकी प्रजनन् उमेरकी छन् भने जुनसुकै प्रकारले यौन सम्पर्क भए पनि उनमा गर्भ रहने सम्भावना निकै बढी हुने जानकारीमा आएको छ । स्थलगत अध्ययन भ्रमणको क्रममा त्यस्तो घटनाका कारण आमा बनेका पीडित महिलाका बारेमा प्रशस्तै जानकारी आएको छ । यदि समयमानै यस्तो नचाहेको गर्भपतन गराउन नसकेको खण्डमा जबरजस्ती करणीको पीडामा परेकी किशोरी वा नाबालिकाले बालापनमा नै नचाहेको बच्चा जन्माउनु र हुर्काउने पर्ने देखिन्छ । जुन धेरै पीडितले भोगिरहेका छन् ।

यस सम्बन्धी केही प्रतिनिधि मुलक घटनालाई यसरी हेर्न सकिन्छ :

जनकपुर ओरेक सम्पर्क कार्यालय र पुनर्स्थापना केन्द्रमा विवाहको नाटक गरेर केटी गर्भवती भए पछि केटा बेपत्ता भएर बेसहारा भएकी किशोरीलाई उद्धार गरी ल्याएको केहि समयमा सुत्केरी भएकी र हाल १५ दिनकी सुत्केरीलाई केन्द्रमा राखेर स्याहार भइरहेको जानकारी केन्द्रकी प्रमुखले दिनु भएको थियो ।

पोखराको सारङकोट बालसुधार गृहमा जबरजस्ती करणीको मुद्दामा थुनामा रहेको एकजना केटाले प्रेम सम्बन्ध पछि केटीलाई भगाएर घर लगेछन्, केटाका बाउ आमाले केटी स्वीकारे, केटी केहिदिनमै गर्भवती भईन्, तर केटीका बाउ आमाले यो सम्बन्ध स्वीकारेनन्, केटालाई जबरजस्ती करणीको मुद्दा हाले, केटी कम उमेरकी भएकाले मुद्दा लाग्यो, यतिकैमा केटीले बच्चा जन्माईन् हाल केटा पुर्पक्षकालागि थुनामा छन् भने केटीको सुत्केरी स्याहार केटाका आमा बाउले गरिरहेका छन् । त्यसै गरी अन्य दयनीय घटनाहरू निम्नानुसार छन्

**एक आफू १३ बर्षकी एक बर्षको बच्चा भएकी बालिकाको बयान यस्तो छ**

म एक १३ बर्षकी बालिका र एक वर्षको बच्चाकी आमा हु । म ११ बर्सकी हुँदा मेरो बाबाले जङ्गलमा र मकैबारीमा लगि बारंबार करणी गर्नु भयो । पछि मलाई मामाघरमा लानु भयो र सार्कीसँग मेरो बिबाह गरिदिन लागेको थाहा पाएर भागेर एउटा कारखानामा काम गर्न थाले । त्यहाबाट फेरी एउटा होटेलमा कामको खोजीमा गए । त्यो होटेलको अङ्कलले भाडा माझिसकेपछि कोठामा बिस्तारा मिलाउन पठाएउने बहानामा बाहिरको मान्छे बोलएर करणी गर्न लगाउनु भयो। त्यसपछि म गर्भवती भए । त्यसपछि म लक्ष्मी दिदिको घरमा गए । उहाले मलाई सबै पोषणयुक्त खाना खान दिनुभयो । उहाँको अपाङ्ग बच्चा हेर्न लगाउनु हुन्थ्यो अरु केहि काम लगाउनु हुदैन थियो। पछि हात्खुट्टा सुन्निन थाले र जचाउदा गर्भवती भएको थाहा भयो । त्यसपछि उहाँले मलाई अस्पताल नजीकको एक होटलमा लगेर राख्नु भयो र होटलवालालाई मेरो खानपिनमा राम्रो ध्यान दिन पोषिलो खाना दिन भन्नुभयो । सो होटलमा राम्रो खानपिन र स्याहार पाँए । पछि सुत्केरी हुनेबेलामा अस्पतालमा भर्ना गर्दा त सुत्केरी हुनेको नाममा सो लक्ष्मी दिदिले आफ्नो र श्रीमान् को ठाउमा आफ्नो श्रीमानको नाम राखेको थाहा भयो । सो होटलको कोठामा बिस्तरा मिलाउन पठाउने बहानामा मलाई करणी गर्न मान्छे पठाउने तिनै मायाँ गरेजस्तो गर्ने लक्ष्मी दिदी रहिछन् । उनले मबाट जन्मने बच्चाको लागि सबै तारतम्य मिलाएको रहेछ भन्ने पछि थाहा भयो । अब मेरो र मेरो बच्चाको भबिस्य सुनिश्चित हुनुपर्छ । मुद्दा चल्दैछ दोषीलाई हद सम्मको कारबाही हुनुपर्छ । मलाई थाहाछैन भविस्य के हुन्छ ।

जबरजस्ती करणीका कारण यौन रोग लाग्ने, योनीको आकार बिग्रने, बारम्बार पाठेघरको संक्रमण हुने, पाठेघर नै फाल्नु पर्ने र अन्य शारीरिक अङ्ग भङ्ग र बिकृतिका घटना घेरै हुने कुरा स्थलगत अध्ययन

भ्रमणमा जानकारीमा आएको थियो । नेपालमा निकै कम देखिएता पनि जबरजस्ती करणीका कारण यौन संक्रामक रोगहरू जस्तै एचआईभि र एड्स आदिको जोखिम त्यतिकै हुने अध्ययनले देखाएका छन् । यस्ता रोगका कारण सही उपचारमा जान मानसिक हिचकिचाहट हुने भएकाले पीडितको ज्यानै लिन सक्ने हुन्छ ।

जबरजस्ती करणीमा पीडक र पीडितका बिच बच्न र कब्जामा लिनका लागि छिना झप्टीमा बलको प्रयोग हुन्छ । यही क्रममा पीडितका हात खुट्टा भाँचिने गहिरो चोटपटक लाग्ने र शरीरका अन्य भागमा पनि नकारात्मक असर पर्ने हुन्छ । पीडकले बल प्रयोगबाट कब्जामा लिएकी पीडितलाई सके सम्म पीडा दिएर आफ्नो यौन तृप्ति गर्ने क्रममा योनीमा र पाठेघरमै बिकार आउने हुन्छ । यस्तै केस ढल्केबर र लालगढका बिचको खोला पुल छेउमा बोली नभएकी असहाय किशोरी माथि ट्रक ड्राईभर र उसका साथीले गरेको बलात्कारको घटनामा देखिएको र उनको अपरेसन गरेर पाठेघर निकाल्नु परेको, भाँचिएको हड्डि र जोर्नी मिलाउन हाडजोर्नी डाक्टरले पनि अपरेसन गर्नु परेको घटना जनकपुर अस्पतालका एकद्वार संकट व्यवस्थापन केन्द्रका जिम्मेवार डाक्टरको भनाई थियो ।

### ४.३.२ मानसिक र मनोसामाजिक असर र आहत

बलात्कार र यौनजन्य दुर्व्यवहारका पीडितले मानसिक र मनोसामाजिक असर र आहत जीवन भरी भोग्नु परेको देखिन्छ । कति एक्लै बस्ने, अरूसँग घुलमिल हुन नसक्ने, नबोल्ने छिन छिनमा बानी व्यवहारमा फरक गरी रहने, कुनै बेलामा खाईरहने, कहिले भोकको कुनै लक्षण नदेखाउने जस्ता लक्षण मानसिक असरमा जानकारीमा आएका छन् । यस्ता लक्षण कसैमा केही समय पछि बिस्तारै हराउदै जाने र कसैमा भने लामो समय सम्म रहिरहने हुन्छन् । लामो समय सम्म रहने असरमा निद्रा नलाग्नु र निन्द्रामा अस्वभाविक गतिविधि देखाउने, पछिको वैवाहिक जीवनमा पति पत्नीका बिचको यौन सम्पर्कका बेलामा पनि सोही घटनाका असरले यौन जीवन सहज नहुने, सम्झना शक्तीमा असन्तुलन देखिने र बोलचालनै नगर्ने जस्ता व्यवहार देखिन्छन् । अन्य मानसिक असर वा तनावमा आफ्नो जिन्दगीलाई संधै दोषि ठान्ने, आत्महत्याको प्रयास गर्ने जस्ता पनि देखिएका छन् । कतिपयलाई आफ्नो भविस्य नै अन्योल भए जस्तो भान हुन्छ (खण्ड ४.३.१ मा प्रस्तुत १३ बर्षकी आमाको घटना)

बिरगञ्ज बसपार्कमा जबरजस्ती करणीको आहतमा परेकी किशोरीका सम्झनामा असन्तुलन, एक्लो पन, अरूसँग बोल्दै नबोल्ने तर दैनिक आफ्नो जीवनका घटना विवरण टिपोट गर्ने एउटा उदाहरण यस्तो पाईएको थियो :

> दोलखाबाट आएको बसमा बिरगञ्ज बसपार्कमा सामुहिक बलात्कारमा परेका दिदी बहिनी मध्ये दिदी बयस्क भएकाले उनको केसले अर्कै रूप लियो तर बहिनी नाबालिका भएकाले पुनर्स्थापना केन्द्रमा राखेर अपराधी खोज्ने साथै उनको उपचार गर्ने काम सुरुभयो । उनी कसैसँग नबोल्ने र घुलमिल नगर्ने एक्लै बस्ने भइन् । सोधखोज गर्दा केही बोल्दिनन् । दिन बित्दै थियो यतिकैमा सोही पुनर्स्थापनामा भएकी अर्की किशोरीले उनले केही लेख्दै गरेको नियालेकी रहिछन् । मौका मिलाएर उक्त लेखेको कपि हेर्दा दिनै पिच्छेका आफूमा घटेका विवरण टिपोट गरेको र उक्त टिपोटमा कहाँबाट आएको कति जनाले बलात्कार गरे र केही परेमा सम्पर्क गर्न भनेर दिएको फोन नं. पनि भएकाले पीडक अपराधी पत्ता लगाउन सकिएको घटना अध्ययनको क्रममा स्थलगत भ्रमणमा जानकारीमा आएको थियो ।

### ४.३.३ सामाजिक र आर्थिक असरहरू

***सामाजिक असर***

जबरजस्ती करणी र यौनजन्य हिंसाको सामाजिक असरहरू दुई तरिकाले हेर्नुपर्ने हुन्छ । पहिलोमा समाजले यस्ता घटनाका पीडितको जुन सुकै हालतमा साथ सहयोग गर्ने, यस्ता खाले घटना कहींकतै घटीहाले सम्पुर्ण समाजको कलङ्क हो भनेर लिने गरेको छ अथवा यस्तै हो र हुदै गर्छ भन्ने मानसिकता हावि छ अथवा पीडितले नै होसियार हुनुपर्छ भन्ने छ भनि हेर्नुपर्ने हुन्छ । दोस्रोमा पीडित आफैमा र पीडकमा पर्ने असर हेर्नु पर्ने भनेर सुझाव आएका छन् । हाम्रो समाज अझै पितृसत्तात्मक सोचले व्याप्त भएकाले प्राय घटना पछि उब्जने नकारात्मक असर जसलाई पर्यो उसैले भोग्नु पर्ने सामाजिक मान्यता रहेको छ । उक्त भोगाईमा पीडित र पीडकका बिचमा निकै भिन्नता छ । पीडित प्राय बालिका, किशोरी अथवा महिला हुने भएकाले समाजको कुन हैसियतकाले हिंसा गरेको हो सोहीअनुसार घटना गुमसुम पार्ने अथवा कार्वाहीमा ल्याउने प्रकृया हुन्छ ।

हाम्रो सामाजिक व्यवहार अझै पनि कसरी हुन्छ घटना गुमसुम पार्ने, सार्वजनिक जानकारीमा पुग्न नदिने र पीडितलाई सकेसम्म सहनु पर्छ भनेर अपराधको प्रतिकारमा उत्रने मनोबलको बिकास हुन नदिने प्रकृति कै छ । त्यसर्थ अविवाहित छोरी चेली माथि यस्तो घटना भए पनि यदि समाजमा यसको जानकारी धेरै हुन पाएको छैन भने परिवार र छोरीको ईज्जत जोगाउन भनेर घटनालाई ढाकछोप गरिन्छ । यस्तो प्रबृत्तिले बिस्तारै पीडकको आत्मबल बढाउने र उसलाई अरू यस्ता कुकृत्य गर्न हौसला थपिदै जाने देखिन्छ । तसर्थ कतिपय अवसथामा एकै व्यक्तिले बारम्बार यस्ता घटना गरेको देखिन्छ । समाजको यस्तो पीडितलाई साथ सहयोग र हौसला र आत्मबल बढाउने भन्दा दमित भएर बस्न र सहन बाध्य पार्ने प्रथा र व्यवहारले बाहिरी जगतमा हाम्रो समाजको छवि शुन्य अपराध सहन भन्दा अपराध मैत्री भएको चित्रित हुनजान्छ ।

पीडितमा पर्ने सामाजिक असर निम्नअनुसार हुने देखिन्छ :

- शैक्षिक तथा मनोवैज्ञानिक असर पर्ने ।
- किशोरी जवरजस्ती करणीमा परे सामाजिक रूपमा वहिष्कृत हुने, मनोवैज्ञानिक असर पर्ने, आत्महत्याका घटना बढ्ने ।
- बलात्कारको कारण पीडित गर्भवती भएर वच्चा जन्मने र उक्त बच्चाको सामाजिक परिचय नै स्थापित हुन नसक्ने र बाबुको परिचय पाउन झञ्झटिलो कानुनी प्रक्रिया झेल्नु पर्ने ।
- पीडित महिलालाई समाजमा पुनर्स्थापनाको समस्या ।
- सभ्यता र समाज विकासमा बाधा पुग्ने ।
- अन्तराष्ट्रिय स्तरमा नेपाललाई हेर्ने दृष्टिकोण नकारात्मक हुने, नेपाल एक शान्त र संस्कृति सम्पन्न देश हो भन्ने विदेशीको वुझाईमा परिवर्तन भई पर्यटन प्रबर्धनमा ठुलो धक्का लाग्ने ।

किशोरावस्थाका आरोपित पीडकमा पर्ने सामाजिक असर पनि उत्तिकै ज्वलन्त छन्, जस्तो शिक्षा, तालिम र सामाजिकीकरणको महत्वपूर्ण उमेर पुर्पक्ष र सजाय भुक्तानकालागि बालसुधार गृह र थुनामा बस्नु पर्ने भएकाले उसको सामाजिक जिम्मेवारीको पक्षनै लोप हुने सम्भावना देखिएको छ । त्यहाँबसेर निस्कदा उसमा अझ बदलाको भावना बढेर जाने देखिन्छ । बालसुधार गृहमा भएका कतिपय किशोरसँग छलफल गर्दा निस्के पछि अब सामान्य जीवनमा फर्कने की के गर्ने भन्ने प्रश्नमा पहिला आरोपलगाएर थुनामा पठाउनेसग बदला लिने सम्म भन्न भ्याएका छन् ।

**आर्थिक असर**

जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका कारण सिर्जित हुने आर्थिक असर प्रकृयामा अलग अलग भए पनि पीडित र पीडक दुवैमा उत्तिकै हुने देखिन्छ । पीडित प्राय निम्न बर्गीय र विसंगत पारिवारिक पृष्ठभूमिका नाबालिका र किशोरी देखिएका छन् भने पीडक पनि भर्खर किशोरावस्था पारगर्दै गर्नेको सङ्ख्या बढी छ । यो दुवै उमेर पछिको उत्पादनमुलक श्रमशक्तिको बिकास गर्ने हो । तर यस्ता गतिविधिले पढाई चौपट हुने र काम सिक्ने र काम गर्न थाल्ने उमेर पीडितले उद्धार र राहतको प्रकृयामा बिताउनु पर्छ भने पीडकले पुर्पक्ष र सजाय भुक्तानका लागि थुनामा । पीडितमा भने घटना हुने बित्तिकैबाट दैनिक गुजाराको उपाय पनि खोसिने देखिन्छ । उदाहरणका लागि आमा अशक्त र नाबालक छोरी भएको परिवारमा बाबुले नावालक छोरीलाई जबरजस्ती करणी गरेको खुलासा भए पछि कमाएर ख्वाउनेलाई कार्वाहीका लागि थुनामा पठाउदा घरमा बिहान बेलुका हातमुख जोड्नै समस्या भएको जानकारी महिला पुनर्स्थापना केन्द्र, बिराटनगर र कोपिला नेपाल, पोखरा का सञ्चालकहरूले दिनु भएको थियो ।

## ४.४ जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको अन्त्यका बाधा अड्चन

स्थलगत अध्ययन भ्रमणको क्रममा सम्पर्क गरिएका जानकारहरूसँगको अन्तरक्रिया र छलफल साथै उपलब्ध साहित्य समीक्षाका आधारमा यो निष्कर्षमा पुग्न सकिन्छ की, जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटनाको अन्त्य गर्न बहुपक्षीय बाधा अड्चनहरू छन् । पहिलो बाधा अड्चनमा समाजमा सुसुप्तरूपमा रहेका विद्यमान यौनजन्य हिंसा र जबरजस्ती करणीका घटना बाहिर ल्याउने समस्या र दोस्रोमा बाहिर आएका अथवा जाहेरीमा आएकाको सही कानूनी निरूपणमा देखिने बाधा अड्चन पर्छन् । पहिलोका मुख्य कारणमा सहने अथवा मौन बस्ने संस्कृति हो भने दोस्रो कारणमा विविध सामाजिक, राजनैतिक र कानूनी पक्ष देखिन्छन् । जसमा पुरुष प्रधान सामाजिक संस्कार र संरचना, पारिवारिक संगति, व्यक्तिगत सोच र बानीव्यहोरा, शिक्षा र सामाजिक सचेतना, कानूनी प्रावधान र यसको कार्यान्वयन, राजनैतिक ईच्छा शक्ति र पहुँच, पेसा र व्यावसायिक संघ संगठनको दबदवा आदि देखिएका छन् ।

***सामाजिक संस्कार र संरचनाले सिकाएको सहने बानी*** : हाम्रो सामाजिक संस्कार र संरचनाले हुनेसम्म पीडितले पीडा सहेरै बस्नु पर्छ, सहने बानिले एकदिन जितिन्छ भन्ने सिकाउछ । किनभने समाजमा पीडक पुरुष हो उ बलियो हुन्छ, बलियोले निर्धोमाथि हैकम जमाउनु स्वभाविक हो भन्ने सिकाईन्छ । यदि सहेन र बिद्रोह गरेमा आफ्नो पनि र परिवारको पनि सामाजिक ईज्जत र प्रतिष्ठा जान्छ भनेर डर देखाईएको हुन्छ । यहि डरले नै आफूमाथि हुने सबै खाले हिंसा सहन बाध्य पार्छ । यसैका कारण नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणले देखाएको महिलामाथि हुने ८५ प्रतिशत जस्तो यौनजन्य हिंसाका पीडक पति हुँदा हुँदै पनि प्रहरीमा दर्ता भएका जबरजस्ती करणी र यौनजन्य हिंसाका उजुरीमा पतिबाट भएको सङ्ख्या अति न्युन देखिएको हुनुपर्छ । त्यसमा पनि मधेश प्रदेशमा प्रहरीमा परेका यस्ता उजुरीको सङ्ख्या अन्यत्र भन्दा निकै कम देखिएको छ भने उल्लिखित सर्वेक्षणको व्यक्तिग अन्तर्वार्तामा प्रजनन् उमेरका महिलाले गोप्यरूपले जानकारी दिंदा सबैभन्दा बढी सङ्ख्या र अनुपातमा पतिबाट हुने यौनजन्य हिंसा र दुर्व्यवहारबाट पीडित भएको देखिन्छ । सहने बानी भएकी महिलाले विवाह भएर गएको घर र माईती दुवै परिवारको ईज्जत राख्ने मान्यता छ । यो मान्यतालाई मान्दा मान्दै ज्यान पनि गएका यस्ता उदाहरण छन् ।

केही बर्ष पहिला ससस्त्र प्रहरीका एक उच्च पदस्थ व्यक्तिले श्रीमतीलाई सृङ्खलाबद्ध यौन हिंसा र यातना दिएर अन्तिममा जलाएर मार्छन् । पछि उक्त मारिएकी महिलाका पिता अथवा अपराधीका ससुराले टिभी अन्तर्वार्ताको क्रममा विवाह गरेर छोरी पठाएको केही महिना पछिनै ज्वाँई बदमास रहेछ भन्ने थाहा भएको थियो, परिवारको

ईज्जतका लागि र एकदिन सुध्रने आशामा छोरीलाई सहनु पर्छ भनेर सम्झाईयो तर अहिले आएर यति सम्म गर्यो भनिएको थियो ।

आफ्नो, विवाह भएको घर र माईती तीनै पक्षको मान प्रतिष्ठा र ईज्जत जोगाउनु पनि छ र आफूमाथि पतिबाट निरन्तर भइरहेको यौन हिंसाबाट छुटकारा पनि पाउनुछ, त्यसैले सबै कुरा गोप्य हुनेगरी कसरी निराकरणमा जानेहोला भनेर राम्रो पेशा र सामाजिक हैसियतकी एकजना महिला हाल परामर्श र सम्पर्कमा हुनुहुन्छ भनेर जनकपुर अस्पताल OCMC प्रमुखले जानकारी दिनुभएको थियो ।

***व्यक्तिगत प्रभाव, राजनैतिक र सांगठानिक संरक्षण*** : यस्ता असामाजिक तर परम्परागतरूपले सामाजिक जस्तै बनेर बसेका गतिविधिले डर, त्रास, धाक धम्की आदिका माध्यमले पहिलो त पीडितको पीडा बाहिर ल्याउने र उजुरीमा जाने नैतिक आत्मबलनै कमजोर बनाएर पीडा सहेर बस्न बाध्य पार्छ । दोस्रोमा कुनै तरिकाले उजुरी दर्ता भएर न्यायिक निरूपणको प्रकृयामा गइहाले पैसा, पावर र पहुँच (राजनैतिक, सांगठनिक अथवा व्यक्तिगत पहुँच) को बलमा पीडितलाई मुद्दा फिर्ता लिन बाध्य पार्ने, मुद्दा उल्टाउन र पीडकलाई निर्दोष सावित गराउन न्यायिक निकायमा प्रभाव पार्ने जस्ता गतिविधि पर्दछन् । अपराध अनुसन्धानमा संलग्न प्रहरी अधिकृतको अनुभवमा वास्तविक जबरजस्ती करणीको केसमा अनुसन्धान तहकिकात गरेर मुद्दा अगाडि बढाउन खोज्दा पीडितका आफन्त र अभिभावक भनाउदाहरू नै प्रभावशाली पीडक पक्षको दवाव र आर्थिक प्रलोभनमा आएर बयान बदल्न लगाउने र उल्टै प्रहरीलाई गल्ती सावित गर्ने प्रयासका कतिपय घटना सम्झदा निकै दुःखलाग्ने बताउनु भएको थियो (*पुतलीबजार, स्याङ्जा र बिरगञ्ज जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान शाखाका प्रहरी निरिक्षकको अनुभव*) । जिल्ला न्यायधिस र जिल्ला सरकारी वकिलको अनुभवमा पनि राजनैतिक र पहुँचवाला व्यक्तिहरूको यस्ता मुद्दामा चासो/दवाब आउने गरेको तर सम्बोधन नहुने भनाई थियो । बिरगञ्ज बसपार्कमा दिदी-बहिनीलाई सामुहिक बलात्कार गर्ने यातायात कर्मीलाई कानूनी कार्वाहीमा ल्याउन यातायात व्यवसायी र मजदुर संगठनहरूबाट निकै अबरोध डर-त्रास र धाक-धम्की आएको, उल्टै केटीको दोलखामा भएको बाउलाई झिकाएर पैसाको प्रलोभनमा पारेर मुद्दा फिर्तालिन दवाव दिने सम्मका प्रयास भएको भनाई यसमा सम्लग्न अभियन्ताको थियो ।

***कानूनी सचेतना र कानूनी भाषाको अस्पस्टता*** : पहिलोमा यौन सम्बन्ध राख्नलाई कानूनले गरेको व्यवस्थाका बारेमा आम जनमानस अनभिज्ञ छ । देशका २०७४ सालमा जारी भएका दुवै मुलुकी देवानी र अपराध संहिताले कसैलाई पनि कानूनी अनभिज्ञता अक्षम्य हुने छ भनेको छ । तर कागजको पानामा लेखेका कानूनका अक्षरको सामान्य साक्षरताको कार्यक्रम राज्यको तहबाट कतै केही नगरी कानूनी अज्ञानता अक्ष्यम्यको परिपालना कसरी सम्भव हुन्छ । त्यसमा पनि यौनजन्य गतिविधिमा । त्यसर्थ कानूनी अज्ञानताका कारण लुकेर बसेका अनगिन्ति जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटना बाहिर आउन नसकेका भन्ने भनाई स्थलगत अध्ययन भ्रमणको क्रममा अधिकाङ्स जानकार व्यक्तिबाट आएको छ । त्यस्तै जबरजस्ती करणीको आरोपमा बालसुधार गृहमा भएका किशोरसँगको अन्तर्वार्तामा प्राय सबैले विवाह र यौन सम्बन्ध राख्ने उमेरका बारेमा कानूनी कुरा केही थाहा नभएको भनेका छन् । अर्कोतिर कानूनी भाषाको अस्पष्टताले गर्दा कतिपय पीडितहरू बयानको बेला सोधिएका शब्द नबुझेर हैन भनिदिन पुग्छन् र पीडकले उन्मुक्ति पाउछन् । एउटी १४ बर्षकी पीडितले जबरजस्ती करणी गरेको हो भनेर बयानमा सोधिएको प्रश्नको जवाफमा शब्द नबुझेर हैन भन्दा न्यायलयले पीडकलाई निर्दोश ठहराई फैसला गरेको सम्मका घटना आएका छन् :

घरको आर्थिक अवस्था कमजोर भउकी १४ बर्षकी थामी बालीका लमजुङमा काम खोज्दै जाँदा एउटा घरमा काम पाउछिन् र काम गर्न थाल्छिन् । उनलाई एकजना महिलाले सो घरमा पहिला पनि काम गर्न राखेकी केटीलाई जबरजस्ती करणी गर्न खोजेकाले भागेकी थिईन् त्यसैले नबस्न सल्लाह दिएकी र बस्ने नै भए सजग हुनु भनेर सल्लाह दिएकी रहिछन् । तर पनि वेवास्ता गरेर बसेकाले जोगिन सकिन भन्छिन् । उनकाअनुसार सो घरको घरमालिक र उसको छोराले दिनै पिच्छे पालैपालो उसँग जबरजस्ती करणी गर्नथाले । त्यसपछि सोही पहिला सजग गराउने महिलालाई भनेर प्रहरीकोमा जाहेरी दिन गएको उनको भनाई छ । जाहेरी फिर्ता लिन अनेक दबाव दिए, तै पनि बकपत्र भयो । उनलाई बकपत्रको क्रममा उहाँहरूले जबरजस्ती कारणी गरेको हो भनी सोधिएको थियो, मलाई करणी भनेको के हो थाहा भएन र मैले हैन भने मलाई बलात्कार भनेको मात्रै थाहा थियो । उनका अनुसार मुद्दा फैसला भएर अपराधीहरू फुकुवा भैसकेको थाहा पाए पछि अन्याय भयो भनी बुझ्न् जादा बकपत्रको कारण उनिहरूले सफाई पाएको थाहा भयो । उनकाअनुसार पुनरावेदनका लागि जाहेरी दिएको र मुद्दा सर्बोच्चमा चल्दैछ । उनी सुरक्षा र यस्ता ब्याक्तीबाट बच्ने वातावरणको खोजिमा छिन् ।

यसबाट के स्पष्ट हुन्छ भने कानूनका छिद्र प्रयोग गरेर यस्ता आपराधिक मुद्दाका फैसला पनि पीडकले सफाई पाउने तरिकाले हुने रहेछन् ।

***शिक्षा सचेतना र यौन र प्रजनन् शिक्षा*** : विद्यालयको पाठ्यक्रममा यौन र प्रजनन शिक्षालाई विवाह र यौन सम्बन्धी कानूनी व्यवस्थासँग जोडेर राख्नु पर्ने देखिन्छ । हाल विद्यालय तहमा सामाजिक शिक्षा र जनसङ्ख्याका बिषयमा यौन र प्रजनन् स्वास्थ्यका बारेमा केही बिषयबस्तु भए पनि त्यससम्बन्धी कानूनी व्यवस्था जोडेको देखिदैन । अर्का तिर पाठ्यक्रममा भएको बिषयबस्तु पनि राम्ररी नपढाँईदो रहेछ भन्ने भनाई प्राय OCMC प्रमुखहरूको थियो ।

***पारिवारिक र अभिभावकत्वको वातावरण*** : अध्ययनहरूले देखाएअनुसार जुन समाजमा अभिभावक त्यसमा पनि आमा छोरी अथवा संरक्षणमा भएका बालिका माथि भएका जबरजस्ती करणी र यौनजन्य हिंसाको प्रतिकारमा पीडित प्रति जति संवेदनशील र सहानुभूतिपूर्ण हुन्छिन् पीडितमा प्रतिकारमा उत्रने नैतिकबल र आत्मबल त्यतिनै बढेर आउछ भन्नेछ ।यसको उल्टो हाम्रो समाजमा प्राय बाउले छोरीमाथि गरेको यौन हिंसामा पनि आमाको साथ पीडकलाई नै हुन्छ, परिवारको हाडनातामा भएको करणीमा पनि केटी/छोरीनै दोषि बन्छिन् ।अझ बिसँगत परिवार जस्तो सौतेनी आमा, झड्केलो बाउ, सौतेनी दाजुभाई भएको अवस्थामा पीडामा परेकी बालिका वा छोरीले पारिवारिक साथ सहयोग पाउने कल्पना नै हुदैन।यो अवस्थामा यदि जाहेरी परेर मुद्दा अगाडि बढी हालेमा पीडितले कानूनी लडाईंमा साथ पाउने भन्दा पनि जीवन जिउने आधारनै गुमाउनु पर्नेहुन्छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला आयोग, प्रदेश सामाजिक बिकास मन्त्रालयका महिला बालबालिका र ज्येष्ठ नागरिक शाखा, स्थानीय निकायका महिला र बालबालिका हेर्ने शाखा, न्यायिक समिति र स्थानीय तहसम्म कार्यरत महिला अधिकारकर्मीहरूको अभियान र पहल यस्ता यौनजन्य हिंसा र जबरजस्ती करणीका घटना निराकरण त के थोरै मात्रमा पनि कमि ल्याउन अपुग छन् भन्ने भनाई स्थलगत अध्ययन भ्रमणको क्रममा आएका छन् ।

## ४.५ जवरजस्ती करणी न्यूनीकरणका उपायहरू

जबरजस्ती करणी जस्तो गम्भिर अपराधलाई समयमा नै रोकथाम गर्न नसके यसले समाज र विश्व सामु नेपालको प्रतिष्ठामा गम्भिर आँच आउनेछ । यसलाई समयमै नियन्त्रण गरिनुपर्दछ । यसको नियन्त्रणका उपायलाई बुदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छः

- प्रजनन शिक्षा र अपराधको प्रकृतिअनुसारका कानुनी कुराहरू कक्षा ७-८ देखि नै हुनुपर्ने

- कानुनी शिक्षा विद्यालय तहमा नै पठनपाठन हुनुपर्ने,
- जनचेतनामूलक कार्यक्रमहरू फैलाउनु पर्ने,
- शिक्षा, जनचेतना, अभिभावक सचेतना र विद्यालय पाठ्यक्रममा यौन र प्रजनन् शिक्षा सम्बन्धी पाठ राखिनु पर्ने,
- राज्यसंरचनाका अङ्गहरू कानून तर्जुमा र कार्यान्वयनमा संवेदनशील बन्नु पर्दछ । यसो नभएमा मनोवैज्ञानिक रुपमा अपराधिको मनोवल बढ्छ ।
- विद्यालयस्तरको पाठ्यक्रममा प्रजनन् तथा यौन शिक्षाको विषय यसका कानूनी प्रावधान सँग गाँसेर समावेश हुनुपर्ने,
- आफ्ना बालबालिकालाई सानैदेखि घरमा यौन हिंसा र यसबाट हुनसक्ने आक्रमण तथा बच्ने उपायहरूको बारेमा जानकारी गराउनुपर्ने ।
- पहुँचको आधारमा न्यायसम्पादन हुने प्रवृत्तिको अन्त्य हुनुपर्ने ।
- प्रतिरक्षा वा आत्मरक्षा सम्बन्धी कानुन बनाई कडाईका साथ कार्यान्वयन हुनुपर्ने ।
- जिम्मेवार निकायले घटना स्थलका प्रमाणको सुरक्षा गर्नुपर्ने। मुख्यगरी प्रहरी प्रशासन तथा अनुसन्धानमा खटिने सुरक्षा अधिकारीहरूबाट निष्पक्ष, तटस्थ छानविनका साथै तथ्य प्रमाणहरूको सुरक्षा गर्नुपर्ने ।
- कानुनको कडाईका साथ कार्यान्वयन हुनुपर्ने साथै न्याय सम्पादन चुस्त, दुरुस्त र पारदर्शी हुनुपर्ने ।
- राजनैतिक पार्टीहरू दलगत स्वार्थ भन्दा माथि उठ्नुपर्ने ।
- महिलाहरूको क्षमतामा अभिबृद्धी ।
- पुरुषलाइ भोक्ता र महिलालाई भोग्याको रुपमा हेर्ने सामाजिक दृष्टिकोण परिवर्तन गरी महिला र पुरुष एकअर्काका परिपुरक हुन् भन्ने धारणाको विकास गर्नुपर्ने ।
- सञ्चार माध्यम तथा समाजिक सञ्जालका सञ्चालकहरूले आपनो सामाजिक उत्तरदायित्व सम्झी अपराध र अपराधीको मनोवल गिराउने चेतनामूलक कार्यक्रम, विषयवस्तु प्रकाशन, प्रशारण निःशुल्क रुपमा गर्नुपर्छ ।
- उपभोग्य तथा मनोरञ्जनका सामग्रीहरूको विज्ञापनमा यौन उत्तेजना फौलाउने खालका सामग्रीको प्रकाशन, प्रदर्शन वा प्रशासण गर्न राज्यले रोक लगाउनु पर्छ ।

# अध्याय ५
# आरोपित पीडक सर्वेको नतिजा

यस अध्यायमा बिराटनगर, बिरगञ्ज, भैरहवा, पाल्पा र कास्की पोखराका पाँचवटा कारागार र बालसुधार गृहमा जबरजस्ती करणीको मुद्दामा पुर्पक्षका लागि अथवा कैद भुक्तानीका लागि थुनामा राखिएका १७५ जना थुनुवा/कैदी सँग स्वेच्छाले दिएको अन्तर्वार्ताबाट आएका नतिजा प्रस्तुत गरिएको छ ।

## ५।१ आरोपित वा पीडकका व्यक्तिगत विवरण

यस अध्ययनका लागि विभिन्न पाँच कारागार र बाल सुधार गृहबाट कुल १७५ आरोपित वा पीडकसँगको कुराकानी/उत्तरहरू तथ्याङ्क विश्लेषणका लागि प्रयोग गरिएको छ । प्रश्नावलीले उत्तरदाताको उत्तर दुवै गुणात्मक र संख्यात्मक विधा अपनाइ सङ्कलन गरिएको छ । उत्तरदाता मध्ये पाल्पा ४३(२४.६%), पोखरा २७(१५.४%), विराटनगर २१(१२.०%), रूपन्देही ५०(२८.६%) र वीरगञ्ज ३४(१९.४%) रहेका छन् । कारागार ठेगाना अनुसार आरोपित वा पीडकको संख्या तालिका ५.११ मा प्रस्तुत गरिएको छ ।


*तालिका ५.१: कारागार ठेगाना अनुसार आरोपित वा पीडकको संख्या*

| कारागार ठेगाना | संख्या | प्रतिशत |
|---|---:|---:|
| पाल्पा | ४३ | २४.६ |
| पोखरा | २७ | १५.४ |
| बिराटनगर | २१ | १२.० |
| रुपन्देही | ५० | २८.६ |
| वीरगंज | ३४ | १९.४ |
| जम्मा | १७५ | १००.० |

कुल १७५ आरोपित वा पीडक मध्ये पहाडी जनजातिको संख्या २२.३ प्रतिशत र पहाडी दलितको संख्या २२.१ प्रतिशत छ भने सबै भन्दा न्यून तराई क्षेत्री २.९ प्रतिशत रहेका छन् ।

जातिअनुसार आरोपित वा पीडकको सङ्ख्या रेखाचित्र ५.१ मा प्रस्तुत गरिएको छ । जसअनुसार कूल सहभागी आरोपित वा पीडक मध्ये २२ प्रतिशत पहाडे जनजातिका र २१ प्रतिशत पहाडे दलित समुदायबाट देखिन्छन् । यसको पछाडि ति समुदायमा केटाकेटीको सानै उमेरबाट भागि हिड्ने चलन नयाँ पुस्तामा पनि हट्न नसकेकाले हुन सक्छ ।

**रेखाचित्र ५.१: जाति अनुसार आरोपित वा पीडकको संख्या**




**यसै गरि १७.७ प्रतिशत उत्तरदाताले आफ्नो जाति खुलाएका छैनन्*


आरोपितमा वा पीडकको हालको अधिकतम उमेर ७४, न्यूनतम उमेर १४ र औसत उमेर ३२.४ वर्ष रहेको छ भने घटना हुँदा अधिकतम उमेर ७१, न्यूनतम उमेर १२ र औसत उमेर २९.०४ रहेको छ (तालिका ५.२) ।

***तालिका ५.२: हालको उमेर र घटना हुँदाको उमेर***

| विवरण | हालको उमेर | घटना हुँदाको उमेर |
|---|---|---|
| अधिकत | ७४ | ७१ |
| न्युनतम | १४ | १२ |
| औसत | ३२.४ | २९.०४ |


शैक्षिक अवस्था सम्बन्धी तथ्याङ्क विश्लेषण गर्दा आरोपित वा पीडकमध्ये ८९.७ प्रतिशत साक्षर रहेको पाइएको छ भने १०.३ प्रतिशत आफु निरक्षर रहेको जनाएकाछन् (रेखाचित्र ५.२) ।

**रेखाचित्र ५.२: आरोपित वा पीडकको शैक्षिक अवस्था**





साक्षर रहेका आरोपित वा पीडक मध्ये १२ कक्षा वा सो भन्दा माथि अध्ययन सकाएकाको संख्या ५.५ प्रतिशत रहेको पाइएको छ भने १२ कक्षा सम्म पढाई सकेकाको संख्या १५.२ प्रतिशत रहेको छ । ७९.३ प्रतिशतले १० कक्षा सम्म अध्ययन समापन गरेको भनि जवाफ दिएका छन् (रेखाचित्र ५.३(।

**रेखाचित्र ५.३: साक्षर आरोपित वा पीडकको शैक्षिक तह**




आरोपित वा पीडक मध्ये ४८.० प्रतिशत विवाहित छन् भने ३६.३ प्रतिशत अविवाहित रहेका छन् । २.३ प्रतिशतले सम्बन्ध विच्छेद भएको भनि जनाएका छन् । साथै, यस प्रश्नको उत्तर खालि छोडी विवरण नभर्नेको संख्या १३.१ प्रतिशत रहेको छ (रेखाचित्र ५.४( ।

**रेखाचित्र ५.४: आरोपित वा पीडकको वैवाहिक अवस्था**




आरोपित वा पीडक विभिन्न पेशा/व्यवासयमा आवद्ध रहेको पाइएको छ । जस मध्ये कृषि, मजदुरी, विद्यार्थी, बेरोजगारको संख्या प्रत्येक श्रेणिमा १० प्रतिशत भन्दा माथि रहेको छ । यसै गरि सवारी चालकको संख्या ८.० प्रतिशत, वैदेशिक रोजगारीमा रहेकाको ५.१ प्रतिशत रहेको छ । तथ्यांक विश्लेषण गर्दा अधिकांश आरोपित वा पीडक अनौपचारिक क्षेत्रमा आवद्ध रही पेसा/व्यवसाय गरेको देखिएको छ । आवद्धता अनुरुप आरोपित वा पीडकको पेसा/व्यवसायको विस्तृत विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

***तालिका ५.३: आरोपित वा पीडकको पेसा/व्यवसाय***

| पेसा/व्यवसाय | प्रतिशत | | पेसा/व्यवसाय | प्रतिशत |
|---|---|---|---|---|
| कृषि/किसान | १४.९ | | मेकानिक | १.१ |
| विवरण नभरेको | १३.१ | | ठेकेदार | ०.६ |
| मजदुरी | १२.६ | | इलेक्ट्रोनिक मर्मत | ०.६ |
| विद्यार्थी | ११.४ | | डुंगा चालक | ०.६ |
| बेरोजगार | १०.९ | | कलाकार | ०.६ |
| सवारी चालक | ८.० | | कवाडी संकलन | ०.६ |
| वैदेशिक रोजगार | ५.१ | | बिक्रेता | ०.६ |
| ब्यापारी | ४.० | | पेन्टर | ०.६ |
| होटल | २.३ | | सेवानिवृत | ०.६ |
| कर्मचारी | २.३ | | झाँक्री | ०.६ |
| शिक्षक | २.३ | | कसाईं | ०.६ |
| सुरक्षाकर्मी | १.७ | | बजार प्रबन्धक | ०.६ |
| सिलाई | २.३ | | सामाजिक कार्यमा | ०.६ |
| फर्निचर | १.१ | | | |


आरोपित वा पीडकले कारागार वा बालसुधार गृहमा बिताएको अधिकतम अवधि १४ वर्ष, न्यूनतम एक वर्ष र औसतमा २.९ वर्ष रहेको देखिएको छ ।

*तालिका ५.४: कारागार र बाल सुधारगृहमा बसेको अवधि (वर्ष)*

| विवरण | यस कारागार र बाल सुधारगृहमा बसेको अवधि) वर्ष) |
|---|---|
| अधिकतम | १४ |
| न्युनतम | १ |
| औसत | २.९ |


करिब ७४ प्रतिशत आरोपित वा पीडकले जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेसँग पहिला देखि चिनजान रहेको जनाएका छन् भनेका २५ प्रतिशतले थिएन भनि जवाफ दिएका छ (रेखाचित्र ५.५(।

**रेखाचित्र ५.५ जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेसँग पहिलादेखि चिनजान**




जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेसँग पहिलादेखि चिनजान रहेको जनाएका मध्ये करिब ४६ प्रतिशतले गाउँ टोलको, २० प्रतिशतले अरुनै गाउँ टोलको र करिब ११ प्रतिशतले नाता भित्रको भनि जवाफ दिएका छन् । चिनजान सम्बन्धि विस्तृत विवरण रेखाचित्र ३-६ मा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ३-६ जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेसँग चिनजान सम्बन्धि**




यदि ऊनीसँग पहिलादेखि चिनजान थिएन भने सो अवस्था कसरी आयो भन्ने प्रश्नमा निम्न प्रमुख कारणहरूले गर्दा सो अवस्था निम्तिएको आरोपित वा पीडकले जनाएका छन् ।

- खाजा खाने क्रममा, भेटघाट र घुम्न जाँदा
- झगडा/रिसीबीको कारण
- यात्राको क्रममा/लिफ्ट दिंदा
- शाथीको कारण
- च्याउ खोज्न जाँदा
- मोबाइल/सामाजिक संजाल मार्फत
- झारफुक गर्दा
- नाम पोलेर


यसैगरी उनी अहिले कहाँ छन् भन्ने प्रश्नमा करिब ३७ प्रतिशतले थाहा छैन भनि जवाफ दिएको र ५६ प्रतिशतले थाहा छ भनि जवाफ दिएका छन् । करिब ३ प्रतिशतले मृत्यु भएको भनेर जनाएका छन् भने करिब ५ प्रतिशतले यस सम्बन्धि विवरण भरेका छैनन् ।

**रेखाचित्र ५.७ जबर्जस्ती करणी वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउनेको हालको बसोबास सम्बन्धि जानकारी**





पीडित भनिएकी अथवा उनका तिरका मानिससँग सम्पर्क हुन्छ हुँदैन भन्ने प्रश्नमा ६३ प्रतिशतले हुँदैन भनेका छन् यसैगरी ३३ प्रतिशतले हुन्छ भनेका छन् । विवरण नभर्ने आरोपित वा पीडकको सङ्ख्या ३ प्रतिशत रहेको पाइएको छ (रेखाचित्र ५.५( ।

**रेखाचित्र ५.८ पीडित भनिएकी अथवा उनका तिरका मानिससँग सम्पर्क**





उक्त उक्त पीडित भनिएकी अथवा उनका तिरका मानिससँग कुराकानी हुने करिब ६३ प्रतिशत आरोपित वा पीडक मध्ये करिब ४६ प्रतिशतले धाक धम्कि पाएको भनि जवाफ दिएका छन् (रेखाचित्र ५.( ।

**रेखाचित्र ५.९ उक्त कुराकानिमा डर देखाउने, धाक धम्कि दिने सम्बन्धि**





करिब ८३ प्रतिशत आरोपित वा पीडकले यस्ता खाले व्यवहारमा सामेल हुँदा दिइने कानुनी दण्ड सजायका बारेमा पहिला नै जानकारी नभएको भनेका छन् । यसैगरी जानकारी थियो भन्ने आरोपित वा पीडकको संख्या १५ प्रतिशत रहेको छ भने विवरण नभर्नेको संख्या करिब २ प्रतिशत रहेको छ (रेखाचित्र ५.)।

**रेखाचित्र ५.१० कानूनि दण्ड सजायका बारेमा पहिला नै जानकारी सम्बन्धि**





अधिकांश घटनाका बारेमा आरोपित वा पीडक विरुद्ध पहिला उजुरी प्रहरी कार्यालयमा पर्ने गरेको देखिएको छ । यसका यसका अतिरिक्त करिब ३ प्रतिशत उजुरी अन्य निकायमा पर्ने देखिएको छ ।

**रेखाचित्र ५.११ पहिला उजुरी परेको निकाय**





८३ प्रतिशत आरोपित वा पीडकले उक्त उजुरी र आरोप आफ्नो गल्तीकै कारण होइन भनेका छन् भने करिब ११ प्रतिशतले आफ्नो गल्तीकै कारणले हो भनि स्वीकारेका छन् । यसैगरी करिब २ प्रतिशतले थाहा भएन भनी जवाफ भरेका छन् । विवरण नभर्नेको संख्या ४ प्रतिशत रहेको छ (रेखाचित्र ५.२)।

**रेखाचित्र ५.१२ उक्त उजुरी र आरोप आरोपित वा पीडकको गल्तीकै कारण हो होइन सम्बन्धमा**





६७ प्रतिशत आरोपित वा पीडकले आफ्नो मुद्दा चलिरहेको जनाएका छन् । यसैगरी २८ प्रतिशतले फरफारक भइसक्यो भनी जनाएका छन् । साथै विवरण नभर्नेको संख्या ४ प्रतिशत रहेको छ (रेखाचित्र ५. ()।

**रेखाचित्र ५.१३ मुद्दा चलिरहेको वा फरफारक भइसकेको अवस्था**





कुल चलिरहेको मुद्दा मध्ये करिब ४६ प्रतिशत जिल्ला अदालतमा, ३१ प्रतिशत सर्वोच्च अदालतमा र करिब २३ प्रतिशत उच्च अदालतमा चलिरहेको पाइएको छ (रेखाचित्र ५.)।

**रेखाचित्र ५.१४ मुद्दा चलिरहेको अदालतको सम्बन्धमा**




८३ प्रतिशत आरोपित वा पीडकले फैसलाले आफ्नो चित्त नबुझेको र न्याय नपाएको महसुस भएको बताएका छन् भने पाँच प्रतिशतले चित्त बुझेको भनि जनाएका छन् । यस प्रश्नमा ११ प्रतिशतले विवरण नभरी खाली छोडेका छन् (रेखाचित्र ५.) ।

**रेखाचित्र ५.१५ फैसलाले चित्त बुझेको वा न्याय पाएको महसुस भएको सम्बन्धमा**





## ५।२ जबर्जस्ती करणी उद्योग गर्नुका कारण

कारणलाई आरोपित पीडकको उमेर अनुसार बर्गिकरण गरेर हेर्ने प्रयास गरिएको छ ।

### ५.२.१ १८ वर्ष भन्दा मुनिकाको भनाई

१८ वर्षभन्दा मुनिका आरोपित वा पीडक मध्ये, ४० प्रतिशतले यस्तो व्यवहार गरेको छैन भनेका छन् । यसैगरी करिब २८ प्रतिशतले फसाइएको, १० प्रतिशतले सहमतिमा भएको, ५ प्रतिशतले रिसिबीको कारणले र वैवाहिक सम्बन्ध चित्त नबुझेर घरपरिवारले उजुरी दिएको भनि अर्को ५ प्रतिशतले जनाएका छन् । यस सम्बन्धी विस्तृत जवाफहरू रेखाचित्र ३.१६ मा प्रस्तुत गरिएको छ ।


**रेखाचित्र ३-१६ यस्तो व्यवहार किन गर्नु भयो भन्ने सम्बन्धमा (१८ वर्ष भन्दा मुनि)**




## ५.२.२ १८ देखि २५ वर्ष सम्मकाको भनाई

१८ देखि २५ वर्ष उमेरसम्म उमेर समूहका आरोपित वा पीडकमध्ये १७ प्रतिशतले यस्तो व्यवहार गरेको छैन, १३ प्रतिशतले फसाइएको ,अर्को १३ प्रतिशतले सहमतिमा, ११ प्रतिशतले पारिवारिक रिसिबीको कारणले भनि जवाफ दिएका छन् यसैगरी सहमतिमा गरेको ११ प्रतिशतले पारिवारिक रिसिबीको कारणले , अर्को ११ प्रतिशतले वैवाहिक सम्बन्ध चित्त नबुझेर घर परिवारले उजुरी दिएको, ९ प्रतिशतले प्रेम सम्बन्धका कारण र करिब ४ प्रतिशतले मादक पदार्थ सेवन भनि जनाएका छन् । सम्पूर्ण कारणहरू निम्न रेखाचित्रमा प्रस्तुत गरिएको छ ।


**रेखाचित्र ५.१७ यस्तो व्यवहार किन गर्नु भयो भन्ने सम्बन्धमा (१८ देखि २५ वर्ष सम्म)**




## ५.२.३ २५ वर्ष भन्दा माथिकाको भनाई

२५ वर्ष भन्दा माथिका आरोपित वा पीडकको हकमा मादक पदार्थ सेवन (१३ प्रतिशत) एक कारक तत्वको रुपमा रहेको देखिएको छ । एक तिहाईले गरेको छैन/फसिएको भनि जवाफ दिएका छन् । यसै गरि सहमतिमा गरेको भन्नेको संख्या ११ प्रतिशत र पारिवारिक रिसिबिको कारण भएको भन्नेको संख्या करिब १० प्रतिशत रहेको छ । प्रमुख सहित अन्य कारणहरू तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ५.१८ यस्तो व्यवहार किन गर्नु भयो भन्ने सम्बन्धमा (२५ वर्ष भन्दा माथि)**




उत्तरदाताबाट प्राप्त यस्तो व्यवहार हुनुको प्रमुख कारणलाई प्रतिनिधित्व गर्ने केही कथनहरु तल प्रस्तुत गरिएको छ ।

*“वैवाहिक सम्बन्ध राखेपछी गरेको व्यवहार हो । मेरो उसँग बाट १ छोरी पनि छ तर कानूनले जवरजस्ती करणी गरेको आरोप केटीको घरपरिवारले दिएको जाहेरीले गर्दा ”*

*“मैले यस्तो व्यवहार गरेको छैन भन्ने लाग्छ किनभने हामी एक अर्कालाई माया गर्थ्यौं र विवाह पनि गर्यौं विवाह गरिसकेपछि हुने यो प्राकृतिक प्रकृया नै थियो तर उसको परिवारबाट जातीय तथा वर्गिय भेदभावको कारण मलाई यो मुद्दा जवरजस्ती करणी भनी फसाएको छ । आफनै श्रीमती दुबैको राजीखुसीमा बनाएको सम्बन्ध कसरी जाहेज हुँदैन?”*

*“वैवाहिक सम्बन्ध घर परिवार चित्त नबुझेर केटीका घरकोले उजुरी हालीदिएको”*

*“जहेरी दिंदा यस जिल्लामा थिएन, मेडीकल रिपोर्ट नेगेटिव आउँदा पनी आरोप लगायो”*

*“संगै बसेर मद्यपान गर्दै थिए”*

*“१४ बर्षको बच्चाले १६ बर्षको केटीलाई ज.ज.क गर्न सक्छ । मैले ज.ज.क गरेको होइन”*

*“पीडितको उमेर एकिन नभएको र मलाई उमेर झुटा बोली, म विश्वाशमा परि विवाह गरेको कारण”*

*“धामी झाक्री उपचारको क्रममा आरोप लगेको”*

*“वास्तविक उमेर २१ भएको कारणले विवाह गर्दा नवालिक प्रमाणित गराई बाल विवाह करणी मुद्दा लागेको”*

हरेक उमेर समुहमा गरेको छैन र फसिएको हो भन्ने उत्तरदाताको संख्या उल्लेखनीय छ । येसैगरि सहमतिमा गरेको र वैवाहिक सम्बन्ध चित्त नबुझेर घर परिवारले उजुरी दिएको भनिएकाले सबै उमेर समुहमा प्रमुख कारक तत्व रहेको देखिएको छ । उमेर समुह अनुसार यस्तो व्यवहार गर्नु वा सो मा पर्नुको प्रमुख करणको रोलक्रम अनुसार तुलनात्मक प्रस्तुति निम्न तालिकामा गरिएको छ ।

***तालिका ५.५: उमेर समुह अनुसार यस्तो व्यवहारमा गर्नु वा पर्नुको प्रमुख करणको तुलना***


| क्र.सं | १८ वर्ष मुनि | प्रतिशत | १८ देखि २५ वर्ष | प्रतिशत | २५ वर्ष माथि | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | गरेको छैन | ४०.० | गरेको छैन | १७.० | गरेको छैन | २२.० |
| २ | फसाइएको | २७.५ | फसाइएको | १३.२ | मादक पदार्थ सेवन | १३.४ |
| ३ | सहमतिमा | १०.० | वैवाहिक सम्बन्ध चित्त नबुझेर घर परिवारले उजुरी दिएको | ११.३ | फसाइएको | ११.० |
| ४ | रिसिबिको कारण | ५.० | सहमतिमा | १३.२ | सहमतिमा | ११.० |
| ५ | वैवाहिक सम्बन्ध चित्त नबुझेर घर परिवारले उजुरी दिएको | ५.० | पारिवारिक रिसीबीको कारण | ११.३ | पारिवारिक रिसीबीको कारण | ९.८ |
| ६ | खेल्ने क्रममा | २.५ | प्रेम सम्बन्ध | ९.४ | वैवाहिक सम्बन्ध चित्त नबुझेर घर परिवारले उजुरी दिएको | ४.९ |
| ७ | नाबालिग | २.५ | बाल विवाह | ५.७ | प्रेम सम्बन्ध | ३.७ |
| ८ | नाम पोलेर | २.५ | मादक पदार्थ सेवन | ३.८ | जिस्किंदा | २.४ |
| ९ | पैसा दिएर यौन सम्बन्ध राखेको | २.५ | पार्टी गर्दा | १.९ | अन्जान व्यक्तिले आरोप लगायो | १.२ |
| १० | जवाफ नदिएको | २.५ | पैसा दिएर यौन सम्बन्ध राखेको | १.९ | आर्थिक लेनदेन | ३.७ |

| क्र.सं | १८ वर्ष मुनि | प्रतिशत | १८ देखि २५ वर्ष | प्रतिशत | २५ वर्ष माथि | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ११ | | | फलफूल दिंदा | १.९ | काखमा आएर बसेको | १.२ |
| १२ | | | मिलापत्र गर्न जाँदा ज.ज.क. बनाई दिएको | १.९ | छोड्न जाँदा | १.२ |
| १३ | | | लिफ्ट दिंदा | १.९ | जन्मदिनमा पैसा दिएको मात्र | १.२ |
| १४ | | | साथीको कारण | १.९ | बालबिवाह | २.४ |
| १५ | | | सामाजिक संजाल | १.९ | मुद्दा परिवर्तन | १.२ |
| १६ | | | जवाफ नदिएको | १.९ | यात्राको क्रममा | १.२ |
| १७ | | | | | सम्पतिको कारण | १.२ |
| १८ | | | | | साथीको कारण | १.२ |
| १९ | | | | | सामाजिक संजाल | १.२ |
| २० | | | | | जवाफ नदिएको | १.२ |

## ५।३ आरोपित वा पीडकमा परेका असरहरू

असी प्रतिशत आरोपित वा पीडकले हाल उनीहरूको परिवारसँगको सम्बन्ध राम्रो/ठिकै रहेको जनाएका छन् । यसैगरी १६ प्रतिशतले परिवारसँगको सम्बन्ध राम्रो नभएको जनाएका छन् भने ३ प्रतिशतले यस उत्तरको महल खाली छोडी विवरण भरेका छैनन् (रेखाचित्र ५.) ।


**रेखाचित्र ५.१९ हाल परिवारसँगको सम्बन्ध**




सो घटनाका कारण तपाईंको जीवनमा कस्तो असर परेको महसुस गर्नुभएको छ भनी गरिएको प्रश्नमा करिब ३७ प्रतिशतले स्वास्थ्यमा असर परेको, ५३ प्रतिशतले मानसिक तथा मनोसामाजिक असर परेको, करिब

५९ प्रतिशतले सो घटनाका कारण सामाजिक (परिवार र समाजले आफु प्रति गर्ने व्यवहारमा) असर परेको र ७८ प्रतिशतले आर्थिक (कमाइ र रोजगारीमा) असर परेको जनाएका छन् । यस प्रश्नमा उत्तर बहु विकल्पमा दिन सकिने भएकाले कुल प्रतिशत १०० भन्दा बढी हुन गएको छ ।

**रेखाचित्र ५.२० घटनाका कारण आरोपित वा पीडकको जीवनमा परेको असर**




उत्तरदाताबाट प्राप्त उनीहरूको जीवनमा परेको असरलाई प्रतिनिधित्व गर्ने केही कथन तल प्रस्तुत गरिएको छ ।


*"सबै डामाडोल ,जग्गा जमिन बैंकले लगो, परिवार सबै सडकमा आयो "*

*"अपहेलानामा परेको छु"*

*"विभिन्न किसिमको रोगले च्यापेको छ "*


आरोपित वा पीडकसँग अब पछाडिको आफ्नो जीवनका बारेमा के सोच्नुभएको छ भने गरिएको प्रश्नमा करिब २७ प्रतिशतले असल र राम्रो काम गर्ने भनेका छन्, करिब १६ प्रतिशतले सोचेको छैन/अन्योलमा रहेको बताएका छन्, करिब १५ प्रतिशतले परिवारसँग सुखी/खुसी हुने वा राख्ने भनेका छन्, १० प्रतिशतले काम/पेशा गर्ने लगायातका योजना बनाएको भनि जवाफ दिएका छन् । पछाडिको आफ्नो जीवनका बारेमा आरोपित वा पीडकले बनाएको सोच/योजना तलको रेखाचित्र ५. मा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ५.२१ पछाडिको आफ्नो जीवनका बारेमा के सोच्नु भएको छ सम्बन्धमा**




यस्ता खाले घटनामा सही पीडकलाई दिने सजायका बारेमा आरोपित वा पीडकसँग सोधिएको प्रश्नमा दिनुपर्छ/हुनुपर्छ भन्नेको संख्या ७० प्रतिशत रहेको छ। विपक्षीलाई दिनुपर्छ भन्नेको संख्या २ प्रतिशत रहेको छ (रेखाचित्र ५.२२) ।

**रेखाचित्र ५.२२ घटनाका सहि पीडकलाई दिने सजायका बारेमा**



# अध्याय ६
# निष्कर्ष र सुझावहरू

जबर्जस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटनाको न्यूनीकरण र निराकरण गर्न कुनै एक मात्रै निकायको प्रयासले सम्भव नहुने देखिन्छ । यसमा संघीय सरकारका मन्त्रालयहरू जस्तै महिला बालबालिका तथा जेष्ठ नागरिक, गृह, शिक्षा तथा प्रविधि, कानून तथा न्याय देखि कार्यान्वयन तहको पुलिस प्रशासन, न्यायलय, शैक्षिक निकाय, स्वास्थ्य सेवाका निकाय, नागरिक समाज र महिला सञ्जाल सबैको समान भूमिका हुने देखिन्छ । त्यसमा पनि तीनै तहका सरकारका निकायको भूमिका अहं रहने हुन्छ । यो अध्ययनको निष्कर्षका आधारमा राष्ट्रिय महिला आयोगले सम्बन्धित निकायमा महिला माथि हुने यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी जस्ता सामाजिक कूरीतिका विरुद्ध काम गर्न निम्न अनुसारका बिषयमा पहल गर्नु पर्ने सुझाव तय गरिएको छ ।

१ तथ्याङ्क सङ्कलन, अध्यावधीकरण र अनुसन्धान

- राष्ट्रिय महिला आयोग भित्र अनुसन्धान र नीतिगत पैरवी सेलको व्यवस्था गरी राष्ट्रिय महिला आयोगले सो सेललाई महिलासंग सम्बन्धित सबै खाले सूचना र तथ्याङ्कको बैङ्क वा स्रोत केन्द्रको रूपमा बिकास गर्नुपर्ने ।
- जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणमा यसका बिषयबस्तु समावेश गर्न पहल गर्ने।
- नेपाल प्रहरीका यस सम्बन्धी तथ्याङ्कको महिला आयोगले बहुपक्षीय उपयोगमा ध्यान दिनु पर्ने ।

२ कानूनी र नीतिगत पुनरावलोकन

- स्थानीय देखि केन्द्र सम्मका सरोकारवाला बहुपक्षीय निकायसंगको बहस पैरवी र अन्तर्कृयाका आधारमा आवश्यक कानूनी र नीतिगत कमिकमजोरीको परिमार्जन गर्न पहल गर्ने ।

३ सरकारी संरचनामा महिलासम्बन्धि सवालको मूलप्रवाहीकरण

- साविकको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको जिल्ला तह सम्मका महिला बिकास कार्यालय स्थानीय तहमा समायोजन पछि तल्लो तह सम्म महिला सशक्तीकरणका काममा शुन्यता आएको देखिएको छ । यसको परिपुर्ति गर्न राष्ट्रिय महिला आयोगले कम्तिमा प्रदेश तहमा आफ्ना कार्यालय स्थापना गरेर आवश्यक गतिविधि अगाडि बढाउनु पर्ने।
- संघीय महिला मन्त्रालय देखि पालिका तह सम्मले पनि यौनजन्य हिंसा र जबरजस्ती करणीमा अग्रभागमा र समन्वयात्मकरूपमा काम गर्नुपर्ने ।
- सेफ होम र बाल सुधार गृहको न्युनतम पुर्वाधार र सुविधामा ध्यान जानु पर्ने ।
- प्रत्यक अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC संग आवासीय सुरक्षित गृह राख्न पैरवि गर्ने र सबै स्वास्थ्य, शारीरिक, मानसिक, साथै कानूनी उपचारका सेवा एकै ठाँऊबाट उपलब्ध गराउन पहल गर्ने ।

- महिला हिंसा सम्बन्धि मुद्दा प्रहरीको सबै भन्दा तल्लो (चौकी) निकायमा जाहेरीकालागि आएमा तुरुन्तै उपल्लो निकायमा सिफारिस गरीहाल्ने प्रथा बसाल्न पहल गर्नुपर्ने ।
- स्थानीय न्यायिक समितिको क्षमता अभिबृद्धि गर्ने र महिला हिंसा र यौनजन्य दुर्व्यवहारका विरुद्ध प्रवर्धनात्मक/सचेतनाका कार्यक्रम सञ्चालन गर्न सकृय बनाउन पहल गर्ने ।
- आयोगको ११४५ हटलाईनको स्थानीय तह सम्म प्रभावकारी विस्तार गरिनु पर्ने ।

४ प्रवर्धनात्मक पक्ष कमजोर देखिएकोले कानूनी सचेतना लगायतका अभियानमुखी कार्यक्रमहरू सञ्चालन गर्ने

- स्थानीय र राष्ट्रिय तहका महिला अधिकारकर्मी संस्थाहरूसंग सहकार्य गर्ने ।
- तीनै तहका सरकारलाई महिला अधिकारका सवालमा उत्तरदायि बनाउने ।
- विद्यालयको पठ्यक्रममा यौनजन्य हिंसा र जबरजस्ती करणी सम्बन्धी पाठ्यसामग्री समावेश गर्ने ।
- विद्यालय तहमा यौन तथा प्रजनन् शिक्षामा यस्ता बिषय कानूनी पक्षसंग पनि जोडेर गहन रूपमा लागु हुनु पर्ने ।

## अनुसूचि १: जबरजस्ती करणीका विभिन्न बर्षका तथ्याङ्किय विवरण

| आर्थिक वर्ष | जवर्जस्ती करणी | करणी प्रयास | बाल यौन दुरुपयोग |
|---|---|---|---|
| ०५३/०५४ | ११२ | ३४ | — |
| ०५५/०५६ | १४१ | १८ | — |
| ०५६/०५७ | १८६ | ३३ | — |
| ०५७/०५८ | १२२ | ३५ | — |
| ०५८/०५९ | १२९ | २१ | — |
| ०५९/०६० | १५७ | १८ | — |
| ०६०/०६१ | १५४ | १९ | — |
| ०६१/०६२ | १८८ | २५ | — |
| ०६२/०६३ | १९५ | ३८ | — |
| ०६३/०६४ | ३१७ | ७० | — |
| ०६४/०६५ | ३०९ | ७३ | — |
| ०६५/०६६ | ३९१ | ७५ | — |
| ०६६/०६७ | ३७६ | १०१ | — |
| ०६७/०६८ | ४८१ | १५१ | — |
| ०६८/०६९ | ५५५ | १५६ | — |
| ०६९/०७० | ६७७ | २४५ | — |
| ०७०/०७१ | ९१२ | ४१४ | — |
| ०७१/०७२ | ९८१ | ५६२ | — |
| ०७२/०७३ | १०८९ | ४५२ | — |
| ०७३/०७४ | ११३१ | ५३६ | — |
| ०७४/०७५ | १४८० | ७२७ | — |
| ०७५/०७६ | २२३० | ७८६ | २११ |
| ०७६/०७७ | २१४४ | ६८७ | २३२ |
| ०७७/०७८ | २५३२ | ७३५ | २८१ |
| ०७८/०७९ | २३८० | ६५५ | ३१४ |

**श्रोत :** *महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय*

**प्रदेशअनुसार लैंगिक हिंसा सम्बन्धी अपराधको पछिल्लो पाँच वर्षको संख्यात्मक बिबरण (आ.ब २०७५/०७६-२०७९/०८०)**

२०७६/०७७

| | कोशी | मधेश | बागमती | उपत्यका | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुर पश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ज.ज.क | ४८५ | २८८ | २५६ | २६७ | १६१ | ३४८ | १३९ | २०० | २१४४ |
| मा.बे.वि.ज.ज.क. | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| अपहरण ज.ज.क. | ७ | १५ | ० | २ | ० | ७ | ० | ३ | ३४ |
| ज.ज.क.गरी कर्तव्यज्यान | १ | ० | ० | १ | ० | ० | ० | २ | ४ |
| **ज.ज.क. जम्मा** | **४९५** | **३०३** | **२५६** | **२७०** | **१६१** | **३५५** | **१३९** | **२०५** | **२१८४** |
| ज.ज.क.उ. | १६९ | ९५ | ८६ | ५२ | ६२ | ९९ | ५७ | ६७ | ६८७ |
| बहुबिबाह | १५४ | ८२ | ८७ | ९७ | ८४ | ८८ | ७८ | ६४ | ७३४ |
| बालबिबाह | ७ | १३ | ९ | ५ | ५ | ११ | ९ | ५ | ६४ |
| बोक्सीको आरोप | ७ | १७ | १ | ० | ४ | १ | २ | २ | ३४ |
| गर्भपतन | ३ | १२ | १ | २ | ३ | २ | ३ | ३ | २९ |
| जातीय छुवाछुत | ४ | २ | ६ | २ | २ | ४ | १ | ९ | ३० |
| अप्राकृतिक मैथुन | **९** | **६** | **२** | **१** | **५** | **२** | **१** | **१** | **२७** |
| बालयौन दुराचार/दुरुपयोग | **५८** | **३३** | **३७** | **२७** | **३१** | **३४** | **५** | **७** | **२३२** |
| घरेलु हिंसा | ५०८ | ३५२९ | ११२६ | २४५९ | ९३४ | १८५२ | ६२५ | ७०५ | ११७३८ |
| जम्मा | १९०८ | ४३९५ | १८६७ | ३१८५ | १४५२ | २८०३ | १०५९ | १२७३ | १७९४२ |

## २०७७/०७८

| | कोशी | मधेश | बागमती | उपत्यका | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुर पश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ज.ज.क | ६०२ | ३७५ | ३०० | २२७ | २०९ | ४३८ | १५५ | २२६ | २५३२ |
| मा.बे.वि.ज.ज.क. | २ | १ | ० | १ | ० | ० | २ | ४ | १० |
| अपहरण ज.ज.क. | ३ | ३३ | ७ | ३ | ० | १० | २ | ९ | ६७ |
| ज.ज.क.गरी कर्तव्यज्यान | १ | १ | ० | ० | ० | ० | ० | २ | ४ |
| ज.ज.क. जम्मा | ६०८ | ४१० | ३०७ | २३१ | २०९ | ४४८ | १५९ | २४१ | २६१३ |
| ज.ज.क.उ. | १६७ | ११५ | ८८ | ४० | ५६ | १३४ | ४६ | ८९ | ७३५ |
| बहुबिबाह | १७० | १०८ | ८२ | ७२ | ८१ | १३१ | ९७ | १११ | ८५२ |
| बालबिबाह | १३ | १२ | ९ | ३ | ८ | १० | १९ | १० | ८४ |
| बोक्सीको आरोप | ४ | २५ | १३ | ० | २ | ९ | ४ | ४ | ६१ |
| गर्भपतन | ५ | १० | १ | ३ | २ | ४ | १ | १ | २७ |
| जातीय छुवाछुत | ७ | १ | २ | ३ | १ | ६ | ४ | १५ | ३९ |
| अप्राकृतिक मैथुन | ८ | ८ | १ | २ | ३ | १० | १ | ३ | ३६ |
| बालयौन दुराचार/दुरुपयोग | ७७ | ३५ | ४७ | २८ | ३८ | ३४ | ३ | १९ | २८१ |
| घरेलु हिंसा | १२८० | ३५५६ | ११२६ | २७४५ | ११९६ | २३१८ | ८७२ | ११३९ | १४२३२ |
| जम्मा | २९४७ | ४६९० | १९८३ | ३३५८ | १८०५ | ३५५२ | १३६५ | १८७३ | २१५७३ |

## २०७८/०७९

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ज.ज.क | ५१२ | २८९ | २६५ | ३२३ | २११ | ३८९ | १५७ | २३४ | २३८० |
| मा.बे.वि.ज.ज.क. | ७ | ३ | १ | ० | ० | ८ | ० | ६ | २५ |
| अपहरण ज.ज.क. | ५ | ४८ | ३ | १ | ३ | १० | १ | २ | ७३ |
| ज.ज.क.गरी कर्तव्यज्यान | २ | २ | ० | ० | १ | ० | ३ | १ | ९ |
| बालबिबाह गरी ज.ज.क. | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ज.ज.क. जम्मा | ५२७ | ३४२ | २६९ | ३२४ | २१५ | ४०७ | १६१ | २४३ | २४८८ |
| ज.ज.क.उ. | १४१ | ९३ | ६९ | ३७ | ५० | १३० | ४२ | ९३ | ६५५ |
| बहुबिबाह | १४४ | १२१ | ९३ | ९१ | ४० | १५७ | ८१ | ८२ | ८०९ |
| बालबिबाह | १० | १० | २ | २ | ५ | ९ | १० | ४ | ५२ |
| बोक्सीको आरोप | ५ | २८ | ४ | १ | ० | ७ | २ | २ | ४९ |
| गर्भपतन | ९ | १६ | १ | २ | ३ | ६ | ० | ० | ३७ |
| जातीय छुवाछुत | ३ | १ | २ | १ | १ | ४ | ० | ३ | १५ |
| अप्राकृतिक मैथुन | ६ | ८ | ३ | १ | ५ | ६ | १ | १ | ३१ |
| बालयौन दुराचार/दुरुपयोग | ९९ | १७ | ४६ | ५५ | ३७ | ३७ | ११ | १२ | ३१४ |
| घरेलु हिंसा | १३३३ | ४४७३ | १५६८ | ३०५८ | १४०९ | २८६० | ९८३ | १३१६ | १७००० |
| जम्मा | २८०४ | ५४५१ | २३२६ | ३८९६ | १९८० | ४०३० | १४५२ | १९९९ | २३९३८ |

२०७९/०८०

| | कोशी | मधेश | बागमती | उपत्यका | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ज.ज.क | ५६७ | ३१६ | २६१ | ३१७ | १७९ | ३५३ | २०५ | १८९ | २३८७ |
| मा.बे.वि.ज.ज.क. | ३ | २ | ० | ० | ० | ० | २ | ३ | १० |
| अपहरण ज.ज.क. | ४ | ३३ | २ | ० | २ | १४ | २ | २ | ५९ |
| ज.ज.क.गरी कर्तव्यज्यान | १ | १ | १ | ० | ० | १ | ० | १ | ५ |
| ज.ज.क. जम्मा | ५७५ | ३५२ | २६४ | ३१७ | १८१ | ३६८ | २०९ | १९५ | २४६१ |
| ज.ज.क.उ. | ११४ | ७३ | ६७ | २९ | ३५ | ९१ | ४५ | ६४ | ५१८ |
| बहुबिबाह | १२१ | १२२ | ६८ | ७४ | ५२ | १३२ | ७४ | ८० | ७२३ |
| बालबिबाह | ९ | ९ | १ | ३ | १ | ८ | १६ | ५ | ५२ |
| बोक्सीको आरोप | ३ | ३२ | २ | ० | १ | २ | ३ | ० | ४३ |
| गर्भपतन | ५ | १३ | १ | ३ | ३ | ४ | १ | २ | ३२ |
| जातीय छुवाछुत | १ | २ | २ | १ | ३ | ८ | ४ | ६ | २७ |
| अप्राकृतिक मैथुन | ५ | ७ | ४ | ५ | ५ | ९ | ० | ० | ३५ |
| बालयौन दुराचार/दुरुपयोग | ९३ | २४ | ५७ | ६० | ३८ | ४५ | ८ | १८ | ३४३ |
| घरेलु हिंसा | १४७४ | ४९२३ | १३४२ | २८१६ | १०१३ | २८८८ | ८५५ | १२०८ | १६५१९ |
| जम्मा | २९७५ | ५९०९ | २०७२ | ३६२५ | १५१३ | ३९२३ | १४२४ | १७७३ | २३२१४ |

लैंगिक हिंसाको पछिल्लो चार वर्षको अवस्था र प्रबृत्ति

| **हिंसाका प्रकार** | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|
| ज.ज.क | २१४४ | २५३२ | २३८० | २३८७ |
| मा.बे.वि.ज.ज.क. | १ | १० | २५ | १० |
| अपहरण ज.ज.क. | ३४ | ६७ | ७३ | ५९ |
| ज.ज.क.गरी कर्तव्यज्यान | ४ | ४ | ९ | ५ |
| बालबिबाह गरी ज.ज.क. | ० | ० | १ | ० |
| **ज.ज.क. जम्मा** | **२१८४** | **२६१३** | **२४८८** | **२४६१** |
| ज.ज.क.उ. | ६८७ | ७३५ | ६५५ | ५१८ |
| बहुबिबाह | ७३४ | ८५२ | ८०९ | ७२३ |
| बालबिबाह | ६४ | ८४ | ५२ | ५२ |
| बोक्सीको आरोप | ३४ | ६१ | ४९ | ४३ |
| गर्भपतन | २९ | २७ | ३७ | ३२ |
| जातीय छुवाछुत | ३० | ३९ | १५ | २७ |
| अप्राकृतिक मैथुन | **२७** | ३६ | ३१ | ३५ |
| बालयौन दुराचार/दुरुपयोग | **२३२** | २८१ | ३१४ | ३४३ |
| घरेलु हिंसा | ११७३८ | १४२३२ | १७००० | १६५१९ |
| **जम्मा** | **१७९४२** | **२१५७३** | **२३९३८** | **२३२१४** |

# अनुसूची २: सूचना तथा तथ्याङ्क सङ्कलन प्रश्नावली

राष्ट्रिय महिला आयोगका लागि

त्रिभुवन विश्वविद्यालय, श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम तथा समाजशास्त्र केन्द्रीय विभाग

जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्थायसको कारण र असर तथा निवारणका ,
उपायहरू बिषयक अध्ययन

२०८१

सूचना सङ्कलन र छलफलका बिषयबस्तु सहितको प्रश्नावली

**नेपाल प्रहरी केन्द्रीय कार्यालय र मातहतका निकाय**

क. जिल्लाअनुसार बिगत पाँच बर्षको जबरजस्तीकरणी र यौनजन्य दुर्व्यवहारका घटनाको तथ्याङ्क र विवरण

ख. कार्यालयमा प्राप्त विवरण अनुसार त्यस्ता घटनाका कारणका बारेमा छलफल र जानकारी

ग. त्यस्ता घटनाका पिडकका बारेमा उपलब्ध विवरणका आधारमा छलफल
*(जस्तो उमेर, शिक्षा, पेसा, जात/जाति आदि)*

घ. दर्ता भएका घटनाको पुर्पक्ष कसरी हुने गरेको छ ?

- यस कार्यालयबाट अदालतमा मुद्दा चलाइएकाको सङ्ख्या (*अथवा प्रतिशतमा)* र फैसला र फैसला कार्यान्वयनको अवस्था
- प्रहरी कार्यालयको रोहबरमा मिलापत्र भएका (ज.क.का घटनामा प्रहरी कार्यालयमा मिलापत्र हुने गरे-नगरेको)
- कुनै कार्वाही अगाडि नबढेका
- अन्य

ङ. जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको कारण पीडितमा परेका निम्नानुसारका पक्षमा असरहरू के कस्ता देखिएका छन् ?

- आर्थिक
- सामाजिक
- मानसिक तथा मनोसामाजिक
- स्वास्थ्य

च. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको अन्त्य गर्नमा के कस्ता बाधा अवरोधहरू देखिएका होलान् ?

छ. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको अन्त्यका लागि अपनाउनु पर्ने ठोस उपायहरू के के हुन सक्लान् ?

जानकारीका लागि धेरैधेरै धन्यवाद !

राष्ट्रिय महिला आयोगका लागि

त्रिभुवन विश्वविद्यालय, श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम तथा समाजशास्त्र केन्द्रीय विभाग

जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्थायसको कारण र असर तथा निवारणका , उपायहरू बिषयक अध्ययन

२०८१

सूचना सङ्कलन र छलफलका बिषयबस्तु सहितको प्रश्नावली

समूहकेन्द्रित छलफल **(FGD),** प्रमुख सुचनादातासँगको छलफल **(KII)**

..............................

छलफल तथा प्रमुख सूचनादाताको लक्षित समुह निम्न अनुसार हुने छ ।

- जिल्ला अदालत,
- राष्ट्रिय महिला आयोगको उजुरी हेर्ने शाखा,
- लैङ्गिक हिंसा पीडितका लागि स्थापित पुनर्स्थापना केन्द्र, **(**महिला, बालबालिका र ज्येठ मन्त्रालय**)**
- एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC)
- जिल्ला प्रशासन कार्यालय
- स्थानीय न्यायिक समितिका पदाधिकारी, तथा
- विज्ञसँग समूह *(WOREC, INSEC, माईती नेपाल, पौरखी, शक्ति समुह, FWLD, विश्यास नेपाल, अमृतसार र अन्य महिला अधिकार संघ संस्था; जिल्ला र स्थानीय निकायमा महिला अधिकारका क्षेत्रमा काम गर्ने संघ संस्था र विज्ञ)*

..................

क. यो पालिका (गाँऊ, नगर, उपमहानगर र महानगर), जिला वा प्रदेश वा देशमा हुने गरेका जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारका घटनालाई कसरी हेर्ने ?

ख. यस्ता घटना घट्नुका पछाडि के कस्ता कारणहरू होलान् ?

ग. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहार अन्त्यका लागि तीनै तहका सरकारको भूमिका र प्रयासलाई कसरी हेर्न सकिन्छ ?

- स्थानीय सरकार - पालिकाहरूले गरेका प्रयास
- प्रदेश सरकारले गरेका प्रयास र पूर्णता
- संघीय सरकारले गरेका प्रयास र पूर्णता

घ. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहार अन्त्यका लागि नेपाल सरकारले गरेको नीतिगत, कानूनी तथा कार्यक्रमगत र संस्थागत प्रयासहरूलाई कसरी हेर्न सकिन्छ ?

- नीतिगत प्रयास र पूर्णता

- कानूनी प्रावधान र पूर्णता
- चलाईएका कार्यक्रम र तीनको प्रभावकारीता
- यो अभियानमा सम्लग्न संस्थागत संरचना र तीनको प्रभावकारिता

ङ. जबरजस्तीकरणीका पीडित र पीडक बिचको सम्बन्धलाई कसरी लिने वा हेर्न सकिन्छ ?

च. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको पीडामा परेकाले व्यहोर्नु पर्ने निम्न अनुसारका असरहरू कसरी हेर्न सकिन्छ ?
- आर्थिक
- सामाजिक
- मानसिक तथा मनोसमाजिक
- स्वास्थ्य

छ. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको अन्त्यमा के कस्ता बाधा अवरोधहरू देखिएका होलान् ?

ज. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको अन्त्यका लागि अपनाउनु पर्ने ठोस उपायहरू के हुन सक्लान्?

जानकारीका लागि धेरैधेरै धन्यवाद !

राष्ट्रिय महिला आयोगका लागि

त्रिभुवन विश्वविद्यालय, श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम तथा समाजशास्त्र केन्द्रीय विभाग

जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्थायसको कारण र असर तथा निवारणका ,
उपायहरू बिषयक अध्ययन

२०८१

सूचना सङ्कलन र छलफलका बिषयबस्तु सहितको प्रश्नावली

३. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारका पीडित संगको कुराकानीका बिषयबस्तु

यहाँ सोधिएका प्रश्नको उत्तर पीडित सँग प्रत्यक्ष सम्पर्क वा अन्तर्वार्ताका माध्यमबाट भन्दा नीजलाई आफै भर्न लगाएर लिने प्रयास गरीने छ । प्रश्नावली भर्ने वा नभर्ने स्वविवेकिय अधिकार नीज व्यक्तिको हुने छ, कुनै खाले करकापमा पारेर वा लोभलालच देखाएर उत्तर भर्न लगाइने छैन ।

क. पीडितको ब्यक्तिगत विवरण:

जात/जाती: ........................................................; हालको उमेरः ..............;

घटना हुँदाको उमेरः ..............; शिक्षा: ....................; वैवाहिक अवस्था: ..............;

ठेगाना: ..........................................................................;

यस पुनर्स्थापना केन्द्रमा बसेको अवधि: बर्ष:.............. ; महिना ........;

ख. पीडक संग पहिला देखि चिनजान थियो थीएन? ..........................

ग. यदि थियो भने ऊ तपाँईको आफ्नै गाँऊ टोलको, नाता भित्रको अथवा को हो?

- परिवारको सदश्य ..............
- गाँउ टोलको ..............
- नाता भित्रको ..............
- अरुनै गाँऊ टोलको ..............
- स्कुल/कलेजको साथी ..............
- आफू सरहै संगै काम गर्ने ..............
- आफू भन्दा माथिल्लो तहमा काम गर्ने ..............
- अन्य ..............

घ. यदि पीडक संग पहिला देखि चिनजान थीएन भने सो अवस्था कसरी आयो ?............................................

ङ. अहिले पीडक कहाँ छ, तपाँईलाई थाहा छ ? ....................................................................

च. उसले तपाँई संग यस्तो व्यवहार किन गरेको जस्तो लाग्छ ? ......................................................................

छ. पीडक अथवा उसका तिरका मानिस संग सम्पर्क हुन्छ ? .............................

ज. सम्पर्क हुँदा उसले वा उसका मान्छेले कस्ता कुरा गर्छन् ? .............................

झ. उक्त कुराकानिमा डर देखाउने, धाक धम्कि दिने पनि गर्छन्? ..............................

ञ. घटनाका बारेमा तपाईंको परिवारमा कतिबेला र कसरी जानकारी भयो? ................................................

ट. घटनाका बारेमा पहिला कहाँ उजुरी गर्नु भयो वा जाहेरी दिनु भयो? ................................................

ठ. उजुरी वा जाहेरी लिन कुनै आनाकानी वा बाधा अड्चन भयो भएन? ................................................

ड. मुद्दा अझै चलिरहेको छ कि फरफारक भैसक्यो? ................................................

ढ. यदि चलि रहेको भए कहाँ चलिरहेको छ? ................................................

ण. पीडकले कस्तो सजाय पाओस् भन्ने चाहानु हुन्छ ................................................

त. मुद्दा फरफारक भएको भए कसरी भएको हो? ................................................

थ. उक्त फैसलाले तपाँईको चित्त बुझेको छ, न्याय पाएको महसुस भएको छ? ....................................

द. हाल तपाँईको परिवार संगको सम्बन्ध कस्तो छ? ....................................

ध. सो घटनाका कारण तपाँईको जीवनमा निम्न पक्षमा कस्तो असर परेको महसुस गर्नु भएको छ?

- आर्थिक (*कमाई र रोजगारी*):
- सामाजिक (*परिवार र समाजले आफूप्रति गर्ने व्यवहार*):
- मानसिक तथा मनोसमाजिक:
- स्वास्थ्य: र

अन्य

न. यस्ता खाले पीडकलाई दिने सजायका बारेमा के भन्नु छ? ................................................

ऩ. अब पछाडीको जीवन कसरी अगाडि बढाउने सोच्नु भएको छ ? ................................................

प. अब अगाडिको जीवन सहज बनाउन सरकारले कस्तो खाले सहयोग गरिदिए हुन्थ्यो जस्तो लाग्छ? (तीनै तहका सरकार संगको चाहना टिपोट गर्ने) ................................................

फ. यस्ता घटना हुन नदिन विभिन्न तहबाट के कस्ता उपाय गर्नु पर्ला?

- व्यक्ति आफैले: ................................................
- परिवारले: ................................................
- गाँऊ समाजले: ................................................
- गाँऊ वा नगरपालिकाले: ................................................
- प्रहरी प्रशासनले: ................................................
- अन्य ................................................

अमुल्य समय र जानकारीकालागि धेरै धेरै धन्यवाद

राष्ट्रिय महिला आयोगका लागि

त्रिभुवन विश्वविद्यालय, श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम तथा समाजशास्त्र केन्द्रीय विभाग

जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्थायसको कारण र यसका असर ,
तथा निवारणका उपायहरू बिषयक अध्ययन

२०८१

सूचना सङ्कलन र छलफलका बिषयबस्तु सहितको प्रश्नावली

## ४. जबरजस्तीकरणी तथा यौनजन्य दुर्व्यवहारका पीडक संगको कुराकानीका बिषय बस्तु

यहाँ सोधिएका प्रश्नको उत्तर आरोपित पीडक सँग प्रत्यक्ष सम्पर्क वा अन्तर्वार्ताका माध्यमबाट भन्दा नीजलाई आफै भर्न लगाएर लिने प्रयास गरीने छ । प्रश्नावली भर्ने वा नभर्ने स्वविवेकिय अधिकार नीज व्यक्तिको हुने छ, कुनै खाले करकापमा पारेर वा लोभलालच देखाएर उत्तर भर्न लगाइने छैन ।

क. आरोपितको ब्यक्तिगत विवरण:

जात/जाती: ........................................................; हालको उमेरः ..............;

घटना हुँदाको उमेरः ...............; शिक्षा: .....................; वैवाहिक अवस्थाः ..............;

पेसा/व्यवसायः ................................;

ठेगानाः ..........................................................................;

यस कारागार र बाल सुधारगृहमा बसेको अवधिः बर्षः.............. ; महिना .........;

ख. तपाँईलाई जबरजस्ती करणि वा यौनजन्य दुर्व्यवहारको आरोप लगाउने संग पहिला देखि चिनजान थियो थीएन? थियो ...........; थिएन ...........

ग. यदि थियो भने ऊनी तपाँईको आफ्नै परिवार, नाता भित्रको, गाँऊ टोलको, अथवा को हो?

- परिवारको ..............
- नाता भित्रको ..............
- गाँउ टोलको ..............
- अरुनै गाँऊ टोलको ..............
- स्कुल/कलेजको साथी ..............
- आफू सरहै संगै काम गर्ने ..............
- आफू भन्दा तल्लो तहमा काम गर्ने ..............
- अन्य ..............

घ. यदि ऊनी संग पहिला देखि चिनजान थीएन भने सो अवस्था कसरी आयो ? ................................

ङ. अहिले ऊनी कहाँ छन्, तपाँईलाई थाहा छ ? ..................................................................

च. तपाँईलाई यस्ताखाले व्यवहारमा सामेल हुँदा दिईने कानूनि दण्ड सजायका बारेमा पहिलानै जानकारी थियो कि थिएन ? .............................

छ. तपाँईले यस्तो व्यवहार किन गर्नु भयो ? .............................

ज. उक्त पीडित भनिएकी अथवा उनका तिरका मानिस संग सम्पर्क हुन्छ ? .............................

झ. सम्पर्क हुँदा ऊनले वा ऊनका मान्छेले कस्ता कुरा गर्छन् ? .............................

ञ. उक्त कुराकानिमा डर देखाउने, धाक धम्कि दिने पनि गर्छन्? .............................

ट. सो घटनाका बारेमा तपाईंको परिवारमा कतिबेला र कसरी जानकारी भयो? ...............................................

ठ. घटनाका बारेमा तपाँईं बिरुद्ध पहिला कहाँ उजुरी परेको थियो? ...............................................

ड. उक्त उजुरी र आरोप तपाँईले गरेको गल्तीकै कारण हो की के हो? ...............................................

ढ. मुद्दा अझै चलिरहेको छ कि फरफारक भइसक्यो? ...............................................

ण. यदि चलि रहेको भए कहाँ चलिरहेको छ? ...............................................

त. मुद्दा फरफारक भएको भए कसरी भएको हो? ...............................................

थ. उक्त फैसलाले तपाँईको चित्त बुझेको छ, न्याय पाएको महसुस भएको छ? ..................................

द. हाल तपाँईंको परिवार संगको सम्बन्ध कस्तो छ? ..................................

ध. सो घटनाका कारण तपाँईंको जीवनमा निम्न पक्षमा कस्तो असर परेको महसुस गर्नु भएको छ?

- आर्थिक (*कमाई र रोजगारी*):
- सामाजिक (*परिवार र समाजले आफूप्रति गर्ने व्यवहार*):
- मानसिक तथा मनोसमाजिक:
- स्वास्थ्य: र

अन्य

न. तपाँईले अब पछाडिको आफ्नो जीवनका बारेमा के सोच्नु भएको छ ? ...............................................

ऩ. यस्ता खाले घटनाका सहि पीडकलाई दिने सजायका बारेमा के भन्नु छ? ...............................................

प. यस्ता घटना हुन नदिन विभिन्न तहबाट के कस्ता उपाय गर्नु पर्ला?

- व्यक्ति आफैले: ...............................................
- परिवारले: ...............................................
- गाँऊ समाजले: ...............................................
- गाँऊ वा नगरपालिकाले: ...............................................
- प्रहरी प्रशासनले: ...............................................
- अन्य ...............................................

अमुल्य समय र जानकारीकालागि धेरै धेरै धन्यवाद

# अनुसूची ३: अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालनमा बिभिन्न निकायको भूमिका र दायित्व

## खण्ड–४:
## विभिन्न निकायको भूमिका र दायित्व

### ४.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयअन्तर्गत सम्पर्क बिन्दुका रुपमा सामाजिक विकास तथा रुपान्तरण महाशाखा रहनेछ ।
- केन्द्रीयस्तरमा नीतिगत, निर्देशनात्मक एवम् समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- समस्या समाधान र बाधाअड्काउ फुकाउने कार्य गर्ने ।

### ४.२ राष्ट्रिय योजना आयोग

- आवधिक एवम् बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक हिंसाका विषयलाई प्राथमिकताका साथ समावेश गर्ने ।
- सरोकारवाला मन्त्रालय तथा संस्थाहरूबीच लैङ्गिक हिंसाबिरुद्ध नीति, योजना, कार्यक्रम तथा अनुगमन, मूल्याङ्कन सम्बन्धमा समन्वयकारी भूमिका खेल्ने ।
- विषयगत मन्त्रालयबाट प्राप्त लैङ्गिक हिंसासम्बन्धी बार्षिक योजनालाई समन्वयात्मक हिसाबले आर्थिक स्रोतको व्यवस्था गर्न सहयोग पुर्‍याउने ।

### ४.३ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई लैङ्गिक हिंसासम्बन्धी अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने ।
- अस्पतालमा कार्यरत चिकित्सकहरूलाई क्लिनिकल मेडिको लिगल सेवासम्बन्धी र स्टाफ नर्स तथा सम्बन्धित स्वास्थ्यकर्मीलाई मनोसामाजिक परामर्शसम्बन्धी तालिमको व्यवस्था गर्ने ।
- लैङ्गिक हिंसा बिरुद्ध समुदायस्तरमा जनचेतना जगाउन, सूचना शिक्षा तथा सञ्चारको विकास एवम् सम्प्रेषण गर्ने । साथै, रेडियो एवम् टेलिभिजनबाट प्रसारण गरिने सञ्चार सामग्रीहरूको विकास गर्ने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रद्वारा प्रदान हुने स्वास्थ्य तथा परामर्श सेवा सञ्चालनका लागि आवश्यक पर्ने निर्देशिका, प्रोटोकल, आदि तयार गरी लागू गर्ने ।
- मेडिको लिगल सेवा निर्देशिका, २०७५ कार्यान्वयन गर्ने/गराउने ।

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सञ्चालन एवम् कार्यसम्पादनबारे अनुगमन गरी सम्बन्धित निकायलाई सुझाव दिने ।
- लैङ्गिक हिंसासम्बन्धी सेवाको अभिलेख राख्ने र प्रगति प्रतिवेदन तयार गर्ने/गराउने ।

## ४.४ गृह मन्त्रालय

- जिल्ला प्रशासन कार्यालयमार्फत लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समितिको संयोजकको रूपमा कार्य गरी हिंसा पीडित तथा प्रभावितहरूलाई एकद्वारबाट सबै सेवाहरू उपलब्ध गराउन सहजीकरण गर्ने ।
- सम्बन्धित जिल्लामा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा आउने पीडितहरूका लागि सामाजिक तथा भौतिक सुरक्षाका लागि आवश्यक साधन, स्रोत तथा जनशक्तिको व्यवस्था गर्ने ।
- आवश्यकताअनुसार केन्द्र एवम् जिल्लामा रहेका प्रहरी कार्यालय र अन्य सरोकारवालहरूसँग समन्वय गरी लैङ्गिक हिंसा व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई सुरक्षा प्रदान गर्नका लागि जनशक्ति परिचालनमा सहयोग पुऱ्याउने ।
- आफू मातहतका विभाग, कार्यालयहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका लागि आवश्यक सहयोग एवम् समन्वयका लागि निर्देशन दिने ।

## ४.५ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

- लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूका लागि सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्नका लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने ।
- घर फर्कन नसक्ने अवस्था भएका र बेवारिसे एवम् मानसिक स्वास्थ्य समस्या भएका हिंसा पीडित बालिका, किशोरी र महिलाहरूका लागि दीर्घकालीन पुनर्स्थापना गर्नका लागि केन्द्रस्तर र प्रदेश तहमा सुविधासम्पन्न पुनर्स्थापना केन्द्र स्थापना गर्ने ।
- सङ्घीय तहमा सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय महिला आयोग तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय एवम् सहकार्य गरी लैङ्गिक हिंसा निवारणका लागि आवश्यक नीति, ऐन, नियमावली तथा कार्यक्रमहरू निर्माण एवम् परिमार्जन गर्ने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सुरक्षित आवासगृह र पुनर्स्थापना केन्द्रबीचको प्रेषण-प्रणाली विकास गरी प्रेषण व्यवस्थापनमा सहजीकरण गर्ने ।
- प्रदेश र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी लैङ्गिक हिंसा बिरुद्ध अभियानमूलक चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण गर्ने । लैङ्गिक हिंसा बिरुद्ध समदायस्तरमा जनचेतना जगाउने खालका सूचनाको विकास र सम्प्रेषण गर्ने ।

## ४.६ महान्यायाधिवक्ताको कार्यालय

- लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई जिल्ला सरकारी वकिलको कार्यालय र कानूनी सेवा प्रदान गर्ने अन्य निकायमार्फत प्राथमिकतापूर्वक निःशुल्क कानूनी सेवा उपलब्ध गराउन आवश्यक प्रवन्ध मिलाउने ।
- आफू मातहतका कार्यालयहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका लागि आवश्यक सहयोग एवम् समन्वयका लागि निर्देशन दिने ।

## ४.७ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूका लागि स्थानीयस्तरबाट गरिने क्रियाकलापहरूमा सहयोग पुऱ्याउन जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकासँग समन्वय र सहजीकरण गर्ने ।
- लैङ्गिक हिंसा बिरुद्ध समुदायस्तरमा जनचेतना जगाउने खालका सूचनाको विकास र सम्प्रेषण गर्ने ।
- आफू मातहतका कार्यालयहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका लागि आवश्यक सहयोग एवम् समन्वयका लागि निर्देशन दिने ।

## ४.८ प्रादेशिक सामाजिक विकास मन्त्रालय

- जिल्लाहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गर्नका लागि आर्थिक स्रोत, अभिमुखीकरण र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- प्रदेश मातहतमा स्थापना भएका एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको नियमित सञ्चालन तथा सुदृढीकरणका लागि आवश्यक आर्थिक स्रोत उपलब्ध गराउने ।
- सुरक्षित आवासगृह तथा पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनका लागि आर्थिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने ।
- स्थानीय तह, जिल्लास्थित सरोकारवाला निकायहरू तथा सङ्घीय मन्त्रालयहरूसँग समन्वय र सहकार्य गरी लैङ्गिक हिंसाविरुद्धमा जनचेतना अभिबृद्धि एवम् हिंसा पीडितको व्यवस्थापन गर्ने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको नियमित अनुगमन गरी हिंसा पीडितलाई सहजरूपमा एकद्वारबाट आवश्यक सेवाहरू उपलब्ध गराउने वातावरण सृजना गर्ने ।
- प्रदेशभित्र रहेका एकद्वार संकट ब्यबस्थापन केन्द्रहरूको बार्षिक समीक्षा गरी सिकाई तथा अनुभवहरू आदानप्रदान गर्ने ।

## ४.९ अस्पताल

- लैङ्गिक हिंसा पीडित वा प्रभावितहरूका लागि यस निर्देशिकाले तोकेबमोजिमका स्वास्थ्य उपचार, कानूनी प्रमाणका लागि चिकित्साजन्य नमूना संकलन, परीक्षण र संरक्षण गर्ने ।

- आधारभूत प्रयोगशाला सेवा उपलब्ध गराउने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई लैङ्गिक हिंसासम्बन्धी अभिमुखीकरण तथा तालिम प्रदान गर्ने ।
- हिंसा पीडित वा प्रभावितहरूलाई थप उपचारका लागि माथिल्लो अस्पतालमा प्रेषण गर्ने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका लागि यस निर्देशिकामा तोकिएको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्था गर्ने ।
- लैङ्गिक हिंसासम्बन्धी सेवाको अभिलेख राख्ने र प्रतिवेदन तयार गरी प्रदेश सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पठाउने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समितिको सचिवालयको रूपमा कार्य गर्ने ।
- चिकित्सकले नमूना प्रयोगशालामा पठाउँदा के प्रयोजनका लागि हो सो उल्लेख गर्ने । प्रयोगशालाले प्राथमिकता दिई त्यस्ता नमूनाहरूको परीक्षण गरी प्रतिवेदन उपलब्ध गराउने ।
- प्रयोगशालाले परीक्षण गरेका नमूनाहरू र बाँकी रहेका नमूनाहरू आवश्यक परेको खण्डमा पुन:परीक्षण गर्नका लागि सुरुको मुद्दा हेर्ने न्यायिक निकायबाट फैसला नभएसम्म सिलबन्दी गरी सुरक्षित राख्ने ।
- कानूनी प्रमाणका लागि विधि-विज्ञान तथा मेडिको लिगलसम्बन्धी परीक्षण गरी अभिलेखीकरण गर्ने ।
- अस्पताल एवम् प्रयोगशालाले मेडिको लिगलसम्बन्धी र अन्य प्रतिवेदनहरू गोपनीयताका साथ राख्ने ।
- परीक्षण गर्ने चिकित्सकले मन्त्रालयबाट स्वीकृत ढाँचाअनुसार प्रतिवेदन तयार गरी सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराउनुपर्ने छ र सो प्रतिवेदनको एक प्रति केन्द्रमा राख्ने ।
- सम्बन्धित चिकित्सक वा अस्पतालबाट तोकिएका चिकित्सक अदालतमा गई वकपत्र गर्ने ।

## ४.१० जिल्ला प्रशासन कार्यालय

- लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई एकद्वारबाट सेवा उपलब्ध गराउन गठित लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समितिको संयोजन गर्ने ।
- जिल्लामा भएको सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनको अनुगमन तथा निरीक्षण गर्ने ।

- लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूका लागि आवश्यक सुरक्षा प्रदान गर्न प्रहरी परिचालन गर्ने ।
- लैङ्गिक हिंसा पीडितका लागि आवास गृह संचालन तथा उनीहरूको पुनर्स्थापनाका लागि आवस्यक आर्थिक परिचालन गर्न सहजीकरण गर्ने ।

## ४.११ जिल्ला प्रहरी कार्यालय

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्रको सुरक्षा तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि आवश्यक कानूनी प्रक्रिया पूरा गर्न महिला प्रहरीलाई खटाउने व्यवस्था गर्ने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा हिंसा पीडित वा प्रभावितबाट पर्न आएको उजुरी सम्बन्धित प्रहरी कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाउने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, आवास गृह र पुनर्स्थापना केन्द्रमा आएका पीडित वा प्रभावितहरूको सुरक्षा तथा गोपनीयताको सुनिश्चतता गर्ने ।
- मातहतका सबै प्रहरी कार्यालयहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, आवास गृह र पुनर्स्थापना केन्द्रबाट उपलब्ध हुने सेवाहरूका बारेमा जानकारी गराउने ।
- हिंसा पीडित वा प्रभावितहरूलाई सुरक्षा प्रदान गर्नुका साथै सम्बन्धित आवास गृह तथा पुनर्स्थापना केन्द्रमा सुरक्षित रूपमा पु¥याउने व्यवस्था मिलाउने ।
- हिंसा पीडित तथा प्रभावितहरूप्रति सकारात्मक सोचको विकास गरी लैङ्गिक हिंसाबाट पीडितहरूको आवश्यक जाँचबुझ गर्ने र पीडकलाई कानूनी कारवाहीको दायरामा ल्याउने ।

## ४.१२ जिल्ला सरकारी वकिलको कार्यालय

- आवश्यकतानुसार एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, आवासगृह तथा पुनर्स्थापना केन्द्रमा नै उपस्थित भएर हिंसा पीडित वा प्रभावितहरूलाई कानूनी परामर्श प्रदान गर्नुका साथै यथाशक्य छिटो कानूनी उपचारको व्यवस्था मिलाउन सहयोग गर्ने ।
- हिंसा पीडित तथा प्रभावितहरूका मुद्दाहरूलाई अदालत वा अन्य न्यायिक निकायहरूमा लैजानु परेमा प्राथमिकताका साथ पेश गरी बहस पैरवी गर्न सहयोग गर्ने ।

## ४.१३ जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका

- लैङ्गिक हिंसा पीडित वा प्रभावितहरूका लागि सुरक्षित आवास गृह तथा पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने ।
- लैङ्गिक हिंसा सम्बन्धमा समुदायस्तरमा सञ्चालन गरिने विभिन्न क्रियाकलापहरूका लागि  आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।
- आफ्नो मातहतका कर्मचारीलाई लैङ्गिक हिंसासम्बन्धी अभिमखीकरण गर्ने ।

- आवधिक तथा बार्षिक योजनामा लैङ्गिक हिंसा बिरुद्धका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गर्ने ।
- जिल्ला समन्वय समितिले एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सुरक्षित आवास गृह तथा पुनर्स्थापना केन्द्र सञ्चालनका लागि नगरपालिका र गाउँपालिकाबाट आवश्यक आर्थिक स्रोत उपलब्ध गराउन समन्वयकारी भूमिका खेल्ने ।

## ४.१४ गैह्र–सरकारी संस्था एवम् सामुदायिक संस्थाहरू

- सुरक्षित आवास गृह तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने एकद्वार सङ्कट व्यवस्थापन केन्द्रसँग सहकार्य गरी हिंसा पीडित तथा प्रभावितहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउन आवश्यक सहयोग जुटाउने ।
- लैङ्गिक हिंसा बिरुद्ध समुदायस्तरमा जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सामुदायिक संस्थामार्फत लैङ्गिक हिंसा बिरुद्ध सामाजिक परिचालन गर्ने ।
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट प्रदान गरिने सेवाहरूका बारेमा लक्षित समूहसम्म सूचना प्रवाह गर्ने ।
- हिंसा पीडित तथा प्रभावितहरूलाई परिवारमा पुनर्स्थापना गर्न वा आत्मनिर्भर बनाई समाजमा पुनर्स्थापना गर्न आवश्यक मानवीय, भौतिक र वित्तीय सहयोग पुऱ्याउने ।
- पुनर्स्थापित व्यक्तिमाथि थप हिंसा भए नभएको नियमित निगरानी एवम् अनुगमन गरी सहयोग पुऱ्याउने ।
- स्थानीय निगरानी समूह गठन भएको स्थानहरूमा सो समूहहरूको अगुवाईमा हिंसा पीडित तथा प्रभावित व्यक्तिलाई संरक्षण गर्ने ।
- लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समितिसँग समन्वय गरी माथि उल्लेखित कार्यहरू गर्ने ।

## अनुसूची ४: कान्तिपुर राष्ट्रिय दैनिकमा २०८० बैशाख १ देखि चैत्र मसान्त सम्म प्रकासित जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका समाचार

| क्र. स. | जिल्ला | घटनाको मिति | बलात्कार वा यौनजन्य हिंसाका घटनाको विवरण | पेज |
|---|---|---|---|---|
| जेठ | बुटवल | २०८०।०२।०९ | पीडित श्रीमती जुना र पीडक श्रीमान गणेश<br>पेटमा बच्चा हुदा लोग्नेको हिंसाको शिकार भएर आफू र बच्चाको नोक्सान भएको । सुत्केरी (११ दिनअघिपछि) यौन सम्बन्ध पार्न वाध्य बनाएको । माईतिको सहयोगमा घरेलु हिसांविरुद्द उजुरी गर्न सफल । तर छोराछोरीको मायाले छोडन नसकेर मुद्दा टुङगिएको छैन। | ०७ |
| | रुपन्देही (जानकीनगर) | २०८०।०२।०९ | पीडित श्रीमती सुनिता र पिडक श्रीमान श्याम<br>पतिको हिंसा सहन नसकेर बुटवल प्रहरीमा उजुरी गरेको । हिंसाको प्रकार: उत्तेजनामा आउदा चिथोर्ने, चिमोटने, दवाउने जस्ले गर्दा शरीरभरी घाउ भईरहने । | |
| असार | अछाम | २०८०।०३।०४ | पीडित किशोरी<br>उदयपुरबाट काठमाण्डौं घुम्न आएकी १५ बर्षीय बालिका मदिरा खुवाई बलात्कार गरेको छ। | |
| | काठमाणडौं | २०८०।०३।२२ | पीडक - पोखरा ४ घर भएका ४९ वर्षीय सुदन बहादुर कोईराला<br>फागुन १०,२०७८ मा आफूमाथि बलात्कार भएको भन्दै पीडकलाई पुर्पक्षका लागि थुनामा पठाएको। विवाह गर्ने र आर्थिक सहयोग को प्रलोभन देखाएर मुद्दा फिर्ता गर्न लगाउन बाध्य । मुद्दा उल्टै फेरियो र किशोरी ३ वर्ष सजाय काटन वाध्य । किशोरीले आफ्नो तर्फबाटपनि पुनरावेदन अदालत जान सबैसंग अनुरोध गरेकी । मूलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३७ मा १० वर्षभन्दा कम | |

| | | | | |
|---|---|---|---|---|
| | | | सजाय व्यक्तिले थुनामा नबसि पुनरावेदन गर्न पाउने व्यवस्था छ। जेल चलानको फैसला विरुद्द सवार्धिक विरोध पश्चात पिडितलाई राज्यको सहानुभूति र न्यायधिशको फैसला मै त्रुटि भएको भन्दै किशोरीको जेल चलान रोकियो । | |
| | काठमाण्डौं | २०८०।०३।२२ | पिडक - बाग्लुङ बडिगाँउ गाउपालिका -६, हाल ललितपूरमा बस्ने अशोक परियार<br>पीडित - कुपोन्डोल बस्ने २२ वर्षीय<br>गणित शिक्षकद्दारा बिद्यार्थी बलात्कार भएकी छन। | ०३ |
| साउन | काठमाण्डौं<br>सिनामंगल स्थित घरमा | २०८०।०४।१२ | पीडित - रामेछाप बाट १० कक्षा सकेर काठमाण्डौं आकी किशोरी<br>पिडक- ईन्जिनियर हरिकुमार पोखरेल<br>काठमाण्डौं बस्ने पोखरेलले आर्थिक अभावको कारणले काम गर्न बाध्य महिला प्रति बारम्मबार यौन दुर्व्यहार गरेको । पोखरेलको श्रीमतीलाई जानकारी भएपचाश्त पछि थाहा हुदाहुदै पनि उल्टै पिडितलाई डराएको र लालछना लगाएको देखिन्छ । असार १७ मा पिडित संग प्रमाण हुदाहुदै पनि गौशला प्रहरीले जाहेरी लिन नमानेको र अन्य ठाउमा पनि यसरी झुलिनु परको । सामाजिक संजालमा टिकटक भिडियो मार्फत पिडितले साथ सहयोग र समर्थन पाएको । सावन ५ मा जिल्ला प्रहरी परिसर काठमाण्डौं (टेकु) जाहेरी दर्ता भएको छ र सावन ८ मा जिल्ला अदालत काठमाण्डौंले पक्राउ पुर्जी जारी गरेको । तर पिडकले सावन ५ मा नै उच्च अदालत बाट पक्राउ नगरिनु पर्ने अन्तरिम आदेश लिइसकेका थिए । फौजदारी प्रकृतिको विबादमा कानूनबमोजिम जाहेरी लिई कारबाहि गर्नुपर्ने प्रकृतिको दायित्वको बिषयमा बाहेक निबेदक र बिपक्षिबिचको देवानी प्रकृतिको व्यक्तिगत सम्बन्धको बिबादको बिषयलाई लिएर निवेदकलाई पक्रउ नगर्नु र नगराउनु भनि अन्तरिम आदेश जारी भएको । यसरी प्रमाण मेटाउन खोजेको भगाउन खोजेको पक्राउ गर्न नखोजेको बिभिन्न कारणले गर्दा मन्त्रालय समेत पुगेकी बारम्बार यौन दुर्व्यहार खेपेकी महिलाले पाइनन् न्याय । | ०५ |

| | | | | |
|---|---|---|---|---|
| भदौ | सप्तरी राजबिराज | २०८०।०५।११ | पीडित - कैदी महिला र पिडक- प्रहरी अधिकृत<br>महिला हिराशतमा भएको बेला प्रहरी अधिकृत बाट नै बलात्कार भएको छ। केहि महिना पछि उपचारको क्रकमा पिडित महिलाले घटना बारेमा बताएको । घटना सार्वजनिक भएपछि प्रविण पोखरेल नेतृत्वको ५ सदस्यीय टोलीले छानविन शुरु गरेको । यसरी जबरजस्ती करणीमा परेका महिलाको उपचारमा मनोबिमर्श लगायत कानूनी उपचारका लागि सोचिनु पर्ने । भदौ १४ साझ ६ बजेतिर स्थनिय सरस्वति माबि हातामा बोलाएको र नजिकै जंगलमा लगि बलात्कार गरेको, कसैलाई भन्दा मार्छु भन्ने धम्की दिएका छन। | ०५ |
| | बझाङको मष्टा गाउपलिका १ | २०८०।०५।३० | स्थानिय ३ किशोरबाट १२ र १३ वर्षका २ बालिका बलात्कार भएको | |
| असोज | अछाम ढकरी गाउपालिका | २०८०।०६।१६ | पीडित ५ वर्षीय बालीका (बहिनी) र प्रत्यक्षदर्शी १० वर्षीय बालीका (दिदी),<br>पीडक १८ वर्षीय पुरुष<br>आमा ४ छोरी र एक छोरा छोडेर प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गतको काममा गएको बेला ५ बर्षीय छोरीमाथि बलात्कारको प्रयास भएको । श्रीमान भारत काम गर्न गको र सहयोगका लागि अपिल गर्दै गाउलेलाई कुरका भन्दा उल्टै मेलमिलाप गर्न भनेको। श्रीमान भारतबाट बोलाएर कुरा प्रहरी सम्म पुगेको । गाउका टाठाबाठाले समाजमा एक्लो बनादिएका, आर्थिक पक्ष कमजोरीले १०ओ पटक सम्म अदालत मंगलसेन धाउनु पनि कष्टकर रहेको । पिडक पक्षले डराउने, धमकाउजे, आर्थिक प्रलोभन देखाउने कार्य हुदाहुदै पनि प्रत्क्षयदर्शीको सत्य बयान बकसपत्रमा गएको। तर समाजमा एक्लो हुने डर, मुद्दामामिला गर्दा लाग्ने खर्च, केटापक्षको दबाब सबैले पिडित पक्षलाई सहमतीमा पुग्न मजबुर गरेको । सम्बन्धित वकील भन्छन बिभिन्न कारणले अदालत सम्म पुग्दाको अवसथासम्म होस्टायल भइदिने । गम्भिर प्रकृतिका ७ वटा मद्दामा स्थानीय प्रतिनिधि नै होस्टायलको पक्षमा उभिदिने। | |

| | | | | |
|---|---|---|---|---|
| कार्तिक | नवलपरासी<br>प्रतापपूर गाउपालीका -<br>९<br>बेलटारीका | २०८०।०७<br>।२५ | पीडक लुम्बिनी प्रदेशका तत्कालिन सामाजिक विकास मन्त्री चन्द्रकेश गुप्ता<br>पीडित निज गुप्ताकी श्रीमती कान्तीकुमारी<br>सामाजिक विकास मन्त्रीले श्रीमतीलाई घरबाट निकालेको। श्रीमतीले हिंसा भएको भनि महिला आयोगमा उजुरी गरेको छ। बिहे भएको ५ वर्ष नपुग्दै शारिरीक र मानसिक हिंसा सहन नसकेर २ बच्चा सहित माईतघरमा बस्न बाध्य । पटक पटक दाईजो लिएका सुत्केरी व्यथा हुदा पनि साथ नहुने दुःख भोगरहेकी माईली छोरी कान्तीकुमारी । डिभोर्स दिने धम्की, कुटपिट गर्ने, चुनावको बेला पटक पटक पैसा माग्ने इत्यादि कार्य भइरहेका। महिला आयोगमा उजुरी पश्चात मेलमिलाप भएको तर अझै बिश्वासको वातावरण नरहेको भनि बुवा प्रेमचन्द गुप्ताले उजुरी फिर्ता नलिएको अवस्था। | ०३ |
| पुस | अछाम तुर्माखाँद<br>गाउँपालिका ५ | २०८०।०९<br>।१० | पीडित १६ बर्षिय किशोरी र पीडक सर्प बिक<br>१६ बषीय किशोरी बजारबाट घर फर्किदा बाटोमा मदिरामा मस्त बिकले बलात्कार भएको र किशोरीले आत्महत्याको प्रयास गरेको । घटना घटिसकेपछि जनप्रतिनिधि लगायत अरुले पैसा लिएर मुद्दा मिलाउने कुरा जोड । पिडित किशोरीले नमानेपछि वडा सदस्य सहित गाउमा छलफल शुरु भयो र ती युवकलाकइ प्रहरीले नियन्त्रणमा लिएको छ। | ०६ |
| | काठमाणडौं | २०८०।०९<br>।१४ | पीडित- नाम परिवर्तित गौशला २६ र पीडक - क्रिकेटर सन्दीप लामिछाने<br>नाबालिक किशोरीको बलात्कार भएको जहा किशोरीको आर्थिक पक्ष कमजोर र लामिछानेले त्यसको फाइदा उठायो भन्दै बलात्कारी घोषित भए । २०७९ भदौ २१ मा उजुरी परेको र २० लाख धरौटिमा देश बाहिर जान नमिल्ने गरि छुटेका र पुनः सर्वोच्चमा परेको रीटको आधारमा शर्तसहित क्रिकेटका देशभित्र बाहिर गर्दागर्दौ १४ महिनापछि काठमाणडौं जिल्ला अदालतद्वारा बलात्कारमा दोषि ठहर भएका थिए | ०७ |
| माघ | बर्दिया,<br>नपा ८, राजापुर | २०८०।१०<br>।२१ | जिल्ला प्रहरी कार्यालयद्वारा ४ जना आरोपितलाइ पक्राउ गरेको छ। १५ बर्षीय किशोरीलाई नेपालगन्ज स्थित दाजु पर्नेको घरमा लगेर पटक पटक बलात्कार गरेको । | ०६ |

| | | | | |
|---|---|---|---|---|
| चैत | काठमाणडौं | २०८०।१२।२२ | पीडित - न्यायधिसकी श्रीमती भारती गिरी र पीडक - न्यायधीश भुवन गिरी गिरीको श्रीमतीले आफुमाथि बलात्कार भएको उल्लेख गर्दै २०७९ मंसीर २ मा उजुरी गरेको हिंसा हेर्दा पटक-पटक बन्धक बनाएर कुटपिट, घरेलु हिंसा, अप्राकृतिक मैथुन गरेको । | ०९ |

## सन्दर्भ सामग्री


नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय (२०७६) । *मुलुकी अपराध संहिता, २०७४ (**मिति २०७६ साल जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको**)*। सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय (२०७६) । *मुलुकी देवानी संहिता, २०७४ (**मिति २०७६ साल जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको**)*। सिंहदरबार, काठमाडौं ।

नेपाल प्रहरी प्रधान कार्यालय (२०८०) । *लैङ्गिक हिंसाको बार्षिक तथ्यपत्र (Fact Sheet) आ.ब. २०७९/०८० को श्रावण देखि अक्षाढ मसान्त सम्म* । नक्साल काठमाडौं : नेपाल प्रअरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।

नेपाल प्रहरी प्रधान कार्यालय (२०७९) । *लैङ्गिक हिंसाको बार्षिक तथ्यपत्र (Fact Sheet) आ.ब. २०७८/०७९ को श्रावण देखि अक्षाढ मसान्त सम्म* । नक्साल काठमाडौं : नेपाल प्रअरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।

नेपाल प्रहरी प्रधान कार्यालय (२०७८) । *लैङ्गिक हिंसाको बार्षिक तथ्यपत्र (Fact Sheet) आ.ब. २०७७/०७८ को श्रावण देखि अक्षाढ मसान्त सम्म* । नक्साल काठमाडौं : नेपाल प्रअरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।

नेपाल प्रहरी प्रधान कार्यालय (२०७७) । *लैङ्गिक हिंसाको त्रि-बर्षिय तथ्यपत्र (Fact Sheet) आ.ब. २०७४/०७५ देखि २०७६/०७७ सम्म* । नक्साल काठमाडौं : नेपाल प्रअरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।

महान्यायधिवक्ताको कार्यालय, (२०८०) । बार्षिक प्रतिवेदन आ.ब. २०७९/०८० । काठमाडौं महान्यायधिवक्ताको कार्यालय ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, (२०७९) । *लैङ्गिक हिंसा निवारण सम्बन्धि कानूनी संगालो* । काठमाडौं : नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, (२०७७) । अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका २०७७ । काठमाडौं : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

संयुक्त राष्ट्र जनसङ्ख्य कोष र महिला कानून र बिकास मञ्च (---) । ***यौनजन्य दुर्व्यवहार बिरुद्धको कानून सम्बन्धी जानकारी पुस्तिका*** । काठमाडौं: संयुक्त राष्ट्र जनसङ्ख्य कोष र महिला कानून र बिकास मञ्च ।

युएनडीपी (२०७४) । ***लैङ्गिक हिंसा र कानूनी उपचार*** (तेस्रो संस्करण २०७४)। काठमाडौं : कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम (Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP) ।

Burnett, A. (2016). Rape Culture. In book: The Wiley Blackwell Encyclopedia of Gender and Sexuality Studies. DOI: 10.1002/9781118663219.wbegss541.

Chaudhury, S., Bakhla, A.K., Murthy, S.P., & Jagtap, B. (2017). Psychological Aspects of Rape and Its Consequences, *Psychology and Behavioral Science International Journal*, ***Volume 2*** Issue 3, pp. 01-07. DOI: 10.19080/PBSIJ.2017.02.555586.

McKibbin, W.F., Shackelford, T.K., Goetz, A.T., & Starratt, V.G. (2008). Why Do Men Rape? An Evolutionary Psychological Perspective, *Review of General Psychology*, Vol. 12, *No. 1*, pp. 86–97. The American Psychological Association. DOI: 10.1037/1089-2680.12.1.86.

Ministry of Health and Population [Nepal], New ERA, and ICF. (2023). Nepal Demographic and Health Survey 2022. Kathmandu, Nepal: Ministry of Health and Population [Nepal].

Reshma J K, Punnya M Pillai, Peeka Rajeevi, Sreekutty C R, Eslavath Rajkumar, Allen Joshua George & R Greeshma (2022). Socio-cultural and psychological aspects of rape: Perspectives of young men from Kerala, Cogent Social Sciences, 8:1, 2064589, DOI: 10.1080/23311886.2022.2064589.

Tjaden P, Thoennes N (2000). Extent, Nature, and Consequences of Intimate Partner Violence. Findings From the National Violence Against Women Survey. NIJ, Washington 1-55.

University of New Hampshire (nd…). **Sexual Harassment & Rape Prevention Program (SHARPP)**. https://www.unh.edu/sharpp/prevention/rape-culture.